# शुभारम्भ



## डा. विदुर चालिसे

कथाकार गङ्गा कर्माचार्य पौडेलको दोस्रो लघुकथासङ्ग्रह 'अखबार'मा सङ्ग्रहित तिसओटा लघुकथाहरूले वर्तमान सामाजिक परिवेशको औपचारिकताका विवशता, विश्वास, मोबाइल, अखबार, पश्चाताप आदिजस्ता विषयमा प्रायः लघुकथाका विषयवस्तु केन्द्रित भएका पाइन्छन् । लघुकथाको कथ्यता शेली पूर्णतः व्यङ्ग्य ढाँचामा शीर्षक र सन्देशकै बिचमा व्यङ्ग्यको चोट प्रकट भएको छ। साथै प्रायः व्यञ्जना अर्थमा लघुकथाको बुनौटशृङ्खला सजिएको भेटिन्छ । बौद्धिकताको कसीमा भाव र सन्देशका बिचमा लघुकथाहरू प्रशस्त सजिएका छन् । लघुकथाको आयामिक ढाँचाका लागि शैलीवैज्ञानिक सूत्र प्रयोग गरिएको छ। भाषा खिपेको भए पनि घटनागत व्याख्याका लागि विस्तारित पदहरूको प्रयोग खासै छैन।

प्रस्तुत लघुकथासङ्ग्रहका देश, काल र परिस्थितिहरू समसामयिक समाजमैत्री परिवेशहरू रहेका छन्। आदर्श चेतको स्थापनाका लागि सामाजिक जीवनको घटना र पात्रीय सन्दर्भको आदर्श कथनलाई लघुकथाहरूले यथार्थको झल्को दिन आदर्शको केन्द्र स्थापना गर्नखोजेका छन्। जीवनगत, व्यावहारिक आदर्श, मनोदशा, विकृति, विसङ्गतिका अनुभूतिका उत्पन्न शेषहरूलाई लक्षित गरेर लघुकथाहरू प्रकट भएका छन् । पात्रको संवादलाई कथनप्रभावको आवरणमा निर्देशात्मक एवम् संवाद उत्पत्तिका रूपमा प्रस्तुत गरिएको छ। सीमित पात्रका रूपमा नामिक वा सार्वनामिक पदहरूलाई प्रयोग गरिएको छ। आधुनिक नेपाली लघुकथाको क्षेत्रमा स्थापित लघुकथाझिल्काको उत्पन्न नयाँ फिलिङ्गोका रूपमा यस लघुकथासङ्ग्रहले ऐतिहासिक धरोहर कायम गर्नसकोस्।

*(कथाकार गङ्गा कर्माचार्य पौडेलको लघुकथासङ्ग्रह 'अखबार'को भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# अराजकताले नै मुलुक चलाउन खोजेको हो त !

विधिको शासन भनिएको लोकतन्त्र यतिखेर अराजकताको साङ्लोमा जकडिनपुगेको त होइन भन्ने आशङ्काको घेरामा पुगेको छ ! शासनसत्ता होस् वा नागरिक सबै सबै आफैँ अनुशासित भए भने, नागरिकले सुशासन महसुस गरे भने, सत्ता जनपक्षीय भइदियो भने निश्चय नै सबै सबै पक्षमा सुधार हुन्छ। नागरिककेन्द्रित भएर शासनव्यवस्थाले इमानका साथ काम गर्नेबित्तिकै मुलुकमा रोजगारीको अवस्था पनि सिर्जना हुन्छ, आर्थिक समृद्धिले गति पनि लिन्छ र युवापलायनका समस्या पनि समाधान हुँदै जान्छन् । आखिर रोजगारीविहीनताको अवस्थाले नै त हो युवा पलायन हुने। अर्काको देशमा पसिना बगाएर त्यही मुलुकको समृद्धि हुने हो हाम्रो मुलुकको समृद्धि हुँदै हुँदैन भन्ने आजका युवाले नबुझ्ेको होइन तर राज्यसत्ता जिम्मेवार नभइदिएका कारण नै परिवार, समाज र आफ्नो प्यारो देश छाडेर युवा पलायन हुन बाध्य भइरहेका छन् ! मुलुकले जबसम्म रेमिट्यान्सले चल्ने सपना देख्छ तबसम्म युवापलायनको नियति चाहिँ भोगि नै रहनुपर्छ; यो अत्यन्त विडम्बनापूर्ण कुरा हो।

अहिलेको समय अलि बढी नै सपना देख्ने र त्यही सपनामा रमाउने खालको देखिएको छ; यो पनि एउटा समस्या नै हो। सबै सपना विपना हुँदैनन्, त्यसमा पनि दिउँसै देखिएका सपना त विपना हुने कुरै भएन। आफ्ना बारी तथा खेत बाझा छन्, पूरा का पूरा गाउँ एवम् सहर वृद्धाश्रम बन्दै बन्दै गइरहेका छन्, कृषिप्रधान देश सम्पूर्ण खाध्यान्नमा पराश्रित हुँदै हुँदै गइरहेको छ! अनि सरकार नामको जीव किसानले उत्पादन गरेका सामानको बजारीकरणको व्यवस्थासम्म नगरेर अर्काको मुलुकको सुनिश्चित बजार हाम्रो मुलुकलाई बनाइदिएर उसैका विषादीयुक्त खानेकुरा निर्वाध आयात गर्न दिइरहेको छ र हाम्रा उत्पादनले त्यसरी आउने वा आयात हुने उत्पादनसँग प्रतिस्पर्धा नै गर्ननसकेर हाम्रा कृषक कृषिपेसाबाट क्रमशः क्रमशः पलायनको बाटो रोजिरहेका छन्, पलायन भइरहेका छन् ! लाज लाग्ने कुरा त के हो भने गएको छ महिनामा हामीले अन्य मुलुकबाट चामल मात्र साढे छ अरब रुपैयाँको आयात गरेछौँ ! यता जुम्लाको स्याउको बजारीकरणको सुविधा राज्यले किसानलाई उपलब्ध नगराइदिएर घरपालुवा पशुवस्तुलाई खोले पकाएर खुवाउने बाध्यता छ भने हामी चाहिँ अत्यन्त महङ्गो मूल्यमा कास्मिरबाट वा चाइनाबाट आयात भएका स्याउ किनेर खान बाध्य छौँ ! यस्तो दुरावस्था नागरिकले भोगेपछि कसरी हामी कृषिप्रधान देश भइरहनसक्छौँ ? कसरी कृषकलाई पलायन हुनबाट रोक्नसक्छौँ ? कसरी रोजगारीका अवसर सिर्जना गर्नसक्छौँ ? अनि कसरी युवापलायनको समस्या समाधान गर्नसक्छौँ ?

हाम्रो मुलुकमा बारै महिना हिउँ पर्ने उच्चहिमाली क्षेत्र, चट्टानयुक्त पहाड र जङ्गलले ढाकिएको क्षेत्रबाहेक केही न केही उत्पादन नहुने कुनै पनि भूभाग नै छैन। एक क्षेत्रमा हुने उत्पादन अर्को क्षेत्रमा पुर्‍याउने बजारीकरणको सुविधा राज्यले कृषकलाई पुर्‍याइदिने मात्र हो भने, समान वितरण प्रणाली अवलम्बन गरिदिने हो भने र हरेक क्षेत्रमा उत्पादन हुने अन्नबाली वा फलफूलका लागि

कृषकलाई प्रोत्साहन गरिदिने हो भने हाम्रो मुलुकले खाध्यान्न आयात गर्नुपर्ने बाध्यता नै पर्ने थिएन र भोलिको सम्भावित भोकमरीको समस्यासँग आजैदेखि तर्सिनुपर्ने अवस्था पनि आउने थिएन । हो, यिनै कुरा गर्नका लागि जनताका पक्षमा काम गर्ने सरकार चाहिँदो रहेछ, सुशासन चाहिँदो रहेछ, जनताले भरोसा गर्नलायकको सरकार चाहिँदो रहेछ तर त्यस्तो विश्वस्त सरकार नभइदिँदा र अरूको भलाइका लागि वा अरूको इसारामा काम गर्ने आदेशपालक वा खेतालाहरूलाई सरकार भनेर मानिदिनुपर्दा मुलुकमा बसोवास गर्ने सबै सबै पेसा र क्षेत्रमा नागरिकले निराश हुनुपर्ने परिस्थिति सिर्जना भइदिँदो रहेछ ! फलतः नागरिकपलायनको विकराल समस्या राज्यले भोग्नुपर्ने अवस्था आउँदो रहेछ !

अहिले विश्वका अधिकांश मुलुकमा जनसङ्ख्या वृद्धिदर घट्नथालेको तथ्याङ्क सार्वजनिक भइरहेका छन् । विकसित मुलुकमा त यो समस्या अलि बढी नै देखिएको भनिएको छ भने हाम्रोजस्तो मुलकुकै पनि एकातिर युवापलायनको समस्या छ भने अर्कोतिर शिक्षा, स्वास्थ्य तथा जनजीविकाका सबै क्षेत्रमा आकासिँदो महङ्गीका कारण एक वा दुईभन्दा बढी सन्तानको लालनपालन नै गर्ननसक्ने अवस्था सिर्जना भइरहेका कारण जनसङ्ख्या वृद्धिदर घटेको वा घट्दै गएको तथ्याङ्कले देखाएका छन् । त्यसमा पनि नागरिकको मुलुकप्रतिको भरोसा टुटेपछि र पलायन नै एक मात्र उपाय हो भन्ने भ्रम पैदा भएपछि कस्तो अवस्था आउला ? यो बडा सोचनीय विषय बनेको छ ! आखिर फेरि कुरा आउँछ राज्यसत्ताकै । देशको भविष्य सोच्ने र सोहीअनुसारका योजना बनाउने अनि इमानदार कार्यान्वयन गर्ने भनेको त सरकारले नै हो नि । त्यही सरकार फगत राज्यकोषको दोहनका लागि, व्यक्तिगत स्वार्थको परिपूर्तिका लागि, परिवारवाद तथा भ्रष्टाचारको विषवृक्ष हुर्काउनका लागि, भ्रष्ट तथा अनैतिकको संरक्षणका लागि, जहाँबाट र जसरी हुन्छ लुटको धन्दा चलाउनका लागि र आदेशको पालना वा इसाराको कार्यान्वयन गरी अरू नै कोही कसैलाई खुसी पार्नका लागि मात्र काम गर्छ वा गरिदिन्छ वा गरिरहन्छ भने त्यसका प्रतिको जनविश्वास त कसरी बढोत्तरी हुनसक्छ र ? जब नागरिकले सरकारमाथि विश्वास र भरोसा गर्नसक्तैनन्, जब सरकार कहिल्यै पनि देश र जनाताका प्रति सम्वेदनशील भएको महसुस नै गर्नसकिँदैन त्यतिखेर पलायनले प्रोत्साहन त पाउने नै भयो ! त्यसमा पनि निर्लज्ज रूपमा जब सरकार जनविश्वास जित्ने योजना ल्याउने र इमानदार कार्यान्वयनको बाटो हिँड्नुको सट्टा रेमिट्यान्सले मुलुक चलाउने सपना देख्छ भने त्यसले पलायनलाई प्रोत्साहन नै गरेको भएन र ? अहिले हामीले र हाम्रो देशले भोगेको नियति ठ्याक्कै यही नै हो ।

तथाकथित क्रान्तिका नाममा भ्रम छर्ने, देश र जनताको नाम लिएर हाक्काहाक्की देश र जनताको सम्पत्ति लुट्नेले गरेको सपनाको खेती, भ्रमको खेती अन्ततः नवधनाड्यवादमा रूपान्तरण भएको, भ्रमको पर्दा च्यातचुत भएर सर्वाङ्ग भएको र लुटको मानसिकता दण्डित हुनुको सट्टा थप पुरस्कृत वा प्रोत्साहित भएका कारण ठेक्कापट्टा, भ्रष्टाचार, कमिसन, गुण्डागर्दी, धाकधम्की आदि विभिन्न माध्यमबाट सजिलो कमाउधन्दा फोहोरको मुला मौलाएझैँ मौलाउँदै गएको अनि जसले जे गरे पनि 'सक्नेले गर्ने हो' भन्ने आपराधिक मानसकिता बढेको बढ्यै भएको तर त्यस्तो प्रवृत्तिमा लगाम लगाउनुपर्छ, विधिको शासन

सञ्चालन गर्नुपर्छ भन्नेतिर शासनसत्ताको ध्यान जानुको सट्टा त्यही प्रवृत्तिलाई प्रोत्साहन गर्ने, संरक्षण गर्ने काम लगातार भइरहेपछि समाजमा र समग्र मुलुकमा अराजकताले फुल्ने, फक्रिने र मौलाउने अवसर प्राप्त गरेको तथ्य निर्विवाद छ । आखिर समाजको नयाँपुस्ताले सिक्ने पनि यही समाजबाट न हो । विनामिहिनेत सजिलै धनाढ्य बन्ने धन्दा गर्नछाडेर परिश्रम गर्ने, घोटिने काम कसले गर्छ र ? त्यसमा पनि अभिभावकले आफू घोटिएर आफ्ना थोरै सन्तानका लागि सकेसम्मको सुविधा उपलब्ध गराइदिएका, दुःखको समुद्रमा डुबुल्की मार्नुनपरेका, विपन्न नै भए पनि अभावको भुङ्ग्रोमा सेकिनुनपरेका, सपना देख्न त्यसमा पनि दिउँसै सपना देख्न बानी परेका, प्रविधिको प्रयोगमा रमाएका र त्यसैमा थै थै नाच्दै सपना बुनिरहेका नयाँपुस्ताले संयम, अनुशासन, मिहिनेत, इमानदारिता, धैर्यता, कर्तव्यपरायणता, इमान आदिका कुरा अलि कम सिके कि ? र सपना अलि बढी नै देख्ने बाटो रोजे कि ? संयमभन्दा अराजकताले छिटो परिणाम दिन्छ भन्ने भ्रम पो पाले कि भन्ने अहिले देखिएको छ, देखिँदै गएको छ! यो पनि निकै छिटो वा तत्कालै उपचार गरिहाल्नुपर्ने समस्या बनेको छ, समस्याका रूपमा देखिएको छ ! यसमा स्वयम् व्यक्ति, परिवार, समाज र सिङ्गो राष्ट्र गम्भीर हुनु अत्यन्त आवश्यक छ। तर त्यही तहको गम्भीरता चाहिँ कहीँ कतैबाट देखिएको छैन !

अराजकता भनेको व्यक्ति, समाज तथा राष्ट्रका लागि उपयोगी कुरा हुँदै होइन । बेथिति, विसङ्गति, भ्रष्टाचार, परिवारवाद, घुस, कमिसनजस्ता धमिरा निमिट्यान्न पार्ने अस्त्र पनि विधिको शासन नै हो, अराजकता किमार्थ होइन। अराजकता भनेको मत्स्यन्याय हो । एउटा बेथितिको निवारण अर्को त्यस्तै प्रकारको बेथितिबाट हुनै सक्तैन । वर्तमानमा मुलुकले भोगेको जेनजीको नामको वा अवरणको सोद्देश्यमूलक घुसपैठ र त्यसले गरेको योजनाबद्ध विध्वंस क्रान्ति होइन, हुनसक्तैन। त्यो त यो मुलुकलाई सम्पूर्ण रूपमा असफल बनाउन, असफल साबित गर्न र ध्वस्त गर्न देशी विदेशी शक्तिको इसाराको कार्यान्वयन थियो भन्ने छोटो समयमै सार्वजनिक भएका सम्पूर्ण तथ्यहरूले पुष्टि गरेका छन्, प्रमाणित गरिदिएका छन् ! आखिर तथ्य र प्रमाणहरूले प्रमाणित भएका अपराधकर्मका दोषीहरूलाई कारवाही गर्ने वा कारवाहीको दायरामा ल्याउने दायित्व राज्यको नै थियो नि ! तर सायद इसारामा वा आदेशमा वा निर्देशनको पालनाका कारण हुनसक्छ उल्टै राज्यले त्यस्ता दोषीउपरको अनुसन्धान वा कारवाहीमा रोक लगाउने आदेश गर्नुले अराजकतालाई नै प्रोत्साहन गरेको प्रमाणित गरिदिएन र ? राज्यले कानुनबमोजिम कोही कसैलाई उसले गरेको दोषका आधारमा अनुसन्धान गर्ने, कारवाही गर्ने काम गर्नुका सट्टा जेनजीको नाममा आतङ्क मच्चाउने, सोझै कोही कुनै कार्यालयमा गएर ठाडो कारवाही गर्ने, सेयर वा कमिसन माग्ने, विधिको पालना भन्दा मनपरिका प्रयत्न गर्ने काम अराजकता हो कि होइन ? यो हिजोदेखिको दण्डहीनताको निरन्तरता हो कि होइन ? के हामीले अराजकताकै सहारामा मुलुक सञ्चालन गर्न खोजिरहेका हौँ त ? फेरि पनि जनतालाई उत्तर चाहिँ दिनै पर्छ है ।

*-रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

साहित्य...- *डा. रमेश शुभेच्छु लुइटेल/१०*

**कविता/गजल/गीत/टुक्का**

अपराध...- *डा. बमबहादुर थापा 'जिताली'/३९*

कता...- *प्रा. जगत् उपाध्याय 'प्रेक्षित'/४०*

एउटा...- *अरुणबहादुर खत्री 'नदी'/४७*

गजल- *राम केसी/५१*

गीत- *माणिकरत्न शाक्य/६१*

एक...- *रामकुमार दिल्लगी/६२*

**कथा/लघुकथा**

सुखी ... - *ध्रुवकुमार सापकोटा/५२*

आफैँलाई ... - *पद्मप्रसाद शर्मा/५३*

हात्तीको... - *गोविन्दबहादुर कुँवर/६०*

**यसपटक**

*त्रिलोचन आचार्य/७*

**नियात्रा/चिन्तन/समालोचना**

सिंगापुर...- *प्रा.डा. यादवप्रकाश लामिछाने/४१*

उमेरबोध...- *माधव चौलागाईं/४८*

अजीजा...- *प्रा.डा. कृष्णप्रसाद घिमिरे/५४*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

खेमराज केशवशरण/६

समाचार/६३

**अनूभूति**

*डा. लेखराज खतिवडा/६४*



शब्द संयोजन मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क ८ पूर्णाङ्क २५९/२०८२ मङ्सिर

जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेब संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: गुगल (जानकी मन्दिर, जनकपुर, नेपाल)

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# खेमराज केशवशरण

नेपाली भाषा, साहित्य, कलाका साथै सामाजिक, धार्मिक, सांस्कृतिक विविध विधाका ज्ञाता बहुआयामिक व्यक्तित्वका धनीका रूपमा खेमराज केशवशरणलाई लिनसकिन्छ । उनको जन्म पिता तारानिधि उपाध्याय र माता द्रुपदा दाहालका तेस्रो सन्तानका रूपमा मोरङ जिल्लाको जाँते गा.वि.स. वडा नं.३ मा वि.सं.१९९४ कार्तिक २५ गतेका दिन भएको थियो । उनको पारिवारिक अवस्था भने कमजोर भए तापनि जीवनको उत्तरार्धतिर आइपुग्दा भने उनको आर्थिक अवस्था सुदृढ भएको थियो ।

केशवशरणको विवाह भने १५ वर्षको उमेरमा रुक्मिणीसँग भएको थियो । उनको उमेर १० वर्षको थियो । उनले विवाहपश्चात् आफ्नो पढाइलाई निरन्तरता दिए । उनले आफ्नो घरबाट आएका पत्रहरू हेर्दै नहेरी नदीमा बगाउने काम गरे । यसो गर्नाले घरपरिवारलाई त्यागेर सन्यासी बने भन्ने आरोप लागेपछि उनले पत्नीलाई पनि साथमा नै लिएर गएका थिए । उनका दुई छोरा र दुई छोरी रहेका छन् ।

जीवनलाई सफल बनाउने भनेको नै ज्ञानले हो । मानवमनमा भएका विविध अन्धकारलाई ज्ञानको ज्योतिले उज्यालो बनाउने काम गर्दछ । खेमराजले आफ्नो जीवन त धन्य बनाए नै अन्य कैयौँको जीवन पनि धन्य बनाएका छन् । उनी बहुआयामिक व्यक्तित्वका रूपमा परिचित पनि छन् । उनले संस्कृत भाषाको गहिरो अध्ययन गरेका छन् । जीवनजगत्लाई हेर्ने उनको फरक दृष्टिकोण रहेको छ । उनी एक दार्शनिक पनि हुन् ।

उनले आफ्नो जीवनकालमा स्वदेश तथा विदेशका विभिन्न देशहरूको अवलोकन तथा विदेशमा प्रवचन पनि गरेका छन् । 'स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते' भनेझैँ उनी स्वदेशमा मात्र नभएर विदेशमा समेत पूजित भए । उनको अर्को पाटो भनेको साहित्यिक पाटो पनि हो । उनले दर्जनौँ किताब लेखेका छन् । धर्म, भाषा, संस्कृत समालोचना, कविता आदि विविध विधामा कलम चलाएका छन् । 'अन्तर्जगत्', 'आफैँतिर नियाल्दा' निबन्धसङ्ग्रह, 'समर्पण' भजनसङ्ग्रह, 'मृत्यृपारिको जीवनयात्रा' काव्य आदि रचनाहरू प्रकाशित उनका भएका छन् ।

देश र समाजका निमित्त खेमराजले अतुलनीय योगदान दिएका छन् । जीवनमा उनले आध्यात्मिक क्षेत्रलाई आत्मसात् गर्दै जीवनलाई अमर बनाएका छन् । उनको ज्ञान र विचारले उनलाई यस संसारमा सदासर्वदा अमर बनाउने छ ।

*-रूपेश अधिकारी*

## यसपटक



### ❖ त्रिलोचन आचार्य

वि.सं.२०२१ चैत्र १० मा माता टङ्ककुमारी आचार्य र पिता बलभद्र आचार्यका सुपुत्रका रूपमा सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका वडा नं.१० सिपाबडहरेमा जन्मिएका त्रिलोचन आचार्य हाल बुढानीलकण्ठ नगरपालिका वडा नं.१२, कपनमा बसोवास गरिरहेका छन् । त्रिभुवन विश्वविद्यालयबाट एमबिए र जनप्रशासनमा एमफिल उत्तीर्ण गरी नेपाल सरकारको सेवामा लगभग अडतिस वर्ष समर्पित हुँदै महालेखा परीक्षकको कार्यालयमा प्रथम श्रेणी (सहसचिव)को पदबाट अवकाश प्राप्त आचार्य हाल पूर्णकालीन साहित्यसेवामा समर्पित रहेका छन् । जागिरकै सिलसिलामा नेपालका लगभग पैँसठ्ठी जिल्ला र एसिया, युरोप, अफ्रिका, अस्ट्रेलियालगायत सत्र मुलुकको भ्रमण गरेका आचार्यका 'माटाको बास्ना' २०५६, 'छाया छवि' २०५९, 'समयलाई सम्बोधन' २०६६, 'छन्दका सय थुङ्गा' २०७६ जस्ता कवितासङ्ग्रह, 'आमाविनाको घर' २०६० र 'धर्ती र म' २०७० खण्डकाव्य, 'सोर सौगात' २०६३ निबन्धसङ्ग्रह, 'विनासर्त' चालिसओटा छन्दमा रचिएका) मुक्तकसङ्ग्रह र 'अविश्रान्त' महाकाव्य २०८० प्रकाशित भइसकेका छन्। 'कपन–बानेश्वर' राष्ट्रिय साहित्यिक साप्ताहिकमा हालसम्म छन्दकविताको निरन्तर स्तम्भ प्रकाशित गरिरहेका र विभिन्न साहित्यक सङ्घसंस्थाहरूमा क्रियाशील रहेका उनले आधा दर्जनभन्दा बढी मान, सम्मान तथा पुरस्कारसमेत प्राप्त गरेका छन्। २०७७ सालमा नेपाल सरकारबाट रु.एक लाख राशिको महाकवि देवकोटा पुरस्कारसमेत उनले प्राप्त गरेका छन्। नेपाली समाजलाई नजिकबाट नियाल्ने र देखिएका विसङ्गत पक्षलाई उजागर गर्दै सुधार तथा रूपान्तरणका पक्षमा स्पष्ट आबाज उठाउनु, सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्नु, सहयात्रामा विश्वास गर्ने आचार्यका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

शास्त्रीय छन्दलाई नियन्त्रणमा राखेर सिर्जना गर्ने आचार्यको 'नेपाल आमा जय' शीर्षकको शार्दूलविक्रीडित छन्दको कवितामा मुलुक र जनताको जीवनस्तरको रूपान्तरणका चुनावताकाका राजनीतिक पार्टीका घोषणापत्र व्यवहारमा ल्याउनै परेन ! बोली र व्यवहारमा कहिल्यै तालमेल नै देखिएन ! कुर्सीकै निम्ति र लुटका निम्ति मात्र नेपाली राजनीति समर्पित भएको र युवापलायन नरोकिएकोसमेतका समग्र दूरावस्थाका प्रति चिन्ताभाव व्यक्त गरिएको छ र सबैमा देशप्रेम जागोस्, मातृवन्दना गरौँ भन्ने भाव अभिव्यक्त भएको छ । 'गलगाँड बढी !' शीर्षकको तोटक छन्दको कवितामा फुट र लुटको साम्राज्य बढेको, जताततै झगडा अनि गुट र फुटको तमासा देखाइएको, मुलुक ऋणमा डुबेको, चारैतिर निराशा मात्र फिँजाएर बोटै सुकाउने हो भने फल कसरी लाग्छ भन्ने चिन्ताभाव व्यक्त गर्दै समग्र रूपान्तरणको ध्वन्यार्थ सन्देश सम्प्रेषण गरिएको छ। 'ईश्वर कहाँ छन् ?' शीर्षकको अनुष्टुप् छन्दको कवितामा अमूर्त र नदेखिने ईश्वरको भ्रममा जीवन खेर फाल्नुभन्दा सत्कर्म नै ईश्वर हो भनेर जीवनलाई कर्ममय बनाउनुपर्ने स्पष्ट प्रगतिवादी वैचारिकता सम्प्रेषण गरिएको छ।

## नेपाल आमा जय

भत्काएर बनाउँछौँ सब भनी आए बनाए कहाँ ?
भन्छन् किन्तु पखालियौँ तर सबै डुङ्डुङ् गन्हाए यहाँ
आउन् गर्छु भनेर ठम्ठम युवा जो देशका हुन् भर
होओस् शान्त, अशान्त बन्नु नपरोस् नेपाल मेरो घर ।

लुट्ने खेल यहाँ चल्यो चलिरह्यो सत्तासँगै टाँसिँदै
गर्दै बन्द सुधारका पथहरू, के हिँड्नु खै चम्किँदै ?
हेर्दै कर्म-कुकर्म दिक्क म भएँ कैलाश डाँडामुनी
भागोस् भन्दछु अन्धकार तर झन् उठ्दै छ जालो बुनी !

कुर्सी देख्छ हराभरा सब गरा, भोका र नाङ्गा कता ?
मात्रै कागजमा सुसज्जित रहे ती एकता साम्यता
बिर्सी किन्तु विकासका लयहरू भर्ने सबैले भुँडी
आशामाथि तुषारपात छ सधैँ ढाक्यो खरानी उडी ।

थन्क्याएर बसे, थिए कति कुरा ती घोषणापत्रमा
फर्सीझैँ कुहिँदै झरे तल सबै, अस्तित्व खोज्ने कहाँ ?
छैनन् ल्याकत पासको यदि भने के जाँचमा आउनू ?
खै सन्तान महान् सदैव जननी पर्दै छ जैल्यै रुनु !

यौटा भाष्य विकास भो अब बुढा विश्राम रोजून् सबै
के भन्लान् लिपु लिम्पिया ? छ घरमा डाँडार डुँडूर सधैँ
भन्दै छन् सबले सफेद मनले हिँड्दैन कोही कतै
हेर्दा नाटक राजनीतितिरको अत्यास लाग्ने अझै ।

हाँसून् बालक देशमै अनि युवा लाऊन् यतैको टिको
आस्थाले मनको हिमाल वनको देखून् बिहानी निको
भन्नै पर्छ भिषानिमित्त यतिका के खोल्नु विद्यालय ?
जानौँ भन्न हरेकले हरघडी नेपाल आमा जय ।

## गलगाँड बढी !

झुटका लुटका व्यवहार सधैँ
गुटका फुटका उपहार अझै
र मिलोस् नमिलोस् भिर यो पगरी
अति लालचको गलगाँड बढी ! ।१।

पदको रहला जब शान ठुलो
बलको रहँदा अभिमान ठुलो
सब इज्जतको तब ध्वस्त गढी
दयनीय बन्यौँ गलगाँड बढी ! ।२।

दरबारहरू तिर झन् झगडा
सरकार पुगे पथभ्रष्ट बडा
जनशक्ति पुगे पर जेट चढी
दुनियाँ दुःखमा गलगाँड बढी ! ।३।

अति घात कतै प्रतिघात कतै
जय एक हुँदा भय सात यतै
तब मित्रतिरै पनि चल्छ छडी
भय भो सय यो गलगाँड बढी ! ।४।

रिनमाथि रिनै कतिसम्म लिने
बन धन्य भनी मन पेट दिने
छ नदी बढ प्यास अभाव जडी
सुख छैन सधैँ गलगाँड बढी ! ।५।

फल लाग्दछ के सब बोट सुके
दृढ छैन कुनै सब किन्तु चुके
जनता जहिले लिन सक्छ छडी
अनि हुन्न दशा गलगाँड बढी ।६।

# ईश्वर कहाँ छन् ?

कहाँ ईश्वर भेटिन्छन् ? घर मन्दिरमा कहाँ
कहाँ ईश्वर देखिन्छन् ? ढुङ्गा वा तसबीरमा
कस्ता ईश्वर छन् हाम्रा ? बोल्ने वा मौन दिन्दिन
खोज्छन् ईश्वरले हाम्रो आस्था वा फूल चन्दन ? ।१।

खोजी ईश्वरको गर्छौं भेटेका छौं कहाँ कति
देखाउँछौं सधैं खाँचो मेटेका छौं कहाँ कति
आएनन् देवता बोल्न चाहेनन् सुम्सुम्याउन
के रोज्छन् देवता हाम्रा आस्था वा अभिनन्दन ? ।२।

हाँसौं वा म कतै रोऊँ हेर्दैनन् देवता किन
एकोहोरो नियालेर भन्दैनन् म यता किन
शक्तिशाली भए आफैँ कोठामा थुनिए किन
विद्रोह गर्न सक्दैनन् वा सक्दैनन् बिझाउन ? ।३।

हिँड्नेहरू हिँड्नु जैल्यै समातेर स्वयं लय
भेटुन् सफलता सारा भन्दै सत्कर्मको जय
रज तम घटाएर सत्वमा चम्कियोस् मन
दिव्य मन्दिर हो कर्म गर्छन् ईश्वर चुम्बन ।४।

भोका नाङ्गा नहेर्ने त्यो कसरी हुन्छ देवता
आत्मा नै छैन ढुङ्गामा कसरी छिर्छ देवता
फिँजिन्छ धर्म अर्काकै हेर्छन् ईश्वर टुल्टुल
श्रेष्ठ मानवमै खोजौं समस्त देवको दिल ।५।

*trilochan_a@yahoo.com,*
*acharyatrilochan11@gmail.com*



❖ डा. रमेश शुभेच्छु लुइटेल

# साहित्य नपढ्नु भनेको धेरै कुरा नजान्नु, समाज थाहा नपाउनु, समाजमै रहेर समाजबारे असचेत बन्नु हो

**वि.सं.२०३६ वैशाख १ मा पाँचथर जिल्लाको तत्कालीन सुभाङ गाउँ विकास समिति वडा नं.९ मा माता प्रेमकुमारी लुइटेल र पिता सूर्यनाथ लुइटेलका सुपुत्रका रूपमा जन्मिएका डा.रमेश शुभेच्छु लुइटेल युवाकवि एवम् समालोचकका रूपमा स्थापित छन् । साहित्यिक पत्रकारिता र नेपाली भाषा, साहित्य र शिक्षणविधिको प्राध्यापन र प्रशिक्षणमा संलग्न रहेका उनले विभिन्न संस्थामा रहेर साहित्यको विकासमा लागेर योगदान गरिरहेका छन् । युवा पुस्तामा उनी सक्रिय स्रष्टा र द्रष्टाका रूपमा चिनिए पनि विभिन्न मञ्चमा अभिप्रेरक मन्तव्यसमेत दिइरहेका छन्। उनको साहित्य सिर्जनाको एक प्रमुख पक्ष समाज रूपमान्तरण हो। प्रगतिशील चिन्तन र मानवतावाद उनका सिर्जनाका दुई प्रमुख पाटाहरू देखिएका छन् । शब्द संयोजन साहित्यिक मासिकका लागि सम्पादक सुमी लोहनीले गर्नुभएको लामो संवाद यहाँ समावेश गरिएको छ ।**

*सुमीः नमस्कार ! आज म यहाँसँग शब्द संयोजन साहित्यिक मासिकका लागि संवाद गर्न आएकी छु। समयका लागि सुरुमै हार्दिक धन्यवाद भन्छु ।*

*डा. रमेश :* नमस्कार ! मलाई वार्ता गर्नयोग्य पात्र देखिदिनुभएकामा आभारी छु। त्यो पनि यस समयको एउटा प्रतिनिधि साहित्यिक पत्रिकामा म प्रकाशित हुने खबरले अझ खुसी छु । यहाँका जिज्ञासाको सकेसम्म समन गर्ने प्रयास गर्ने छु।

*सुमीः यहाँको बाल्यकाल कहाँ, कसरी, के गर्दै बित्यो ?*

*डा. रमेश :* यहाँको प्रश्नमा तीनवटा प्रश्न छन् : बाल्यकालसम्बन्धी कहाँ, कसरी, के गर्दै ?

म तत्कालीन पाँचथरको सुभाङ गाउँ विकास समिति वडा नं ९ मा जन्मिएको हुँ । मेरो बाल्यकाल पनि त्यहीँको हावापानीमा बित्यो । त्यो ठाउँ गाउँको पुछारमा थियो । त्यस ठाउँको नाम भालुखोप हो । त्यहाँ हाम्रा बाहरू तेर थुमबाट आएर बसेको सातौँ पुस्ता भइसकेको थियो । लुइटेल, तिम्सिना भण्डारी जम्मा तीन घर छिमेकीहरू एकै ठाउँमा झुरुप्प घर बनाएर बस्नुभएको थियो । गाउँमा शिक्षा, चेतना र आधुनिक समयको ज्योति कत्ति पनि पुगेको थिएन । अति पीछडिएको कृषिव्यसनी ग्रामीण र ग्रामीण परिवेशको पनि दुर्गम पाखामा मकैबारी र धानबारीमा मेरो बाल्यकाल बित्यो । असारमा पानी जता बग्छ त्यतै हाम फाल्दै, मङ्सिरमा दाइँमा गोरु घुमाउँदै । त्यसपछि खाली भएका खेत र खर्कमा गाइबाख्रा चराउन सघाउँदै त्यहाँ खेलिने डन्डीबियो, झुम्राको बल, लुक्की, केरेम, गट्टी र बागचाल, माझीदाइ यस्तै खेलहरू खेल्दै बित्यो ।

***सुमीः यहाँको प्रारम्भिक शिक्षादीक्षा कस्तो रूपमा रह्यो ?***

***डा. रमेशः*** मेरो गाउँभन्दा स्कुल धेरै टाढा थियो । डेढ-दुई घन्टा हिँडेर मात्र त्यहाँ पुग्न सकिन्थ्यो । घरमा म हुर्किइरहेका वेला मलाई स्कुल डोर्‍याएर लैजाने दाइ, दिदी पनि थिएनन् । त्यसैले म सात वर्षका उमेरमा मात्र स्कुल प्रवेश गरेँ । स्कुल जानुअगाडि हजुरबाले र बाले घरमै कख सिकाउनुभएको थियो । स्वर वर्ण र व्यञ्जनवर्णका साथै बाह्रखरी पढाउनुभएको थियो । अलिकति चण्डी पनि घोकाउनुभएको थियो । केही सरस्वतीका, लक्ष्मीका, गणेशका आदि प्रार्थना र स्तोत्रहरू पनि सिकाउनु, घोकाउनुभएको थियो । बजारबाट पहिलो किताब किनिदिएर उहाँहरूले जानेको अङ्क ज्ञान पनि घरमै सिकाउनुभएको थियो ।

***सुमीः यहाँ आफ्ना शिक्षा आर्जनका प्रारम्भिक दिनलाई कसरी सम्झनुहुन्छ ?***

***डा. रमेशः*** मैले टेकेको स्कुलको नाम श्री सरस्वती नि.मा.वि ओराङफुङ हो । अहिले त्यो मेरो ज्ञानशाला मा.वि भएको छ । मैले पढ्दा त्यहाँ जम्मा सात कक्षासम्म पढाइ हुन्थ्यो । त्यस स्कुलमा पहिलो दिन पुग्दा म र मेरा भाञ्जादाइ मेरा पिताजीको हात समाएर गएका थियौँ । घरमा बारबार स्कुलको कुरा भएको र गाउँका काका, फुपूहरू स्कुल जान्छन् भन्ने सुनेको हुँदा आफू पनि स्कुल जाने भएँ भनेर रमाइलो लागेको थियो । म आजसम्म धेरै विद्यालय र महाविद्यालयका गुरुका सानिध्यमा पुगे पनि आज त्यहाँ पढाउने गुरुहरूलाई सम्झिइरहन्छु । सँगै पढ्ने साथीहरू र त्यस परिवेशलाई सम्झिइरहन्छु । मेरो आज मस्त निदाउँदा देख्ने सपनाको परिवेश पनि प्रायः त्यहीँ हुन्छ ।

***सुमीः यहाँले कुन विद्यालयबाट कहिले उच्चशिक्षा पूरा गर्नुभयो ? विद्यालय शिक्षाका दिन कसरी सम्झनुहुन्छ ?***

***डा. रमेशः*** मैले तीन-चारवटा स्कुल फेरेर मात्र विद्यालय शिक्षा पूरा गरेँ । तीमध्ये सरस्वती निमावि (हाल मा.वि.) नीलगिरि मा.वि. र श्री सिरिजङ्घ मा.वि. अहिले अस्तित्वमा छन् । एउटा विद्यालय त बन्द पनि भइसक्यो ।

ती विभिन्न विद्यालय चाहार्दै सिरिजङ्घ मा.वि. गोपेटार पाँचथरबाट २०५३ मा एस.एल.सी. पास गरेको हुँ । त्यस वेलाका हरेक दिन दैनिकीमा पनि उतार्ने प्रयास गरेको थिएँ र आज पनि दिमागमा घुमिरहन्छन् । विद्यालय जीवन रमाइलो जीवन रहेछ भनेर सम्झिइरहन्छु ।

***सुमीः यहाँको उच्चशिक्षाबारे अलिकति जानकारी दिनू न ।***

***डा. रमेशः*** मैले स्नातक तह महेन्द्र रत्न बहुमुखी क्याम्पस इलामबाट पूरा गरेँ । त्यसपछि मैले त्रिभुवन विश्वविद्यालयबाट मानविकीतर्फ आचार्य र शिक्षाशास्त्रमा शिक्षाचार्य गरेको छु । यस्तै त्रिभुवन विश्वविद्यालयबाटै मानविकीतर्फ दर्शनाचार्य र विद्यावारिधि गरेको छु । मलाई साहित्य पढ्ने र अनुसन्धान गर्ने क्रममा दुःखसुख संस्कृत पढे पनि पाश्चात्य साहित्य पढ्न कठिन भएकाले त्यसलाई चिर्नलाई मैले अङ्ग्रेजी साहित्य पनि पढेँ । पोखरा विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा मानविकीतर्फ दर्शनाचार्य पनि गरेको छु । मेरो औपचारिक उच्चशिक्षा यही हो । त्रिभुवन विश्वविद्यालयले डिलिट उपाधि दिने व्यवस्था गरेछ भने त्यो उपाधि पनि लिने योजना बनाएको छु । मलाई अनौपचारिक पढाइ त छँदै छ औपचारिक अध्ययनको धोको पनि पूरा भएको छैन ।

***सुमीः यहाँ आफैँमा विद्वान् व्यक्तित्व हुनुहुन्छ । नेपाली र अङ्ग्रेजी साहित्यमा उच्चशिक्षा लिनुभएको छ । यहाँ साहित्यमा चाहिँ कसरी कहिलेदेखि प्रवेश गर्नुभयो ?***

***डा. रमेशः*** म तीन कक्षामा पढ्दा पाठ्यपुस्तकमा रहेको 'उपदेश' शीर्षकको कविताबाट प्रभावित भएर कविता लेख्न थालेको थिएँ । यो विषय मैले अन्य अन्तर्वार्ता र आफ्ना संस्मरणमा पनि उल्लेख गरेको छु । तत्काल साहित्य सिर्जनाका लागि प्रोत्साहन गर्नसक्ने गुरुहरू थिएनन् । पाँच कक्षा पढ्दै गर्दा पूर्वाञ्चल साहित्य प्रतिष्ठानले आयोजना गरेको कविगोष्ठीमा 'फूलको दुःख' शीर्षकको कविता सुनाएको थिएँ तर पुरस्कृत भइनँ ।

***सुमीः अलि प्रस्ट बन्न चाहेँ । यहाँ साहित्यमा कसरी लाग्नुभयो ? कसैको प्रेरणाले, आफ्नै प्रतिभाले, परिवेशले अथवा अन्य कुनै कारणले ?***

***डा. रमेशः*** केही त जबाफ दिइ नै सकेँ । मलाई मेरो परिवेशले दुःखसुखसँग घुलमिल हुन सिकायो । बाली खाला भनेर बाँदर रुँगेर बस्नुपर्ने याक्सा, गाईको बाछो बाघले खाला भनेर राति बासँगै सुत्न जानुपर्ने गोठ, कृषिव्यसनी परिवारका मेलापात, अलैँची बगानछेउको डिहीमा अलैँची छोडाउँदै बा र सहयोगीहरूसँग सुत्नुपर्ने अवस्था, आफ्नी आमाले ढिकीजाँतोसहित गरेका दुःखकष्ट, बाहरूका हलोकोदालोदेखिका कृषिकर्मका दुःखकष्ट मैले नजिकबाट हेरेँ, देखेँ बुझेँ । सकेको सघाएँ । ठुलो जन भएको घरमा हुर्किएकाले मसँग अनेक सङ्गत घरभित्रै भए । छरछिमेक र स्कुलको परिवेशले पनि मलाई विविधता सिकायो ।

साहित्य सिर्जनाका लागि खास प्रेरणा दिने पात्र थिएनन्, त्यस वेला पढाउने गुरुमा पनि साहित्यिक चेतना अभिप्रेरक बनेर

प्रदान गर्ने थिएन नै भने पनि हुन्छ तर मेरो परिवेश, पाठ्यपुस्तकका कविता, कथा र प्रजातन्त्र आएसँगै बाक्लै हुने सभासमारोहमा वाचन गर्ने अवसर, त्यस्ता वाचनबाट प्राप्त सानातिना पुरस्कार, प्रोत्साहन आदिले मलाई साहित्यमा लागिरहन प्रेरित गऱ्यो । म सानैदेखि विद्यार्थी राजनीतिमा लागेकाले त्यसबाट आएको सचेतना र सिर्जनशील स्वभावले पनि साहित्यमा लागिरहन प्रेरित गऱ्यो । सिर्जनशील स्वभाव भनेको म काठ, बाँसका सामान पनि बनाउँथेँ, गीत पनि गाउँथेँ, नाच्थेँ पनि, दिदीहरूसँग सिकेर कुरुसले स्वेटर पनि बुन्थेँ । एउटा सानो झोला आफैँले बुनेर बोकेको सम्झना छ।

***सुमीः यहाँको औपचारिक अध्ययन त छँदै छ । स्वाध्ययनका सन्दर्भमा रुचिको क्षेत्र, साहित्य, दर्शन, ज्ञानविज्ञान, खास के चाहिँ हो ?***

*डा.रमेशः* म जे पनि पढ्छु भन्यो भने बढी होला। म पुस्तकप्रेमी हुँभन्दा सुहाउला। म अध्ययन गर्न रुचाउने मान्छे हुँ। साहित्य मनोरञ्जनसहितको ज्ञान रहेछ। एउटा कथा पढ्नु, उपन्यास पढ्नु, कविता काव्य, महाकाव्य वा निबन्ध पढ्नु वा नाटक पढ्नु या हेर्नु, संस्मरण वा आत्मकथा पढ्नु भनेको त्यहाँभित्रको पात्र र परिवेश मात्र होइन समाजको ठुलो हिस्सा पढ्नु रहेछ। आज म साहित्यकै उच्चशिक्षा लिएर यो कुरा बुझ्दै छु विद्यालयदेखि पढेका पाठहरूको अर्थ। साहित्य नपढ्नु धेरै कुरा नजान्नु, समाज थाहा नपाउनु, समाजमै रहेर समाजबारे असचेत बन्नु रहेछ भनेर बुझ्दै छु। अलि बुझिने भाषामा भनूँ - यहाँले पनि पढ्नुभयो होला लीलबहादुर क्षेत्रीको **बसाइँ** । त्यो धनेको बसाइँ नेपाली समाजको साझा समस्या रहेछ। झुमाको समस्या आमा, दिदीबहिनी र छोरीको समस्या रहेछ। मैनाको समस्या आम आमा र भाउजूहरूको समस्या रहेछ। छिमेकी कथाका धनजिते र गुमाने हाम्रा बा र माथ्लाघरका साइँलाकाका वा तल्लाघरका ठुलाकाका रहेछन्। त्यो हाम्रा हजुरबा र तल्ला माथ्लाघरका हजुरबाको कथा रहेछ । *एक चिहान* उपन्यासकी नानीथकुँ हाम्री बहिनी रहिछे। त्यस उपन्यासको शिवनारान हाम्रा बा र अष्टनारान हाम्रा हजुरबा रहेछन् । यसरी नै *बाँच्ने यौटा जिन्दगी*का बाआमै आजका हरेक सन्तान विदेसिने अभिभावकका कथा बोकेका प्रतिनिधि बाआमै रहेछन् । भैरव अर्यालको महापुरुषको खोजीमा अर्याल मात्र होइन हामी पनि दौडिइरहेका हुँदा रहेछौँ । तपाईं म सबै महापुरुषको खोजमा हुँदा रहेछौँ। देवकोटाको पागल हामी हरेक रहेछौँ । *मुना मदन*का मुना र मदन हाम्रै विदेसिने दाजुभाइ र उनका प्रतीक्षामा बस्ने भाउजू, बुहारी र दिदीबहिनी रहेछन्। मोदनाथ प्रश्रितको मानव पढ्दा म केही जागृत र उत्तेजित भएको थिएँ तर मानवताको खोजी पनि रहेछ त्यो । रमेश विकलको 'लाहुरी भैँसी' कथाभित्रका द्वारेबाहरू हाम्रै गाउँघरमा हुँदा रहेछन्। लुखुरे बनेर पेलिने हाम्रै बा, काकाहरू रहेछन् । खगेन्द्र सङ्ग्रौलाको 'तम्मोर खोलाको किनारै किनार'का पात्रहरू हाम्रै गाउँले रहेछन्। प्रदीप नेपालको 'पूर्वीतिर' उपन्यास हाम्रै आफन्तहरूको कथा रहेछ ।

हामीले पढेका कथा, ती कथाभित्रका व्यथा सबै हाम्रै रहेछन् । यो पक्ष आज आएर म बुझ्ने भएको छु ।

***सुमीः यहाँले साहित्यको कुरा गर्नुभयो । साहित्यका क्षेत्रमा यहाँलाई मन परेका कृति र सर्जकहरू के के र कुन कुन हुन् ?***

***डा. रमेशः*** यो बडो अफ्ठ्यारो, जटिल र अलि व्यापक फेरो भएको प्रश्न हो । यो प्रश्नमा पुच्छ्रे प्रश्न पनि छन् । लामो भयो भने पुच्छ्रे प्रश्न फुटाउनुपर्ला । सरल भाषामा भन्दा हामीले पाठ्यक्रममा पढेर मात्र होइन नेपाली साहित्य बुझ्न सम, लेखनाथ र देवकोटा पढ्नै पर्छ । उनीहरूका सबै कृति पढ्नुपर्छ । उनीहरू नेपाली साहित्यको जग बसाल्न लागिपरेका स्रष्टाहरू हुन् । हामीले विश्वेश्वरप्रसाद कोइराला पढ्नुपर्छ । समाज परिवर्तन चेतनाका लागि मोदनाथ प्रश्रित सबै पढ्नुपर्छ । केबलपुरे किसान र युद्धप्रसाद मिश्र पढ्नुपर्छ । नयाँ नयाँ प्रयोग र समाजको बहुलताका लागि ध्रुवचन्द्र गौतम सबै पढ्नुपर्छ । नयाँ प्रयोग र आधुनिक विषयको र बान्कीको स्वादका लागि सरुभक्त सबै पढ्नुपर्छ । कविता काव्यका पाठकले भानुभक्त पुनः दोहोऱ्याएर पढ्नुपर्छ । रिमाल, शेरचन, कोइराला, कटुवालका नवीनता केलाएर पढ्नुपर्छ र आज तिनका जगमा उठेका चुलीहरू ठम्याएर पढ्नुपर्छ । मल्ल दाजुभाइ पढिएन भने नेपाली नाटक र आख्यान अपुरो हुन्छ । मेरा अध्ययनका दृष्टिमा कोइराला, मैनाली र मल्ल बन्धुभन्दा भिक्षुको आख्यान सिर्जनसामर्थ्य गहिरो छ । उनी अवधी र हिन्दी साहित्यका समेत विद्यार्थी हुँदा उनको कथा सिर्जनकला गहिरो र समकालीनभन्दा बौद्धिक र पर परका प्रयोग पनि संयोजित रूपमा लिएर सिर्जनामा जमेको देख्छु । नाटकमा समजस्तै पात्र हुन् आख्यानमा भिक्षु पनि । विचार र कलाको संयोजन पढ्न विकललाई सिङ्गै पढ्नुपर्छ । ऋषिराज बराल, हरिहर खनाल, प्रदीप नेपालका आख्यानले नेपाली भुइँमान्छेका कथा भन्छन् । पछिल्लो समय इस्मालीहरू पनि सशक्त बनेर आइरहेका छन् । ती कथा अबको पुस्ताका लागि लोककथाजस्ता हुने छन् तर युगका आबाज ज्यादै बलिया छन् । पारिजातका नारी पात्रका पठनविना नेपाली नारी मन बुझ्नसकिँदैन । उनको एउटा कुनै कृति होइन समग्र पारिजात पढ्नुपर्छ ।

***सुमीः यहाँले भनिरहँदा निबन्ध क्षेत्र छुट्यो कि ?***

***डा. रमेशः*** नेपाली निबन्धमा ललित कलात्मक निबन्ध, हास्यव्यङ्ग्य निबन्ध र अन्य संस्मरण, आत्मकथा, नियात्रा आदिको प्राधान्य छ । यस दृष्टिले हेऱ्यो भने हास्यव्यङ्ग्यका चुली भैरव अर्याल सबै पढ्नुपर्छ र मैले पनि पढेको छु । उनलाई पढ्यो भने त्यसपछिको हास्यव्यङ्ग्य केकति प्रभावित र कसरी विकसित छ भनेर ठम्याउन सकिन्छ । देवकोटाका समग्र निबन्ध नपढी आधुनिक नेपाली निबन्धको जग पहिल्याउन सकिँदैन । निबन्ध र कविताको के सम्बन्ध छ ? निबन्ध र कविताको सम्बन्ध र प्रभाव पहिल्याउन सकिन्छ । समको मेरो कविताको आराधना पढिसकेर अरू आत्मकथा

पढ्नुपर्छ । तारानाथ सबै नपढी नेपाली नियात्रा र संस्मरण र निबन्धको कलात्मक शैली ठम्याउन सकिँदैन । मोदनाथ प्रश्रितका सबै गद्य नपढी नेपाली वैचारिक निबन्धको आधार बुझ्न सकिँदैन  कृष्णचन्द्रसिंह प्रधान, राजेन्द्र सुवेदीजस्ता निबन्धकारले नेपाली निबन्धका खास खास चुली पहिल्याएर रचना गरेका छन् ।

***सुमीः यहाँ वर्ष साहित्य पुस्तकको लेखक पनि हुनुहुन्छ । प्रायः मञ्चमा पुस्तक समीक्षा पनि गरिरहनुभएको छ । अहिले यसै दशक वा अघिल्लो दशकका महत्त्वपूर्ण कृतिहरूबारे जानकारी पाऊँ न ।***

***डा. रमेशः*** म अघिल्लो प्रश्नमै जमिरहेको थिएँ । अर्को प्रश्न आइपुग्यो । एक लेखकको नाम लिएपछि अर्को लेखक छुट्ने सम्भावना हुन्थ्यो । ठिकै पनि भयो । अब यो प्रश्न पनि त्यत्तिकै जटिल छ । अहिले नै यसै दशकका विषयमा यसै भइरहेको छ भनेर भन्न सकिँदैन । पढ्दै मन्थन गर्दै गएपछि बुझिने हो । अघिल्लो दशक र यो दशक बालसाहित्य, संस्मरणमूलक निबन्धसाहित्य, आख्यानसाहित्यको दशकका रूपमा देखिइरहेको छ । कविताभन्दा अघिल्लो दशकमा गजल बढी लेखिए । भानुभक्त पोखरेल, भुवनहरि सिग्देल, नवराज लम्साल, रामप्रसाद ज्ञवाली, माधव वियोगीजस्ता प्रतिभाले महाकाव्य विधालाई स्मरणीय बनाए । अशेष मल्ल, अभि सुवेदी, गोपाल पराजुली, सरुभक्त हुँदै पुरु लम्सालसम्मका प्रतिभाका कलमले नाटकलाई जीवितै राखेका छन् । निबन्धतर्फ हास्यव्यङ्ग्य र चिन्तनप्रधान निबन्धले निबन्धको डोरेटो बचाएका छन् र संस्मरण र यात्रानिबन्धहरू वर्णन र विवरणको बोझले किचिँदै छन् तापनि केही राम्रा संस्मरणकार र आत्मकथाकारहरू यस युगले जन्माएको छ । समालोचना अति प्राविधिक भएर फसिरहेको छ तर अनुसन्धानमूलक समीक्षापद्धति हिजोभन्दा विधि पद्धतिसहित आगाडि विकास भएको छ । नव समीक्षकहरू पनि आशालाग्दो गरी अगाडि आएका छन् । अनुवादको लहर पनि बढ्दो छ । गम्भीर कृति अनुवाद भएर आउन बाँकी छ तर यसको क्रम चलिरहेको छ । नेपाली ज्ञानको मूल स्रोत संस्कृत र अङ्ग्रेजीका विभिन्न कृति अनुवाद भएर आइरहेका छन् । सरसरती हेर्दा नेपाली साहित्यको यो र अघिल्लो दशक आशावादी नै छन् । कोरोनाकालमा धेरै साहित्य लेखिएका छन् । त्यस वेला लेखिएका साहित्यको विश्वबोधी चेतना अलि फराकिलो छ । अहिले इन्टरनेटका माध्यमबाट विश्वसँग जोडिन थालेपछि विश्वसाहित्यका विविध प्रयोगहरू हाम्रामा भित्रिएका छन् ।

***सुमीः यहाँले भनिरहेका दुई दशकबिचका केही विसङ्गत पक्षबारे पनि जानकारी पाऊँ न ।***

***डा. रमेशः*** यस्ता प्रश्नको जबाफ दिन छुचो कुरा गर्नुपर्छ । साहित्य क्षेत्रमा विसङ्गति पनि प्रशस्त छन् । यी दशकमा धनाढ्य लेखकहरू बढी कृति लिएर देखा परेका छन् । यो सिर्जनात्मक संसारको एउटा नजानिँदो तर निकै खतरा लक्षण हो । राम्रो लेखकले आफ्नो कृति आफैँ छाप्न सक्नुपर्छ भन्ने छैन । पहिला नेपाल प्रज्ञाप्रतिष्ठान, साझा प्रकाशन, रत्नपुस्तक, एकता प्रकाशनजस्ता सरकारी र गैरसरकारी प्रकाशनहरूले लेखकका कृति खोजेर छाप्न थालेका थिए । अहिले बिस्तारै

पैसा हुने लेखकसँग पैसा लिएर छाप्ने लहर चल्यो । एकेडेमीले समेत विदेशमा बस्ने डायस्पोराहरूसँग पैसामा सौदावाजी गरेर कमजोर कृति छाप्न थाल्यो । साझाले त खुलेआम पैसा हुनेका मात्र छाप्न थालिहाल्यो। विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रले उहिलै अनुसन्धानमूलक र अन्य कृति छाप्न छोडिहाल्यो। नेपाल संस्कृत विश्वविद्यालयले पनि आफ्ना अनुसन्धानहरू छाप्न छाडिहाल्यो। निजी विश्वविद्यालयहरू व्यापारमा मस्त छन्। अब राम्रा लेखक बाँच्न कहाँ जाने ? नयाँ र राम्रा भनिएका चलेका प्रकाशनको पनि यही दशा छ। यसले हामीलाई अप्ठ्यारामा पार्दै छ।

विसङ्गतिकै अर्को पाटो भनेको कृतिहरू सम्पादन नभइकनै प्रकाशन भइरहेका छन्। यसले हाम्रो साहित्यको स्तर खस्काउने सम्भावना छ । लेखकले टाइप, डिजाइन, प्रकाशन खर्च जुटाए पनि सम्पादनको खर्च नजुटाउँदा एकातिर कृति कमजोर बन्दै छन् भने अर्कोतिर राम्रा सम्पादकहरू निकम्मा बनिरहेका छन् । यसले बौद्धिकता र कला दुबैको रक्षा गर्न सक्तैन। अर्को विकृति सम्मान र पुरस्कारका क्षेत्रमा छ। राज्यले भन्ने गरेका र पुरस्कृत गरेका क्षेत्रीय र राष्ट्रिय प्रतिभाहरू ज्यादै कमजोर र त्योभन्दा कमजोर देखिएका छन् । चिनजानका मानिसहरू सम्मानित हुन थालेका छन् । कि राज्यले सम्मान पुरस्कार नबाँड्नु पर्‍यो कि सही प्रतिभा खोजेर बाँड्नुपर्‍यो । जनस्तरका केही सचेत व्यक्तिले सञ्चालन गरेकाबाहेक पुरस्कारहरू सट्टापट्टाका भुमरीमा छन्। यसले सही प्रतिभा र कृतिलाई छायाँमा पारिरहेको देखिन्छ । संस्कृति मन्त्रालयको देवकोटा पुरस्कारको कुरा गरूँ। त्यो पुरस्कार कुमारबहादुर जोशी, मोहनराज शर्मा, राजेन्द्र सुवेदीले पाएनन्। अरू धेरै देवकोटामा विद्यावारिधि गर्नेहरूले पाएका छैनन्। अरूले पाए तिनले देवकोटा पढेकै थिएनन्। उनलाई त्यो पुरस्कारको गरिमाभन्दा लाख रूपैयाँको थैलीको मात्र महत्त्व हुने हो । त्यसमा पनि समावेशी अनुहार देखिन्छ। पुरस्कारमा पनि कतै समावेशी खोजिन्छ ? पुरस्कारमा त योग्यता, क्षमता र राष्ट्रिय योगदान पो खोजिन्छ त ? कि कसो ? समावेशी पक्ष त सानो तहको जागिरलाई पो सुहाउँछ त। यो एउटा उदाहरण हो।

प्रकाशक र वितरकहरूले साहित्यिक कृतिहरूको राम्रो बजार व्यवस्थापन गर्ननसक्नाले सही पाठकका हातमा सही कृति पुग्ननसकेको अवस्था छ । यसमा राज्यले पालिकासम्म पुस्तक प्रवर्धन र बजारव्यवस्थापनमा सघाएको भए, प्रतिपालिका एउटा राम्रो पुस्तकालयको अवधारणा विकास गरेको भए हुन्थ्यो भन्ने लाग्छ । प्रतिपालिका पालिकाभवनकै एउटा कोठा वा छेउमा छुट्टै भवन बनाएर पुस्तकालय सञ्चालन गर्ने बुद्धि कुनै पालिकालाई आएन। अर्को पनि एउटा विसङ्गत पक्ष छ। अहिले आएका धेरै आत्मकथा लेखकका नभएर खेताला लेखकले लेखेका आइराखेका छन् ! त्यस्ता कति कृतिले पुरस्कार पनि उडाएका छन् । साना होइन ठुला पुरस्कार पड्काएका छन्। यस किसिमका कृत्यले सही लेखकलाई छायाँमा पार्ने सम्भावना बढेको छ। भो कुरा नगरौँ के के छ के के ? भद्रगोल छ ! यो सङ्गीतमा पनि छ। अन्त पनि छ। वास्तविक

सर्जक छायाँमा छन् । तिनलाई हेर्ने चिन्ने प्रतिभासहितको नीतिनिर्माताको खाँचो छ।

***सुमीः यहाँ मूलतः कवि हुनुहुन्छ । कवि वा सर्जक भएर पनि समालोचनातिर झुकाव हुनाको कारण विशेष केही छ कि ?***

***डा. रमेशः*** यहाँको मूल्याङ्कन ठिकै होला। म मूलतः सर्जक नै हुँ। मलाई समीक्षा गरिरहँदाभन्दा सिर्जना गरिरहँदा रमाइलो र आनन्द पनि लाग्छ। एउटा अनुष्ठाबद्ध भएर लागेको र मेरो मूल क्षेत्र यही होजस्तो लाग्छ। समीक्षा चाहिँ मेरो उच्चशिक्षा, प्राध्यापन पेसा र समाजको विश्वासले लागेको विधा हो। म स्नातक तहको विद्यार्थी हुँदैदेखि समीक्षकका रूपमा मञ्चमा उभिएँ। आज पनि मलाई प्रायः मञ्चमा समीक्षककै रूपमा उभ्याइएको छ। अब यो मेरो समाजिक र प्राज्ञिक उत्तरदायित्व बन्न थाल्यो । मलाई पनि मञ्चमा उभिएर केही कुरा राख्नु, कुनै कृतिमाथि बोल्नु र कुनै व्यक्तित्वमाथि बोल्नु साहित्यिक समाजको उत्तरदायित्व हो भन्ने लाग्नथालेको छ। त्यसै गरी कुनै पत्रिकाको विशेषाङ्क, अभिनन्दनग्रन्थ, स्मृतिग्रन्थ आदिमा लेख्नु र पत्रपत्रिकामा जिम्मेवार भएर लेख्नु पनि उत्तरदायित्व लाग्न थालेको छ।

***सुमीः यहाँ स्रष्टा र द्रष्टा दुबै हुनुहुन्छ, सिर्जना र समालोचनामा केकस्ता भिन्नता पाउनुभएको छ ?***

***डा. रमेशः*** मेरा विचारमा समीक्षाभन्दा सिर्जना ठुलो कुरा हो । सर्जकले समीक्षक भइनटोपल्दा पनि हुन्छ । फेरि सिर्जनाको प्रसव थाहा नपाउने समीक्षक ज्यादै रुखो र शास्त्रीय मूल्यहरूमा कमजोर पनि हुने रहेछ। म नाम नलिऊँ। नामै लिनु परे सन्दर्भ मिलाएर लिउँला। सिर्जनाविनाको समीक्षकले सिर्जनाको गर्भ केलाउन नसक्ने रहेछ। यसलाई राजशेखरदेखिको पूर्वीय परम्पराबाट बुझ्न सकिन्छ । सिर्जनाको सिद्धान्त र सामाजिक प्रभाव क्षेत्र केलाउन रचनागर्भ पनि बुझ्ने, सिर्जनाको मर्म पनि बुझ्ने समीक्षक भयो भने त्यो प्रभावकारी हुन्छ। मोतीराम भट्ट, सोमनाथ सिग्देल, लक्ष्मीप्रसाद देवकोटादेखिकै कुरा गरौँ न। तारानाथ शर्मा, वासुदेव त्रिपाठी, बालकृष्ण पोखरेल, अभि सुवेदी, राजेन्द्र सुवेदी, घनश्याम कँडेल, गोविन्दराज भट्टराई, भानुभक्त पोखरेल, ऋषिराज बराल, अमर गिरी भन्नुहोस् । हुँदै हुँदै रामप्रसाद ज्ञवाली, लेखप्रसाद निरौला, नेत्र एटम, देवी नेपाल, महेश पौडेल, सुरेश हाचेकालीसम्म । यहाँ छोटो वार्तामा सबैको नाम लिएर साध्य छैन । सर्जक र समीक्षक प्रतिभा भएका समीक्षकहरूको समीक्षा समाज, सिर्जना र सिद्धान्तलाई पनि छुने विशेष हुने रहेछ। समीक्षात्मक मर्म निकट हुँदो रहेछ।

सिर्जना नगरेर समीक्षा मात्र गर्ने केही मर्मज्ञ पनि हुनुहुन्छ । यदुनाथ खनाल, महादेव अवस्थी, केशवप्रसाद उपाध्याय, ठाकुर पराजुली, दधिराज सुवेदी, नरेन्द्र चापागाईं, कृष्ण गौतम, ताराकान्त पाण्डेय आदि । उहाँहरूसँग पनि सिर्जनात्मक चेत बलियो छ । कुनै न कुनै विधामा सिर्जना पनि गर्नुभएको छ। तपाईंले उहाँहरूको जीवनी पढ्नुभयो भने थाहा पाउनुहुन्छ । नेपाली समीक्षाका विकासमा

सर्जकहरूकै हात बढी छ। जो दोहोरो भूमिका खेल्नसक्ने छन् उनीहरूकै हात बलियो छ। सिर्जनात्मक सन्तुलन र सही इतिहास निर्माण्का लागि सर्जक र समीक्षक दुबै चाहिन्छ। यस वेला सर्जकभन्दा समीक्षक वा इतिहासकार बलियो हुन्छ। एउटा स्रष्टा आफैँ नचिनिएर समीक्षकका माध्यमबाट चिनिएको हुन्छ। त्यसैले समीक्षक दोस्रो सर्जक हो।

***सुमीः के सिर्जनात्मक क्षमता नभएको समीक्षकले समीक्षा गर्नै सक्तैन त ?***

***डा. रमेशः*** सकिहाल्छ नि। किन नसक्नु। तर त्यस्तो समीक्षकलाई सिर्जनाको गहिराइ नाप्न कठिन हुन्छ। आमा नबनेकी शिक्षिकाले शिशु कक्षामा पढाएजस्तै हुन्छ। घरव्यवहार चलाउन छोडेर भागेका साधुले दम्पत्ति कसरी मिल्नुपर्छ भनेर सिकाएर प्रवचन दिएजस्तै हुन्छ। उनीहरूका मूल्यनिर्णयहरू विश्वसनीय नहुन सक्छन्। मैले नारीको रजश्वला, प्रसववेदना, मातृभावमाथि जति लेखे पनि मैलेभन्दा बढी तपाईँले लेख्न र बुझ्न सक्नुहुन्छ नि होइन ? सासू, नन्द, देवर, जेठाजुसँगको सम्बन्धबारे मभन्दा तपाईँ जानकार हुनुहुन्छ नि होइन ? सन्तानको मातृममता हामीसँग भन्दा तपाईँहरूसँग बढी हुन्छ नि होइन ? पारिजातले मानुषी कवितामा यही कुरा लेखेकी छन्। त्यसको व्याख्या मभन्दा एउटी नारी समीक्षकले बढी गर्नसक्छिन्। त्यसमा पनि उनी कवि पनि रहिछन् भने विशेष अर्थ लगाउन र त्यसको गहिराइ नाप्न सक्छिन्। मैले भन्नखोजेको सर्जक सामर्थ्य पनि भएको समीक्षक पूर्ण हुन्छ भन्ने मात्र हो। यहाँ मलाई आरोप लाग्न सक्छ ज्ञान त जसले पनि विस्तार गर्न सकिहाल्छ नि भन्ने। ज्ञान, सामान्यज्ञान एउटा कुरा हो। वास्तविक ज्ञान र कलासापेक्ष ज्ञानको विस्तार अर्कै र विशेष कुरा हो। समीक्षा ज्ञानको विस्तार हो। त्यसमा पनि कलासापेक्ष ज्ञानको विस्तार हो। समीक्षा सिर्जना नै हो। यो सिर्जनाको अधिसिर्जना हो। सिर्जनामाथिको सिर्जना हो। कल्पना गर्नुहोस् त अधिसिर्जना जोसुकैले गर्नसक्ला ? एउटा समालोचना लेख्न थोरैमा दुई हप्ता लाग्छ। त्यहाँ सानो मिहिनेत हुन्छ भनेको ? सानो परिश्रम हुन्छ भनेको ? त्यहाँ सानो चेतना खर्च हुन्छ भनेको ? यो पुस्तक परिचय मात्र होइन नि।

***सुमीः यसरी त सोचिएको पनि रहेनछ। यहाँ नयाँ पुराना दुबै पुस्तालाई अध्ययन गरेर उनीहरूको सिर्जनागत मूल्याङ्कन गर्नुहुन्छ। 'लेखन सामाजिक दायित्व हो' भन्ने गरिन्छ। यस मान्यतालाई स्रष्टाहरूले आफ्ना सिर्जनामा कत्तिको आत्मसात गरिरहेका छन्जस्तो लाग्छ ?***

***डा. रमेशः*** पूर्वीय उपनिषद्मध्ये इशावाक्योपनिषद्ले भन्छ, 'कविर्मनिषी परिभू स्वयंभू।' यसको अर्थ कवि सर्वद्रष्टा हो। प्रायः सर्जक वास्तविक सर्जक समाजसचेत हुन्छन्। मसिनो गरी पढ्यो भने समाजवादी यथार्थवादी लेखक मात्र होइन गैरसमाजवादी यथार्थवादी लेखक पनि समाजसापेक्ष सिर्जना गरिरहेका हुन्छन्। मैले अघि नाम लिएका भवानी भिक्षु पढेन भने तराईको समाज बुझिँदैन। उनका कथाभरि तराईका समस्या छन्। बालकका, नारीका, समाजका बहुल समस्या छन्।

मोदनाथ प्रश्रित, रमेश विकल, ऋषिराज बराल, हरिरहर खनाल, प्रदीप नेपालका साहित्यमा पनि समाज छ, समाजका समस्या छन् र त्यत्तिकै गुरुप्रसाद मैनाली, पोषण पाण्डे, पद्मावती सिंह, राजेन्द्र विमल, कृष्ण धरावासीका आख्यानमा पनि समाजको समस्या छ । सूक्ष्म दृष्टिले हेर्दा उहाँहरू समाजका अफ्ठ्याराहरूमै कलम चलाइरहनुभएको देखिन्छ । हामी प्रगतिवादी साहित्यले मात्र सीमानाका, किनाराका र तल परेका आबाज बोल्छ भन्ने बुझ्छौँ । प्रगतिवादी स्रष्टाका कलममा मात्र होइन गैरप्रगतिवादी स्रष्टाका कलममा पनि निमुखाहरूका आबाज र समाजलाई मार्गदर्शनको बाटो हुन्छ । वी.पी.को 'एक रात' कथा क्रान्तिकारी छैन र ? कृष्ण धरावासीको 'झोला' कथाले समाजको एक किसिमको विद्रोह देखाउँदैन र ? राजेन्द्र विमलको 'लङ्का काण्ड' कथामा चित्रण गरिएको नायकको नियति कहाँ एउटा मार्क्सवादी लेखकको भन्दा कम छ र ? एक किसिमले असल स्रष्टाहरू सामाजिक दायित्वका साथ लेखिरहेका हुन्छन् । भानुभक्तले लोक्को गरूँ हित् भनी साहित्य लेखेका छन् । त्यहाँदेखि आजसम्म वास्तविक स्रष्टाको प्रयत्न लोकहितमा नै केन्द्रित छ । सस्तो मनोरञ्जन, यौन मनोरञ्जनमूलक साहित्य, रहस्यमय साहित्य आदि मनोरञ्जनका लागि हुन् । बौद्धिक तहमा तिनको अध्ययन विश्लेषण त्यति हुँदैन, त्यो बौद्धिक समीक्षकहरूको विषय बन्दैन । तीबाहेक शास्त्रीय भनूँ वा यथार्थवादी साहित्यमा म समाजशास्त्रीय चेतना नै पाउँछु । त्यसमा समाजसचेत, वर्गसचेत, विचारधारासचेत लेखकहरू बढी समाजलाई काम लाग्ने कुरा दिइरहेका हुन्छन् । त्यस्तो साहित्य वैज्ञानिक र आधुनिक मूल्यसापेक्ष पनि हुन्छ ।

कहिलेकाहीँ लेखकहरू सचेत नभइदिँदा समाज सयौँ वर्ष पछाडि धकेलिन्छ । जुन वादका भए पनि वास्तविक बौद्धिक लेखकले समाज पछाडि धकेलिन दिँदैनन् । सस्ता गायक, नृत्यकारहरूको प्रभाव एक छिन् हुन्छ । आज बजारमा स्टेज तताउने कलाकारले दीर्घकालीन प्रभाव नछोड्न सक्छन् त्यो चेतना र ज्ञान नभएर सामान्य मनोरञ्जन बनिदिन्छ तर लेखक बौद्धिक मानिस हुँदा उसको सिर्जनाको प्रभाव दीर्घ प्रभावी हुन्छ । प्रसिद्ध गायकले, नृत्यकारले पनि कतिसम्मको मनोरञ्जन दिने गरी गाउने वा नृत्य गर्ने भन्नेबारे सोचिसक्छन् । तपाईँ सङ्गीतको स्नातक वा विद्यावारिधि कलाकारले अश्लीलता झल्कने वा जातीय छेडपेच हुने गीत गाएको देख्नुहुन्न । उनीहरू समाजलाई काम नलाग्ने र शाश्वत पक्षलाई नसमाउने कला गाउँदैनन्, सङ्गीत पनि भर्दैनन् र नृत्य पनि गर्दैनन् । यो कलाका अन्य विधामा पनि लागू हुन्छ । यस अर्थमा लेखक सचेत हुनुपर्छ । समाजसचेत प्राणी लेखक हो । ऊ उच्चस्तरको कलाकार हो । अन्य कलाका विधाका कलाकारहरू पनि यस्ता विषयमा सचेत हुन्छन् ।

***सुमीः समालोचकलाई दोस्रो सर्जक वा पुनःसर्जक मान्ने विषयमा यहाँले केही कुरा गर्नुभयो । समालोचक पनि सर्जकै हुन् त ?***

***डा. रमेशः*** परम्परादेखि पूर्वमा पनि 'कवि करोति काव्यानि रस जानाति पण्डिता' भन्ने मान्यता थियो । आधुनिक चिन्तनले पनि इलियटका भाषामा वा हाम्रै पूर्वीय आचार्य राजशेखरका भाषामा पनि समीक्षकको महत्त्व उचो ठहर्‍याइएको थियो । देवकोटाले पनि समालोचकले ठुङ मार्ने बिग्रिएको बिरिएको ठाउँ देखाउने बताए । प्राचीन वा मध्यकालीन आधुनिक र उत्तरआधुनिक चिन्तकहरूले पनि समालोचकलाई दोस्रो सर्जक वा पुनःसर्जक मानेका छन् । यहाँ समीक्षकलाई अधिसर्जक वा दोस्रो सर्जक भनिदिनेजस्तो गरी समीक्षकलाई जमेर दोस्रो सर्जक बन्न चाहिँ गारो छ । सर्वमान्य मूल्यनिर्णय सामर्थ्यविना समालोचक नै बन्न सकिँदैन । समालोचकलाई दोस्रो सर्जक मान्नु जति सजिलो छ समालोचकले दोस्रो सर्जक हुनु त्यत्तिकै कठिन छ । लेखक वा पहिलो सर्जकले लहडमा पनि लेख्न सक्छ । खास प्रभावमा लेख्न सक्छ । त्यसरी लेखिएको कुनै पनि कृतिलाई विविध सम्भावनामा पठन गर्दै त्यसबाट अभिव्यञ्जित हुनसक्ने विविध अर्थहरूलाई देखाउनु, विविध भावहरूको र विश्वदृष्टि वा जीवनचेतनाको पहिचान गर्नु लरतरो काम हुँदै होइन । यो अखबारी समाचारी कर्म पनि होइन । भनिन्छ, समालोचकले सर्जकले पाठमा छाडेका राँटा मेट्छ । देवकोटाले शाकुन्तल महाकाव्यका भूमिकामा भनेको कुरा पनि यही हो । त्यस्ता राँटा वा ग्यापहरूलाई भर्दै कृतिलाई नयाँ जीवन दिन उत्तर आधुनिकताले समीक्षकलाई अनुमति त दिएको छ तर त्यस्तो समालोचक पाउने चाहिँ कहाँ ? यो पनि एउटा युटोपियाजस्तै बनिरहेको छ । हल्लाको विषय मात्र बनिरहेको छ र बुद्धिविलास मात्र बनिरहेको छ । परम्परित मान्यतामै रहेर उही कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु आदि शास्त्रीय तत्त्वको अवस्था भरेर मात्र समीक्षा गर्दा न राँटा भेटिन्छ न पश्चिमाहरूले भन्ने गरेका ग्यापलाई भर्न सकिन्छ । यो जटिल पक्ष हो । यी यी समीक्षक अधिसर्जक वा दोस्रो सर्जक हुन् भन्न कठिन छ ।

***सुमीः नेपाली समालोचना र पाश्चात्य समालोचनामा के कस्ता नयाँ मोड देखिएका छन् ?***

***डा. रमेशः*** यो प्रश्नको जबाफ धेरै लामो हुनसक्छ । म जबाफ दिन नसक्ने कमजोर पात्र पनि हुनसक्छु । अहिले उत्तरआधुनिकताका नाममा अनेक स्वविषयक र अन्तरविषयक समीक्षा पद्धतिहरू विकास भएका छन् । पाश्चात्य जगत्मा विकसित समालोचनापद्धतिहरू नेपाली समीक्षा परम्परामा पनि भित्रिएका छन् । अहिलेको नेपाली समीक्षा प्रयोगिक धारमा अनुसन्धान विधि र पद्धतिहरूसहित अगाडि बढिरहेको छ । यसमा पूर्वीय र पाश्चात्य सिद्धान्तहरूको परीक्षण बाक्लै भइराखेको छ । म यहाँ छोटो जबाफ दिएर उम्कन चाहेँ ।

***सुमीः उत्तरआधुनिक भन्छन् नि । यो उत्तरआधुनिकतावादी समालोचना भनेको के हो ?***

***डा. रमेशः*** उत्तरआधुनिकता एक किसिमले आधुनिकतामाथिको विद्रोह हो । केन्द्रको विघटन वा केन्द्र भञ्जन यसको एउटा

विशेषता हो। विधा मिश्रण तथा विधा भञ्जन, शब्दकेन्द्रवादलाई अमान्य मान्नु अथवा शब्दको निश्चित अर्थलाई मात्र स्वीकार नगर्नु, महाख्यानको अन्त्यजस्ता विशेषता यस चिन्तनले देखाएको छ। यस सिद्धान्तले शास्त्रीय विधाहरूको विरोध र अवमूल्यन गर्छ। महाकाव्यको अन्त्य भन्छ। महाआख्यान वा उपन्यासको अन्त्य भन्छ। यो एक किसिमले खाजाका ठाउँमा चाउचाउ हो। यसको राम्रो पक्ष बहुलताको प्रयोग हो। यस अवधारणाले विनिर्माण, पूनर्लेखन तथा विषयविस्तारलाई जोड दिएको छ। लेखकको मृत्युको अवधारणा पनि उत्तरआधुनिकताकै धारणा हो। यसले भूमण्डलीकरण विश्व ग्रामीण परिवेशको परिकल्पना गरेको छ। साइबर संस्कृतिको प्रयोग पनि यसै चिन्तनले स्वीकारेको चिन्तन हो। स्वैरकल्पना, मायिक यथार्थता, परोक्ष यथार्थ तथा अधियथार्थको प्रयोगलाई अनुमोदन पनि यसै चिन्तनले गरेको छ। यसमा केही मार्क्सवादी चिन्तनहरू पनि छन्। सीमान्तकृतहरूको नायक सामर्थ्य दिँदै नायकीपनलाई पनि यसले अबर्जन चेतनाका रूपमा स्वीकार गरेको छ। यस सिद्धान्तले बढी नै उपभोक्तावादी प्रवृत्तिको चित्रण गर्ने गर्छ। स्थानीय रङ वा आञ्चलिकता पनि उत्तरआधुनिकताले गर्भित गरेको छ। डायस्पोरिक (आप्रवासी) लेखन पनि यसका गर्भमा फस्टाइरहेको छ। बहुमुखी अभिघातको चेतना, सन्दिग्धताको मान्यता वा चेतना, पर्यावरणीय चेतना, रहस्यात्मकता आदिका साथै अरू दर्जनौं प्रवृत्ति वा प्रयोगलाई उत्तरआधुनिकताले आफ्नो छातामा अटाएको दाबी गरेको छ।

***सुमीः उत्तर आधुनिक चिन्तनका कारण साहित्यिक-समालोचनाका क्षेत्रमा कस्ता चुनौतीहरू देखिएका छन् ? यस विषयमा केही जानकारी पाऊँ न।***

*डा. रमेशः* उत्तरआधुनिकताको थालनी साहित्यिक क्षेत्रमा भन्दा पहिला कलाका क्षेत्रमा भएको मानिन्छ। मोटामोटी सन १९६० पछि पश्चिममा मूलतः जुन खालको चिन्तनको विकास भयो त्यसको पूर्व रूप खोजिने क्रममा पहिला कलाका क्षेत्रमा यस्तो मिश्रित सिर्जना भेटियो तर यसले विस्तारै अन्य बहुमुखी विषय र क्षेत्रलाई संक्रमित तुल्याउँदै ल्यायो। यसलाई मार्क्सवादीहरूले प्रतिध्रुवका रूपमा पनि व्याख्या गरेका छन् तर यसले मार्क्सवादलाई नै नवमार्क्सवादका रूपमा र सीमान्तीकृत चेतनाका रूपमा गर्भित गर्ने प्रयास गरेको छ। आफैँमा अस्थिर चिन्तन भएकाले उत्तरआधुनिकताको छाता फराकिलो भए पनि यसले आधुनिक सिद्धान्तहरूजस्तो स्थिर मूल्य भने प्राप्त गरिसकेको छैन। यस चिन्तनको संक्रमणको कुरा गर्दा यसले जन केज र लरी एन्डरसनका सङ्गीतदेखि रेसनवर्ग र वारहोलका कलासम्म, बार्थ र पन्चनका आख्यानदेखि जोन्स र भेन्तुरीका वास्तुकलासम्म, विनिर्माणवाद र उत्तर संरचनावादी सिद्धान्त तथा समालोचनादेखि विलफोर्ड र मार्कुसका नृतृत्व विज्ञानसम्म, बौद्रिलर्ड र ल्योटार्डका सामाजिक सिद्धान्तदेखि ज्याक डेरिडा र रोर्टीका दर्शनसम्म सबैलाई ओगटेर आइरहेको मानिन्छ। यी उदाहरणहरू अग्रज स्रष्टा द्रष्टा

एवम् हामी धेरैका गुरु मोहनराज शर्माले जुटाएका हुन् । हाल आएर कुनै पनि विधा र विषयमा चोखो रहन नदिने गरी यसको संक्रमण फैलँदो छ। यो एक किसिमको कला विषय र विधामा क्वाँटी वा हाइब्रिड संस्कृति भित्र्याउने चिन्तन हो। क्रमशः पुराना मूल्यलाई भत्काउँदै नयाँ मूल्य दिन खोजे पनि स्थापित गराउन नसकिरहेको अवस्थाले यसभित्र विरोधाभासी चिन्तन र स्वरूप बाक्लै देखिएका छन्। एकातिर पूर्वआधुनिकतातर्फ मोह अथवा रहस्यात्मक अतीतागमन र अर्कोतर्फ सञ्चार तथा मिडियामय द्रुतगामी जीवनशैलीको यथार्थतामा यो चिन्तन अल्मलिएको छ। एक किसिमको अराजकतावादीजस्तो पनि देखिएको छ । जस्तो भनूँ न सिद्धान्तको अर्थ छैन, अग्रजलाई इतिहासलाई मानिरहन आवश्यक छैन आदि।

***सुमीः उत्तरआधुनिकताको कुरा नि सैद्धान्तिक रूपमा र व्यवहारिक रूपमा कतिको संयोजित छ ?***

***डा. रमेशः*** उत्तरआधुनिकतावादीहरूसँग आधुनिकतावादीहरूको प्रश्न नै यही हो । यति वेला यहाँ आधुनिकतावादी भएर उत्तरआधुनिकतावादीतिर शङ्काका दृष्टिले हेरिरहनुभएको छ। वास्तवमै यो सुन्दा पढ्दा आनन्ददायी सजिलो कुराजस्तो लाग्छ तर व्यवहारिक रूपमा कठिन र गन्तव्यहीन छ । अघि भनेका विशेषतालाई सम्झौं न उत्तरआधुनिकताले विधालाई मान्दैन, इतिहासलाई स्वीकार गर्दैन, लेखकको सर्वसत्तावादलाई अस्वीकार गर्छ, लेखकलाई पाठबाट पूर्ण रूपले अलग्याउँछ, पाठलाई विभिन्न अर्थमा पुनर्पठन गर्दै जान्छ, हरेक सत्यलाई सापेक्षित रूपमा हेर्छ; यसो भएपछि चिन्तनको धरातलचाहिँ के त ? यो सैद्धान्तिक समस्या हो । यसको जति पठन गरे पनि मान्यताका कुरा गर्न सजिलो र स्वादिलो भए पनि यिनै सिद्धान्तलाई लिएर कुनै पनि कृतिको समीक्षा गर्न सजिलो छैन।

***सुमीः यहाँ आफ्नो पेसा र दौडधुपसँगै कसरी सिर्जनामा वा लेखनमा लागिरहन सक्नुहुन्छ ?***

***डा. रमेशः*** म पेसामा आबद्ध रहेर पनि पदलाई उति महत्त्व दिन्न । मैले स्कुलमा हुँदा पनि र क्याम्पसमा हुँदा पनि कहिलै पदलाई महत्त्व दिइनँ। म प्रिन्सिपल बन्नसक्ने क्षमताकै मान्छे हुँ। मलाई थाहा छ म त्यता लाग्ने हो भने ती संस्था मेरो हाकिमले भन्दा राम्रो बनाउने क्षमता मसँग होला तर मैले त्यसलाई त्यति महत्त्व दिइनँ। मैले अध्ययन अध्यापनलाई मात्र ध्यान दिएँ । त्यसो नगरेको भए मैले विद्याविशारद, विद्यावारिधि र आज यहाँसँग कुरा गर्नसक्ने यो समय मिलाउन सक्ने थिइनँ । त्यस्तै मैले सम्पत्तिलाई पनि पैसामा मात्र हेर्ने गरेको छैन। मेरो सम्पति शिक्षा पनि हो, सामाजिक सम्बन्ध पनि हो, मेरो स्वास्थ्य पनि हो, मेरा कृतिहरू पनि हुन्, मेरा विद्यार्थी र पाठकहरू पनि हुन् । यसरी सोच्ता मलाई गरिब हुँ भन्ने पनि भएन। पद चाहिन्छ भन्ने पनि भएन। मैले मन्त्री प्रधानमन्त्री भएका मानिसले पनि साधारण जीवन बिताएको देखेको छु । यसले मलाई एकाएक ठुलो मान्छे बन्नुपर्छ भन्ने पनि लागेन। मैले गठन गरेका संस्थामा योग्य अध्यक्ष खोजेर

म आफैँ सचिव भएर काम गरेको छु। उपाध्यक्ष भएर काम गरेको छु। त्यसो गर्दा मलाई कुनै फरक परेको छैन। कुनै हीनताबोध वा अन्य समस्या भएको छैन। परिवारमै पनि भाइले, श्रीमतीले, सन्तानले, बहिनीले कुनै कामको नेतृत्व लिएको मलाई रमाइलो लाग्छ। नेतृत्व, पद, पैसा, प्रतिष्ठाको लोभ नभएपछि बचेको समय अध्ययनमनन, सिर्जना, समीक्षा र साधनामा लागाउन सजिलो भएको छ। मैले धेरै कुरा लेखेको छु तर तिनलाई प्रशोधन गरेर बाहिर ल्याउन समय पुगिरहेको छैन। अर्कोपटक अन्तर्वार्ता लिने मौका मिलेछ भने म छुटेका कुराहरू बताउन सक्छु।

***सुमीः यहाँलाई साहित्य सिर्जना र तिनको समालोचनामध्ये बढी कुन गरिहालूँजस्तो लाग्छ ? किन ?***

***डा. रमेशः*** म बाल्यकालदेखि नै केही बनाऊँ, गरूँ भन्ने स्वभावको थिएँ। मेरो ग्रामीण परिवेशले मलाई धेरै कुरा सिकाएको छ। अहिले पनि मलाई कुनै विषयले छुनासाथ लेखिहाल्न पाए हुन्थ्यो भन्ने लाग्छ। मेरा सयौँ गीत गजल, कविता झट्ट फुरेको भावमा केन्द्रित छन्। मलाई समीक्षाभन्दा पहिला सिर्जना गरूँझैँ लाग्छ। कुनै कृतिमा केही नवीन मूल्य देखेपछि भने समीक्षा गरिहालूँजस्तो लाग्छ।

***सुमीः नेपाली साहित्य र समालोचनाको भविष्य कस्तो देख्नुहुन्छ ?***

***डा. रमेशः*** यस विषयमा केही आशाका किरण पनि छन्। केही निराशाका छायाँ पनि छन्। आशा यस अर्थमा कि नयाँ पुस्ताका केही प्रतिभाहरू निकै जिम्मेवार ढङ्गले लागिरहेका छन्। अनलाइन साहित्य विधाकेन्द्रित सञ्चारमाध्यमहरू पनि विकास भइरहेका छन्। प्रकाशन पहुँच हिजोभन्दा धेरै सहज भएको छ। केही प्रकाशकले पैसा लिएरै भए पनि कृतिको स्ट्यान्डर राखेर प्रकाशन गरेका छन्। निराशाका केही बादल पनि देखिएका छन्। संस्थाका र संस्थानहरूका नियुक्ति विज्ञभन्दा पनि सरसम्पर्क, आस्था आदिका आधारमा भइराखेको छ। साझा प्रकाशन र नेपाल प्रज्ञाप्रतिष्ठानजस्ता संस्था कमजोर मात्र होइन निकै कमजोर भइराखेका छन्। संस्कृति मन्त्रालय देशमा अरूभन्दा कमजोरजस्तो देखिन्छ। स्थानीय तह र प्रदेश सरकारहरू पनि विकास भनेका बाटोघाटो, पुलपुलेसा, टावर, भवन मात्र देखिरहेका छन्। हिजो धेरैको प्रकशनका आशाका केन्द्र रहेका मिर्मिरेजस्ता पत्रिकाहरू सम्बन्धित संस्थाले बन्द गरेर राखेका छन्। महिनामा निस्कने मिर्मिरे वर्षमा एक अङ्क निस्कन थालेको छ। लेखनमा गम्भीर भावभन्दा पनि सस्ता विषय र नारामूलक विषयहरू विकास भएका छन्। समीक्षा पनि कमजोर कमजोर र निकै कमजोर बनिरहेको देखिन्छ। सही प्रतिभा कुनामा बसेर सिर्जना गरिरहेका छन्। सञ्चारको उपयोग गर्नेहरू रातारात चर्चामा छन्। देवकोटाको भलादमी निबन्धमा चित्रण गरिएजस्तै नक्कली लेखकहरू मञ्चमा छन्। साधकहरू नेपथ्यमा छन्। तपाईँ विमोचनका तामझाम हेर्नुहोस्। काठमाडौँमा, प्रमुख सहरमा, गृहविमोचन भनेर एउटै कृति दर्जनौँचोटि विमोचन पनि भइरहेका छन्। यहाँ

खास कृतिहरूको हल्ला हुँदैन। केही दैनिकका समीक्षाहरू हेर्‍यो भने त्यस्तै अवस्था छ। केही चलेका पत्रिकाका समीक्षामा पनि यही अवस्था छ। केही चियापानीका बसाइपछि बल्ल एउटा समाचार वा समीक्षा आउने अवस्था छ। यसले हामीलाई कहीँ पुर्‍याउँदैन। यतैउँदी थच्याएर राख्छ।

***सुमीः यहाँ क्याम्पसमा पढाउनुहुन्छ। पाठ्यक्रममा रचना समावेश हुनुलाई लेखकहरूको प्रतिष्ठाको विषय मानिन्छ। यहाँका रचना पनि पाठ्यपुस्तकहरूमा देखिन्छन्। यहाँले वर्तमान नेपाली विषयका पाठ्यक्रमलाई कसरी हेरिरहनुभएको छ ?***

***डा. रमेशः*** मैले पढ्दादेखि आजसम्म म पाठ्यक्रम र त्यहाँ समेटिने साहित्यिक रचनाहरूलाई नजिकबाट पढिरहेको र मनन गरिरहेको छु। म मानविकी र शिक्षाशास्त्रको विद्यार्थी पनि हुँदा पाठ्यक्रम र पाठ्यपुस्तकका विषयमा पनि सचेत छु। म आफैँले लेखेका कक्षा एकदेखि पाँचसम्मको पाठ्यपुस्तकमा एउटा पनि लेखकको रचना नदोहोर्‍याएर तयार पारेको थिएँ। यो चेतना आजका पाठ्यपुस्तक लेखकमा कमजोर देखिन्छ। एकै पात्र दोहोरिइरहेको देखिन्छ ! यता उच्चशिक्षाको पाठ्यक्रम कुनै विदेशी विश्वविद्यालयको फोटोकपीजस्तो लाग्छ ! समेटिनुपर्ने प्रतिभा समेटिएका छैनन्। कमजोर स्रष्टाहरू समेटिइरहेका छन्। कतै समावेशीका नाममा र कतै भनसुन र चिनाजानी वा राजनीतिक कित्ताका नाममा कमजोर रचनाहरू पाठ्यक्रममा परिरहेका छन्! यसले राष्ट्रियता र यस विषयको गरिमालाई कमजोर बनाइरहेको छ।

***सुमीः आजभोलि सामाजिक सञ्जालतिर विद्यालयका पाठ्यपुस्तकमा मेरो यो रचना छापियो, ऊ रचना छापियो भनेर हालेको देखिन्छ। विद्यालयका पाठ्यपुस्तकमा कसरी रचना समेटिन्छन् ?***

***डा. रमेशः*** विद्यालयका लागि शिक्षा मन्त्रालयको पाठ्यक्रम विकास केन्द्रले एउटा पाठ्यक्रम बनाउँछ। त्यस पाठ्यक्रमअनुसार लेखकहरूले पुस्तक लेख्ने हो। त्यस क्रममा पाठ्यक्रमका उद्देश्य र आवश्यकताअनुसार रचना छनोट हुने र समेटिने हुन्। लोककथा, सामाजिक कथा, मनोवैज्ञानिक कथा, पौराणिक कथा राख्नुपर्ने हुन्छ; त्यस मापदण्डमा परेको कथा समेट्ने हो। लोकगीत, लोकलयको कविता, शास्त्रीय लयको कविता, नैतिक उपदेशप्रधान कविता आदि भनिएको हुन्छ त्यसअनुरूपको रचना छानेर समेट्ने हो। त्यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनी भनिएको हुन्छ। पुस्तकका लेखकले पाठ्यक्रम पनि हेरेर, समय परिस्थिति पनि हेरेर समग्र साहित्य भण्डारबाट उपयुक्त र त्यसमा पनि सर्वोपयुक्त रचना आवश्यकताअनुसार समेट्ने हो। सरकारी पाठ्यपुस्तक पनि त्यसरी लेखिएकामध्ये एउटा परीक्षण गरेर सरकारीका रूपमा मान्यता दिने हो तर आजभोलि सरकारी पाठ्यपुस्तक लेखकको टिम पहिला नै तयार पारिन्छ र अरू निजीहरूका लागि मात्र स्वतन्त्र लेखकले लेख्न पाउँछन्। अरू कुरा त मैले अघिल्लो प्रश्नमा पनि भनिसकेको छु।

***सुमीः नेपाली साहित्यका मूर्धन्य हस्तीहरूमध्ये***

***यहाँ अत्यधिक प्रभावित कोबाट हुनुभएको महसुस गर्नुहुन्छ ?***

***डा. रमेशः*** मेरा बालमष्तिस्कमा विद्यालयका पाठ्यक्रममा पढ्नुपर्ने र पढिएका प्रतिभाहरूको प्रभाव पर्‍यो। त्यसो हुनुको कारण अन्य विषय पढ्ने अवसरै नहुनु पनि हुनसक्छ । त्यही प्रभावले मैले एम.ए.मा देवकोटा नै मेजर पढेँ। एम.फिल.र पिएचडीको विषय पनि देवकोटा नै बनाएँ। लेखनाथ पौड्याल, माधव घिमिरे, भूपी शेरचन, गोपालप्रसाद रिमाल आदि कवि बढी मन परे । ती प्रतिभा मन पर्नुको कारण सानैदेखि पढ्नु पो हो कि पनि लाग्छ। उनका युगमा अरू पनि राम्रा लेख्ने मानिस त रहेछन् नि। तर यो विषय म आज आएर बुझ्दै छु। कथा विधामा रमेश विकल बढी सम्प्रेष्य लाग्छन् । उनको कला र विचारको संयोजन अद्भुत लाग्छ । विजय मल्लका, गोविन्द गोठालेका कथादेखि पारिजात, ऋषिराज बराल आदिका कथा असाध्यै विचारउत्तेजक लाग्छन् । बौद्धिकता र विषयको संयोजनका हिसाबले भवानी भिक्षु ज्यादै विशेष लाग्छन् । इन्द्रबहादुर राईको लेखन पनि भिक्षुको जस्तै लाग्छ तर कता कता भिक्षु बढी सघन लाग्छन्। काव्य महाकाव्यतर्फ देवकोटा, मोदनाथ प्रश्रित, भानुभक्त पोखरेल, वासुदेव त्रिपाठी, घनश्याम कँडेल, भुवनहरि सिग्देल, नवराज लम्साल आदि पठनीय लाग्छन् । रामप्रसाद ज्ञवाली मेरा मन पर्ने लेखक हुन् । उपन्यासतर्फ धेरै पढेको छु । अहिले पछिल्लो समय पनि पढिरहेको छु। चर्चा नगर्दा हुनेको बढी चर्चा भएजस्तो लाग्छ। मदनमणि दीक्षितको माधवी नेपाली साहित्यलाई प्राप्त विश्वसाहित्यलाई देखाउनलायक उपन्यास हो । एकेडेमीहरूले यसलाई विश्वमा पुग्ने भाषाहरूमा अनुवाद गरेर पठाउनुपर्छ । बाङ्देलका सबै उपन्यास प्रिय लाग्छन्, तिनमा रहेको हिन्दी साहित्यको प्रभाव पक्ष पनि खोजिनुपर्छ। केशवराज पिँडाली पनि विशेष लाग्छन् । उनको 'बाँच्ने एउटा जिन्दगी' आज पनि छाइने रचना बनेर मेरो मनमा छ। ध्रुवचन्द्र गौतमका एक दर्जन बढी उपन्यास पढेँ होला अलिखित, अग्निदत्त अग्निदत्त, घुर्मी, उपसंहार अर्थात् चौथो अन्त्य, कट्टेल सरको चोटपटक, सबै सबै आफैँसँग प्रतिष्पर्धी छन् । पारिजातका उपन्यास दोहोर्‍याएर पढेको छु । विजय मल्लाका पल्लो घरको झ्याल, अनुराधा आदि म अक्षरस सम्झन्छु । रमेश विकलको अविरल बग्द छ इन्द्रावती सिरियल पनि हेरेकाले हो कि किन हो मनमा छाप पारेको उपन्यास हो । ध च गोतामेको घामका पाइलाहरू, दौलत विक्रम विष्टका चपाइएका अनुहारहरू र भोक र भित्ताहरू सरु भक्तका पागल वस्ती, चुली प्रतिगन्ध, मत्स्येन्द्र प्रधानको नीलकण्ठ, विश्वेश्वरप्रसाद कोइरालका सुम्निमा, नरेन्द्र दाइ, हिटलर र यहुदी, मोदीआइन आदि। शिवकुमार राईको डाक बङ्गला, रूपनारायण सिंहको भ्रमर, लीलबहादुर क्षेत्रीको अतृप्त, बसाइँ, नारायण ढकालको कालको प्रेतकल्प, नयनराज पण्डेको उलार आदि । कृष्ण धरावासी, पुण्य खरेल, पद्मावती सिंह आदि धेरै उपन्यासकार पढिरहेको छु । धरावासीका आत्मकथा पनि उपन्यास पनि भन्न मिल्ने रचनाहरू निकै मन छुने लागिरहेका छन् । उनको तल्लोबाटो अन्तर्राष्ट्रिय परिवेशलाई छुने उपन्यास हो ।

शरणार्थी आजका विश्वका शरणार्थीलाई छुने खालको प्रयोगशील उपन्यास हो । राजेन्द्र सुवेदीको 'धितोकोख' मलाई विशेष लागेको हो । प्रदीप नेपालका उपन्यासहरू, मोदनाथ प्रश्रितका चोरलगायतका आख्यानहरू पठनीय छन् । यी रचना अनुवाद गरेर विश्वका कुनै भाषामा पुर्‍याए हामीलाई घाटा हुँदैन । बरु नेपाली साहित्य यति समृद्ध रहेछ भन्ने थाहा दुनियाँलाई हुने छ।

निबन्धतर्फ देवकोटा, शंकर लामिछाने, मोदनाथ प्रश्रित, तारानाथ शर्मा, भैरव अर्याल, श्याम गोतामे, केशवराज पिँडाली, कृष्णचन्द्रसिंह प्रधान, मञ्जुल, सुधा त्रिपाठी आदि पठनीय लाग्छन् । नाम लिँदा कुन विधामा कसको मात्रै लिने । मैले कस कसका नाम लिइदिएँ। नाम नलिएका लेखक रिसाउनुहोला भन्ने चिन्ता । पछिल्लो समय राम्रा निबन्धकारहरू देखिनुभएको छ। अहिले हास्यव्यङ्ग्यतर्फ धेरै राम्रा निबन्धकारहरू आइराख्नुभएको छ। चिन्तनप्रधान निबन्धहरू पनि प्रशस्त लेखिइरहेका छन्।

***सुमीः यहाँले सामाजिक चेतनाको विकासमा नेपाली लेखकहरूको भूमिका कस्तो रहेको पाउनुभएको छ ?***

***डा. रमेशः*** यो पक्ष लेखकका कृतिको गहन पठनपछि मात्र थाहा पाइन्छ । मैले एउटा उपन्यास सम्पादन गरिरहँदा अन्तिममा मात्र यो कृति धर्मप्रति बायस छ भन्ने थाहा पाएको थिएँ। सक्षम लेखकले यस्ता कुरालाई छिपाउन सक्छन्। सोझो अर्थमा भन्दा लेखक समाजको चेतनाभन्दा आधा एक शताब्दी अगाडि हुन्छ। लेखक पनि एउटा दार्शनिक हो। उसका विचार समाजमा ग्रहणशील पाठकले मात्र पहिल्याउन सक्छन्। मैले अघि पनि भनेँ 'मानव' महाकाव्य मानवतावादी दर्शनमा रहेछ भन्ने कुरा धेरैपछि थाहा भयो । समाजका परिवर्तन पछि पछि र लेखकका विचार अघि अघि हुन्छन् । त्यसो नभए गणतन्त्रपछि मात्र विकास हुने नारीचेतना २००४ सालमा रिमालले, देवकोटाले कसरी लेख्नसक्थे र ? चन्द्रमामा यान पुग्ने कुरा देवकोटाकै जीवनकालमा कसरी कल्पना हुन्थ्यो र ? त्यो पनि नेपाली परिवेशमा २०१० सालअघि नै !

***सुमीः सर्जकहरूमा वैचारिक प्रतिबद्धता हुनु कतिको जरुरी छ ?***

***डा. रमेशः*** यो लेखकको स्वतन्त्रताको कुरा हो। सच्चा लेखक चाहिँ कुनै दर्शन विचारको विस्तार र नव दर्शनको निर्माणमा लागिरहेका हुन्छन् । यहाँको प्रश्नको आशय प्रगतिवादी र गैरप्रगतिवादीको दोहोरीसापेक्ष छजस्तो लाग्छ। कला कम भयो भने विचार मात्र चाहिँ साहित्य हुँदैन त्यो समाजशास्त्र मात्र बन्छ। विचार र कला घोल्नसक्ने स्रष्टा विचारमा पनि र कलामा पनि बाँच्छ।

***सुमीः यहाँका विचारमा एउटा साहित्यकार कस्तो हुनुपर्छ ?***

***डा. रमेशः*** यसको उत्तर लामो पनि होला । यहाँ हतारमा धेरै कुरा सोध्न खोज्दै हुनुहुन्छ। छोटकरीमा भन्दा एउटा साहित्यकार समाज, राष्ट्र र विश्वसचेत हुनुपर्छ । उसका रचनाले

उसको मनोभाव मात्र पोखेर पुग्दैन । उसको रचनामा ऊ बाँचेको आञ्चलिक रङ, राष्ट्रिय रङ वा विश्वको रङ पनि घोलेको साहित्य लेख्नसक्नुपर्छ । कहिलेकाहीँ साहित्यमा राजनीति हुनुहुँदैन, साहित्यमा राजनीति घुस्नुहुँदैन भनिन्छ तर राजनीति पनि दर्शन हो । राज्य सञ्चालन गर्ने नीति हो । साहित्यले त्यसका असल र सबल पक्षलाई लिइरहेकै हुन्छ । विश्वको महान् साहित्य महाभारत र रामायण होजस्तो लाग्छ तर यी दुबै कृतिमा राजनीति पनि बलियो छ । राजनीति सापेक्ष निरपेक्ष जे भए पनि साहित्य उच्च कला हो । राजनीतिनिरपेक्ष भएर पनि कुनै कलाको वैचारिक धरातल रहेन भने त्यो कालजयी हुँदैन ।

***सुमीः राष्ट्रका प्रति साहित्यकारको वा स्रष्टाको कर्तव्य केकस्तो होला ?***

***डा. रमेशः*** अलिकति छिमेकी मुलुकको अभ्यासलाई हेरौँ । चीनले हजारौँ लेखक चीनको परिचय विस्तारका लागि नियुक्त गरेर राखेको छ । त्यहाँका राष्ट्रपतिको भाषण राज्यका नियुक्तिमा रहेका लेखक दार्शनिक र उच्चस्तरका कूटनीतिज्ञहरूले तयार पार्छन् । राष्ट्रपतिले बोलिसकेपछि त्यसलाई पहिलोपटक चिनियाँ भाषामा सम्पादन र प्रकाशन गर्छन् त्यसपछि विश्वका प्रमुख भाषामा अनुवाद गराउँछन् । त्यस एउटा प्रकाशनले त्यस देशप्रति संसारको ध्यान खिचिन्छ । देशलाई चिनाउन साहित्यकार एवम् वाङ्मयिक जुनसुकै विषय र विधाका लेखकको भूमिका ठुलो हुन्छ । हामीले हाम्रो हिमाल, पहाड र तराईका विषयमा जति लेख्नुपर्ने हो त्यति लेखेका छैनौँ । हाम्रो लोकसंस्कृति र रीतिथितिमा आधारित जति साहित्य लेख्नुपर्ने हो त्यो गर्नसकेका छैनौँ । हाम्रा झन्डै १४० जातजाति हाम्रा साहित्यमा अटिसकेका छैनन् । त्यत्तिकै हाराहारीमा रहेका भाषाभाषीका लवज हाम्रो साहित्यले प्रस्तुत गरिसकेको छैन । शिल्पकार र लोककलाकार हरूका कलालाई साहित्यले आफ्नो विषय र विम्ब बनाउन सकेको छैन । कुनै मुलुकले एउटा महान् साहित्यकार पाउनु त्यो मुलुकको प्रतिष्ठा हो । हाम्रो भाषाको साहित्यकार विश्वस्तरीय नोवेल पुरस्कार वा अन्य यस्तै उच्चस्तरको पुरस्कार पाउने अवस्थामा छैन ।

मोटोमोटीमा हाम्रो साहित्यले वि.सं.को यस शताब्दीको आरम्भदेखि आधुनिक मूल्य राम्ररी अवलम्बन गरेको भए पनि यहाँ विश्वका चमत्कारहरू पुगिसकेका छैनन् । हाम्रा छिमेकी भारत र चीनले अन्तरिक्षमा आफ्ना यान पठाए तर हामीले त्यो सकेका छैनौँ । देवकोटाले लेखेको 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक'को भावना वैज्ञानिक रूपमा पनि पाउन सकेका छैनौँ र विश्वका चमत्कारहरू हाम्रो साहित्यमा समेट्न पनि सकेका छैनौँ । साहित्यकार समाजको अभिप्रेरक, अगुवा हो । उसको साहित्य सम्बन्धित भाषा र त्यो भाषा बोल्ने वा त्यो राष्ट्रियताका नागरिकको साझा गरिमा हो । यस कुरालाई हामी रवीन्द्रनाथ ठाकुरका जीवनबाट हेर्नसक्छौँ । उनी बङ्गाली भाषी थिए । भारत टुक्रिएर बङ्गलादेश बन्यो । उनलाई दुबै मुलुकले बिर्सन सकेनन् । आज उनका रचना भारत र बङ्गलादेश दुबैले राष्ट्रगानका

रूपमा गाउँछन् । समकालीन इतिहासकार वा समाजशास्त्रीले भन्दा सञ्चारकर्मीले भन्दा बढी साहित्यकारले देशलाई प्रतिविम्बन गरिरहेको हुन्छ ।

***सुमीः कोरा सिद्धान्त र आदर्श मात्र छाँटिएको साहित्य समाजोपयोगी हुन्छ होला ? साहित्यमा जीवन हुनु कतिको आवश्यक ठान्नुहुन्छ ?***

***डा. रमेश :*** साहित्य सिद्धान्त र आदर्श होइन । त्यसो भन्दाभन्दै हरेक कुराको विकासपछि त्यो आदर्श बन्छ । आधुनिक र यथार्थ एवम् अतियथार्थमूलक, आलोचनात्मक यथार्थमूलक साहित्य हुनुपर्छ भन्दैमा शास्त्रीय ज्ञान आवश्यक छैन भन्ने होइन । शास्त्रीयता बुझेर नै प्रयोग गर्ने वा पहिला शास्त्र बुझ्ने र नयाँ ढाँचाको खोजी गर्ने हो । जे विषय लिए पनि शास्त्रीय ढाँचामा वा आधुनिक उत्तरआधुनिक जुन ढाँचामा प्रस्तुत गरे पनि साहित्यमा जीवन हुनु चाहिँ आवश्यक छ । जीवनजगत्को विषय र प्रस्तुति भएन, जनसरोकारको विषय रहेन भने साहित्य दराजको सजावट मात्र बन्छ । मैले एउटा लेख श्याम तमोटको गीतमा आधारित भएर तयार पारेको थिएँ । 'गाउँ गाउँबाट उठ, वस्ती वस्तीबाट उठ' गीतलाई मूल विषय बनाएर । यो गीत प्रजातन्त्र माग्नेले पनि गाए । गणतन्त्र माग्नेले पनि गाए । राजतन्त्र माग्नेले पनि गाए । यो सामर्थ्य यस गीतमा रहेको जागरणमुखी जीवन हो । जीवनलाई निराशाका खाडलमा धकेल्ने साहित्यभन्दा जागरण प्रदान गर्ने साहित्य राम्रो हुन्छ । साहित्यमा निराशाको कुरा पनि अटाउँछ । त्यसलाई समाजप्रतिको व्यङ्ग्यका रूपमा प्रयोग गरियो भने निराशा, कुण्ठा, घुर्की आदि पनि आशावादी बन्छन् । अर्जुन पराजुलीले एउटा कवितामा 'सन्दुक रुइत ! मलाई आँखा नदेख्ने बनाइदेऊ' भनेर लेखेका छन् । यसको अर्थ निराशा बाँड्नु नभई विकृतिलाई देखाउनु हुन्छ भने निराशालाई पनि, पश्चगमनलाई पनि व्यञ्जनाका रूपमा प्रयोग गर्नसकिन्छ । मृत्युलाई पनि जीवनऊर्जाका रूपमा प्रयोग गर्नसकिन्छ । 'गोली नपाएर रोगी मर्‍यो, गोली खाएर जबान मर्‍यो । गोली नखानाले म जीवितै छु' भन्दा यहाँ मर्न पाए हुन्थ्यो भन्ने अर्थ लाग्दैन । मान्छे विनाकारण मरिरहेका छन् भन्ने अर्थ लाग्छ । 'मलाई फाँसीमा चढाऊ, म यस मुलुकमा बाँच्न चाहन्नँ' भन्दा मुलुक सुध्रिन आवश्यक छ, समाज सुध्रिन आवश्यक छ भन्ने अर्थ लाग्छ । यस्ता सिर्जना कालजयी होलान् कि नहोलान् यो अर्कै कुरा हो । मैले गधा शीर्षकको कवितामा मलाई भारी बोक्न पाए हुन्छ भन्ने भाव व्यक्त गरेको छु । त्यसको व्यञ्जना जनतालाई गधा नबनाऊ हो । साहित्यकारले सकेसम्म जीवन नै लेखिरहेका हुन्छन् । जीवन रहेन भने त्यो साहित्य मृत हुन्छ । निकम्मा हुन्छ ।

***सुमीः मानिस साहित्यतर्फ किन लाग्छ होला ? समाजप्रतिको दायित्वबोधले, कुनै वैचारिक कारणले, संसारको राप र ताप बिर्सन अथवा अन्य कुनै कारणले किन होला ?***

***डा. रमेशः*** पूर्वीय साहित्याचार्यहरूले यस प्रश्नको जबाफलाई धर्म, अर्थ, काम, मोक्षको सीमामा राखेका छन् । आज यो जबाफ उति काम लाग्ने अवस्थामा छैन । यसको जबाफ

मानवजीवनलाई अझ बलियो बनाउनलाई; ज्ञान, विज्ञान र चेतनाको विस्तार गर्न हो भन्ने देखिन्छ । आफ्नो भाषा, साहित्य, संस्कृतिको उत्थानको दायित्वबोध पनि हुन्छ । धेरै अङ्ग्रेजी पढेका विद्वान्‌हरू मातृभाषामा लेख्छन् । तारानाथ शर्मा, अभि सुवेदी, डी.पी.भण्डारी, गोविन्दराज भट्टराई, सञ्जीव उप्रेती, आनन्ददेव भट्ट आदि धेरै उदाहरण छन् । यो अवस्था अरू भाषामा पनि छ । यस अर्थमा कर्तव्यबोध र भावनात्मक प्रभाव पनि हुन्छ । वैचारिक कारणले पनि आफ्नो विचार स्थापना गर्न साहित्य लेखिएका उदाहरण धेरै छन् । नारीले नारीका मुद्दा, दलितले दलितका मुद्दा, कम्युनिस्टले आफ्ना मुद्दा, राजतन्त्रवादीहरूले राजाको नायकत्व र महानायकत्वको मुद्दा उठाउनुको कारण यही हो । आआफ्ना धर्म, सम्प्रदाय केन्द्रित कृति र भजनहरू लेखिनुको कारण पनि यही हो । धर्मकेन्द्रित पुराण र उपपुराणहरू लेखिनुको कारण पनि यही हो । ती पुराणमा पनि केही शाश्वत पक्ष आधुनिक चेतनाका पक्ष हुन्छन् । आज हामी सम्मानलाई मात्र ठुलो कुरा ठानिरहेका छौँ । वास्तविक व्यक्तिको हैसियत अपमानले देखाइदिन्छ । हजारौँ वर्षपहिले लेखिएको मार्कण्डेय पुराणमा एउटा अंश भन्छ :

*मानापमानौ यावेतौ तावेवाहुर्विषामृते ।*
*अपमानोऽमृतं तत्र मानस्तु विषमं विषम् ॥*
*(मार्कण्डेयपुराण ४१ : ३)*

यसको अर्थ हो मान र अपमान नामका विष तथा अमृतमध्ये अपमान अमृत हो भने मान (सम्मान) ज्यादै तेजिलो विष हो । मानिसले प्रशंसामा भुलिनुहुँदैन बरु आलोचनाका जगबाट अगाडि बढ्नुपर्छ भन्ने दर्शन छ यहाँ । हामीले मसिना यथार्थहरू वेद पुराणबाट पनि खोज्नु, बुझ्नुपर्छ । ती आदर्श वा दराजमा सजाउने ठुला पुस्तक मात्र होइनन् । यहाँले प्रश्नसँगै दिएका विकल्पमध्ये संसारिक राप, चाप, ताप बिर्सन हो कि भन्ने छ । यो पनि हुनसक्छ । गरिबीमा, पीडामा, जेलमा वा यस्तै अफ्ठयारो परिस्थितिमा, युद्धका भग्नावशेषमा, प्रकोपका भग्नावशेषमा बसेका सर्जकका कलमबाट महान् साहित्य जन्मनुले यस पक्षलाई देखाउँछ तर त्यसरी जेलमा सिर्जना भएका साहित्य खास मुद्दामै केन्द्रित छन्, आफ्नो विचार प्रवाहमै केन्द्रित छन् । असफलता, धोका आदि पक्षको समनका लागि, शोक समनका लागि साहित्य सिर्जना भएका अनेक उदाहरणहरू हामीसँग छन् । साहित्य तत्कालीन परिस्थितिले जन्माउने भावना र कलाको संयोजन पनि हो ।

***सुमी: स्रष्टामा आफ्ना सिर्जनाका माध्यमबाट समाज रूपान्तरण गर्ने सामर्थ्य हुन्छ ?***

***डा. रमेश:*** हुन्छ नि किन नहुनु ? 'जाग जाग अब जाग न जाग' भनेर धरणीधर कोइरालाहरूले आरम्भ गरेको जागरणको जगमा २००७ सालको परिवर्तन भएको छ । देवकोटाका पहाडी पुकारजस्ता रचनाको ठुलो भूमिका छ । केवलपुरे किसान, युद्धप्रसाद मिश्र, श्यामप्रसाद शर्मा, गोकुल जोशी, रमेश विकल, मोदनाथ प्रश्रित, प्रदीप नेपाल, ऋषिराज बराल, मोहनविक्रम सिंह आदिका रचनाले यो समाजको कायापलटमा सघाएका छन् । पारिजात र मञ्जुलहरूका रचनाको तागत

पनि त्यही छ । रामेश रायनका गीतहरूले पनि त्यही भूमिका खेलेका छन् । जीवन शर्माका गीतहरू पनि त्यस्तै रचना हुन् । पुष्पलाल, मदन भण्डारी, प्रदीप गिरी, शीतबिन्दु, बाबुराम भट्टराई आदिका वैचारिक लेख र रचनाको पनि समाज परिवर्तनमा ठुलो महत्त्व छ । यहाँका अघिल्ला प्रश्नका जबाफमा पनि केही कुरा आइसकेकोजस्तो लाग्छ ।

***सुमीः कस्ता सिर्जनाले कसरी अमरत्व प्राप्त गर्छन् ?***

***डा. रमेशः*** पूर्वीय संस्कृत साहित्यअन्तर्गत अमर सिर्जना रामायण र महाभारत हुन् । चिनियाँ साहित्यका लुसुन र रुसी साहित्यका गोर्कीका रचना अमर मानिन्छन् । 'आमा' हामी धेरैले पढेको कृति हो । यो विश्वमा पनि अनुवाद भएर गएको छ । हाम्रा देवकोटाको मुनामदन कति भाषामा कहाँ कहाँ पुग्यो ! हाम्रा अरू उपन्यास नाटकहरूको अवस्था विश्वसाहित्यलाई के थाहा छ ! प्रायः युगको आबाज बोल्ने रचनाहरू उपयोगी र पठनीय हुन्छन् । रचना कालजयी बनाउन स्रष्टाले मात्र सक्तैन । त्यसलाई अनुवाद गरेर विश्व बजारमा पठाउन राज्यको पनि सहयोग चाहिन्छ भनिन्छ नि । रचनाको अमरता साधना मात्र नभएर केही साधन र साध्यहरू पनि चाहिन्छ कि ? जे भए पनि कालजयी, अमर, सदावहार रचना गर्न सर्जकको कलम नै बलियो हुनुपर्छ । संस्कृतका कालिदास, हाम्रा भानुभक्त, लेखनाथ, घिमिरे, प्रश्रित साधनले होइन साधनाले प्रसिद्ध बनेका हुन् र कालजयी कविता काव्य महाकाव्य सिर्जना गर्नसकेका हुन् । मदनमणि दीक्षितले माधवीलाई ११ पटक पुनर्लेखन गरेको बताएका थिए । गुरुप्रसाद मैनालीले प्रत्येक कथालाई पटक पटक सुनाएर, पढेर पुनः साफी गरेर माझेका थिए । समले प्रत्येक नाटकलाई उच्च परिष्कार गरेका थिए । माधव घिमिरेले प्रत्येक कविता, काव्य र नाटकलाई उच्च परिष्कार गरेका थिए । उच्च साधना र परिष्कारले रचनालाई अमर बनाउँछ । त्यस रचनाको जीवनचेतनाले पनि त्यसलाई अमर बनाउँछ । देवकोटाको सुलोचना, पहाडी पुकार, प्रमिथस जीवनचेतनाले अमर हुन् । शाकुन्तल, पागल, लक्ष्मी निबन्धसङ्ग्रहका निबन्ध, मायाविनी सर्सी, झञ्झा वर्णन आदि साधनाले अमर हुन् ।

***सुमीः 'मानवतावाद'भन्दा ठुलो 'वाद' अरू कुनै छ ? किन स्रष्टाहरू 'वाद'को पछि लागेका होलान् ?***

***डा. रमेशः*** कुनै पनि वाद नराम्रो कहाँ हो र ? अवधारणा, चिन्तन, अनुचिन्तन लामो समय खारिएर बल्ल दर्शन वा वादका रूपमा कुनै पनि वाद विकास हुन्छ । त्यस्तो वाद कसैको अप्रिय र कसैको प्रिय हुनसक्छ । लेखक उच्च बौद्धिक प्राणी हुने हुँदा उसले कुनै वाद पढेर त्यसबाट प्रभावित भएर साहित्य सिर्जना गर्नसक्छ । विस्तारै त्योभन्दा अर्को वाद राम्रो पायो भने त्यता ढल्कन सक्छ । यो स्वाभाविक प्रक्रिया हो । यहाँले मानवतावादको कुरा गर्नुभयो । पूर्वीय वैदिक साहित्यदेखि उपनिषदिक, पौराणिक र लौकिक संस्कृत साहित्यमा मानवतावादले प्रमुख स्थान पाएको छ । हामीले पूर्वीय ज्ञान परम्पराबाट अनेक मानवीय चिन्तन पाएका छौँ :

*अयं निजः परो वेति गणना लघु चेतसाम् ।*
*उदारचरितानां तु वसुधैव कुटुम्बकम् ।*

आधुनिक मानवतावादले मानवीय समानता, स्वतन्त्रता र भ्रातृत्वका पक्षमा वकालत गरेको छ । यी तीन पक्ष नै समग्र मानव कल्याणका, मानव विकासका, एकअर्को मानवलाई सम्बोधन र स्वीकारका सूत्र हुन् । समानता र स्वतन्त्रता दुबै आजसम्म विश्वमा विकसित सबै दर्शनका अन्तिम प्राप्ति हुन् र तिनका प्राप्तिबाट स्थापित हुने भ्रातृत्व मानवताको सबैभन्दा उच्च पक्ष हो । यस चिन्तनले एउटा परिवार होइन, समाज होइन, विश्वका वा पृथ्वीका सारा मानवलाई दाजुभाइ, दिदीबहिनी मान्छ । यस अर्थमा मानवतावादले अरू धेरै वाद र तिनका मानव कल्याणसापेक्ष चेतालाई आफूभित्र गर्भित गर्नसक्छ ।

***सुमीः विचार र चिन्तनका हिसाबले आफ्ना रचनाहरूको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?***

***डा. रमेशः*** म आफ्ना रचनालाई पनि मानवतावादी रचनाकै रूपमा चिनाउन सकिने देख्छु । तिनमा समानता र स्वतन्त्रताका आबाज प्रशस्त छन् । आज विश्वराजनीतिले स्वीकार गर्नथालेको र परिकल्पना गरेको समाजवादी चेतना पनि यही समानता र स्वतन्त्रतामा निहित छ । मेरा रचनामा अबर्जन चेतना प्रशस्त छ । यसको अर्थ सीमान्तीकृत चेतना भन्ने हो । यसको अभ्र सोभ्रो अर्थ चाहिँ प्रगतिशील चेत वा प्रगतिवादी चेत पनि हो । जे भने पनि समानता र स्वतन्त्रताका पक्षमा कलम चलाउनु मेरो धर्म हो । भोलि कुन कुन चेतना छ भनेर ठम्याउने काम त समीक्षक र अन्वेषकहरूको हो । यहाँको प्रश्नको सजिलो जबाफ चाहिँ मेरा रचनाले मानवीय मूल्यहरू नै खोजेका छन् । सामाजिक मूल्यहरू नै खोजेका छन् । परिवर्तनका चाहनाहरू नै साँचेका छन् ।

***सुमीः यहाँका प्रकाशित र अप्रकाशित पुस्तकाकार रचनाहरू केके हुन् ?***

***डा. रमेशः*** मेरो पहिलो प्रकाशित कृति *आँसु नदेऊ मलाई* (२०५७) गजलसङ्ग्रह हो । त्यसपछि मेरा सिर्जना र समीक्षातर्फ तीन दर्जनजति कृति प्रकाशित छन् । कविताका मुक्तकदेखि महाकाव्यसम्मका अभ्यासमा कलम चलाएको छु । आख्यान र निबन्धमा पनि सिर्जनात्मक अभ्यास गरेको छु । बालसाहित्यका विविध विधा र विशेषतः बालबालिकाका लागि उपयोगी जीवनीमा कलम चलाएको छु । मलाई समीक्षकहरूले कविकै रूपमा बढी मूल्याङ्कन गर्नुभएको छ । त्यस दृष्टिले मेरा रचनामध्ये अहिलेसम्म प्रकाशित कविताकाव्यमध्ये *एक्लोयात्रा, मलामी र अचानो* कवितासङ्ग्रह उल्लेख्य छन् भन्ने लाग्छ । काव्यहरूमध्ये 'एकलव्य' उल्लेख्य छ भन्ने लाग्छ । मेरा गीत र गजलहरूमा पनि सकेसम्म मिहिनेत परेका छन् । व्यङ्ग्य, चिन्तनप्रधान र आत्मपरक निबन्धहरूका कृति निकाल्न बाँकी नै छ । ती रचनाको सङ्कलित कृति आएपछि यहाँले पनि पढ्नुहोला । समीक्षा क्षेत्रमा सकेको मिहिनेत गरिरहेकै छु । प्रकाशित अप्रकाशित कृतिको फेहरिस्त मैले आफैँ दिनुभन्दा पाठकहरूले पहिल्याउनुभएकै छ । मैले धेरै कृति प्रकाशन गर्नै छ । म अहिले

नै यति उति भनेर आफ्नो मूल्याङ्कन गरिहाल्ने अवस्थामा छैन । म अरूको शुभेच्छु हुँ तर आफूप्रति सधैँ आलोचनात्मक दृष्टि राख्छु ।

***सुमीः यहाँको वर्तमान विश्वबोध के हो ?***

***डा. रमेशः*** हुनलाई म बालक होइन, अल्लारे ठिटो पनि होइन तर मेरो विश्वबोधी चेतनाको बुद्धिबङ्गारो पलाउन बाँकी नै छ किजस्तो लाग्छ (हाँस्तै); म कहिलेकाहीँ अलमलमा पर्छु । आधुनिक विज्ञानमा पूर्ण विश्वास छ । फेरि वैदिक साहित्य पढ्दा त्यहाँ पनि चिकित्सा क्षेत्रको उन्नत प्रविधि शल्यक्रिया छ । यान, त्यसमा पनि द्रूत गतिमा उड्ने यान छ । ग्रह नक्षत्रको गणना छ, त्यसै गणनाका जगमा सूर्य र चन्द्र ग्रहण छ । अनेक लोकको वर्णन छ । चौसठ्ठी कला छ । पृथ्वी र युगको हिसाबकिताब आदि धेरै कुरा छन् । अनेक विद्या र चेतनाको मिश्रण छ । यताबाट हेर्‍यो भने विज्ञान ज्ञानको सन्तानजस्तो पनि लाग्छ । प्राचीन दर्शन, ज्ञान, विज्ञान जहाँ पनि मानव वा प्राणीको अस्तित्वलाई केन्द्रमा राखिएको छ । आधुनिक विज्ञानले मानव र अन्य पृथ्वीका जीवनको क्षति गर्‍यो भने त्यो विज्ञान पनि अमान्य हुने रहेछ । कतिपय जलवायुको चक्रको ज्ञान हाम्रा पुर्खामै रहेछ । कर्मयोग, ज्ञानयोग, ध्यानयोग सबैको सार त आत्मबोध, जीवनबोध, आविष्कार आदि पो विश्वबोधको सूत्र हो कि भन्ने पनि देखिन्छ । फेरि त्यसलाई व्याख्या गर्ने व्याख्याताहरू ज्यादै पुरातन छन् । खप्तडबाबाको कृति *विचार विज्ञान* अलि सजिलो र आधुनिक आत्मबोधी विचार लाग्छ ।

हाम्रा पुर्खाका चिन्तनहरू शासकका चिन्तनहरूसँग स्वार्थले जोडिँदा रहेछन् । वास्तवमा शासकहरू सही विश्वबोधी चिन्तक बन्ननसकेका हुँदा रहेछन् । यसरी हेर्दा मेरो विश्वबोध त बराला पो परेको छ त ! म अमेरिकाभन्दा चीन र चीनभन्दा नेपाल शक्तिशाली देख्छु । चीन उद्योगधन्दा कलकारखानामा र उत्पादनमा शक्तिशाली, नेपाल बहुल सांस्कृतिक लोकसामग्री र प्राकृतिक बहुलताले शक्तिशाली । देवकोटाका भाषामा नेपाल प्राच्य मूल्यले शक्तिशाली वा विशाल छ । हाम्रा प्राचीन ग्रन्थमा प्राकृतिक चिकित्सापद्धति पनि उन्नत तहको छ । वास्तुशास्त्र र अन्य इन्जिनियरिङ पनि निकै उन्नत छ । बिजुलीको सूत्रजस्तै सकारात्मक नकारात्मक ऊर्जा पहिल्याउने वेभ पनि छ । भर्खरै चीनले ५० वर्ष पुनः चार्ज गर्नुनपर्ने आणविक ब्याट्री बनायो भन्ने समाचार पढियो । बेटा भोल्ट कम्पनीको यो व्याट्री सिक्काजत्रो मात्र छ भन्ने थाहा भयो । यसले स्मार्ट फोन र क्यामराहरू, ड्रोनहरू साना हुने अनुमान छ । एआई उपकरण र रोबर्टमा अब यस्ता ब्याट्री प्रभावकारी हुने छन् र बिजुली हुनु नहुनुले खासै फरक पर्दैन । मानव शरीरमा प्रयोग हुने प्रेसमेकरहरू पनि सहज हुने छन् । यो भौतिक दुनियाँको चमत्कार हो । अब मान्छेले गर्ने धेरै काम रोबोर्टले नै गर्ने छ । ड्राइभरविहीन गाडीहरू गुड्ने छन् । एआईले आजसम्म बनेका कलाको नक्कल गर्ने नै भयो तर नयाँ कला, साहित्य सिर्जना एआईले गर्ने होइन । नयाँ साधना नि एआईले गर्ने होइन । साधना त मानव मस्तिष्कले नै गर्ने हो । मानव

चेतनाले नै गर्ने हो । योजना र आविष्कार पनि मानवले नै गर्ने हो । यो मानवताभन्दा ठुलो शक्ति अर्को छैन ।

मेरो दृष्टिकोण केही पुरातनजस्तो पनि लाग्ला । मेरो दृष्टिकोण वा विश्वबोधमा मानवजातिको विनाश गर्ने युद्ध र युद्धजन्य हतियारको आविष्कार विकासजस्तो लाग्नछोडेको छ । भाषा मात्र ज्ञान मान्ने पुँजीवादी पश्चिमा नीति पनि ज्यादै फोस्रो देखिएको छ । वास्तविक रैथाने ज्ञानविज्ञानको बोध नहुनाले पो हामी पछाडि परेका हौँ कि भन्ने पो छ । मैले पछिल्लो समय लिएको अङ्ग्रेजी शिक्षामा भेटिएका कतिपय तथ्यहरू पूर्वीय ज्ञानभण्डारका अनुवादजस्ता मात्र पाउन थालेको छु । सकेसम्म वैज्ञानिक चेतनाको समर्थन गर्दै विज्ञान अल्मलिएका वेला मानवीय विवेक र ज्ञानको उपयोग पनि आवश्यक पर्ने दृष्टिकोण चाहिएको छ । यसो भनिरहँदा मलाई पुरातन सोचको मानिस नठानियोस् ।

***सुमीः लेखनयात्राको क्रममा साहित्यको उपादेयता के रहेछ भनेर बुझ्नुभयो ?***

***डा. रमेशः*** मैले अघि पनि यहाँको अर्को प्रश्नको सन्दर्भमा केही भनिसकेको छु । लेखन विश्वबोध पनि हो र त्योभन्दा बढी आत्मबोध हो । आत्मबोध हुने व्यक्ति आम मान्छेजस्तो हतारमा खुसी पनि हुँदैन दुःखी पनि हुँदैन । अरूका जीवनकथालाई पनि साधारणीकरण गर्नसक्छ । अरू ज्ञान कला व्यक्तिका अगाडि उपस्थित भएर प्रस्तुत गर्नुपर्छ । साहित्यको ज्ञान कोठामा बसेर पनि बाँड्न सकिन्छ । हिजोभन्दा यसको प्रकाशन र प्रस्तुति सहज भएको छ । यसको उपादेयता मूलतः ज्ञानको विस्तार नै हो । समाजले सम्मानित नजरले हेर्नुको अर्थ यो क्षेत्र प्रत्यक्ष आर्जनको क्षेत्रभन्दा साधनाको क्षेत्र हो । साधनाका पछि पछि सम्पत्ति पनि आउँछ, लेखेर बाँच्न नसकिने भन्ने होइन । बरु हामी पूर्णकालीन लेखक बन्न नसकेको चाहिँ हो । यसोउसो गर्दै बचेखुचेको समयमा लेखेर सम्पूर्ण घरबार चलाउने पैसा नआएको मात्र हो । यसको उपादेयता त सम्बन्धित भाषाको उन्नति, सम्बन्धित भाषा र अरू भाषाका पनि मानवको चेतनाको विकास, राष्ट्रिय गरिमाको विकास मूलतः ज्ञान र कलाको विकास हो । यसमा अलिकति शास्त्रीय चिन्तन परम्परालाई पनि जोडूँ । पूर्वीय आचार्यहरूले धर्म, अर्थ, काम र मोक्षलाई वा चतुवर्गलाई साहित्य सिर्जनाको उपादेयता बनाए । पश्चिममा साहित्यको प्रयोजन वा उपादेयताका अर्थ केही भिन्न रहे । केही मनोविज्ञानसँग जोडिएर व्यक्त भए । उताका चिन्तकमध्ये एरिस्टोटलले 'मनोवेगहरूको विरेचनद्वारा आत्मिक स्वास्थ्य प्रदान गर्नु नै साहित्यको प्रयोजन हो' भने । यो भनाइ प्राचीन भए पनि आधुनिक मनोविज्ञाननिकट छ । पूर्वीय रसचिन्तननिकट पनि छ । कवि शेलीले 'मानव मानवका बिच सहानुभूति र प्रेमको आनन्दमय विस्तार गर्नु नै साहित्यको प्रयोजन हो' भनेका थिए । यो मानवता र सामाजिक सद्भावसापेक्ष अभिव्यक्ति हो । पछिल्ला मनोवैज्ञानिक चिन्तक सिग्मन्ड फ्रायडले 'कुण्ठाको प्रकटीकरण' माने । उनले 'मान्छेका दमित कुण्ठाहरूलाई प्रस्तुत गर्नु नै साहित्यको प्रयोजन हो' भने ।

यी तीनवटा धारणा पूर्वीय रसचिन्तन, काम र मोक्ष चिन्तनका साथै धर्म वा लोककल्याणसँग मिल्दाजुल्दा नै छन् । फ्रायडको चिन्तनपछि साहित्य मात्र होइन समाजका अरू विधा र विषयलाई हेर्ने दृष्टिकोणमा पनि मान्छे मनभित्र फर्कियो । मनोविज्ञानका विषयमा जानकार बन्यो । उनले मनको अध्ययन गर्ने शास्त्र बनाए भनूँ । यसपूर्व पूर्वीय ऋषि परम्पराले मनलाई महत्त्व दिइसकेका थिए । यौन मनोविज्ञानका सन्दर्भमा पनि कोकशास्त्र वा कामशास्त्र फ्रायडभन्दा पहिले वात्सायन र अरूबाट जन्मिइसकेका थिए । बरु स्मरणीय विचारमध्ये मैथ्यु आर्नल्ल्डको एउटा विचार छ, 'आनन्दका माध्यमले जीवनोपयोगी ज्ञान प्रसार गर्नु, नैतिकताको विकास र जीवनको नयाँ व्याख्या प्रस्तुत गर्नु नै साहित्यको प्रयोजन हो ।' यसमा पूर्वीय आचार्यका चतुवर्गको अर्थ सबै भेटाउन सकिन्छ । आखिर आई.ए.रिचर्डले पनि 'लोकमङ्गल नै साहित्यको प्रयोजन हो' भनेका थिए । उनले पनि लोकमंगल नै मानेका थिए । अब आज हामी साहित्य सिर्जना गर्दा हुनुपर्ने सचेत वा साहित्यको उपादेयताबारे सोच्नुपर्ने कुरा चाहिँ हाम्रो साहित्य समाज र मानवताका पक्षमा छ कि छैन जाँचे पुग्यो । अबको साहित्यका पात्रको उपस्थिति मानवीय प्रतिनिधित्व हो । आधुनिक मानवको प्रतिनिधित्व हो, समाजिक समस्या वा लोकसम्या र व्यथाको उद्घाटनसँगै तिनका समाधानको खोजी पनि हो, कला र ज्ञानको विस्तार पनि हो ।

***सुमीः कति गहन जबाफ दिनुभयो । अझै यसै विषयमा केही सुनौँझैँ लाग्यो । यहाँले साहित्यलाई परिभाषित गर्नुपर्‍यो भने कसरी गर्नुहुन्छ ?***

***डा. रमेश :*** साहित्य मात्र होइन जुनसुकै विषय र विधाको सैद्धान्तिक कुरा गर्दा प्राचीन मूल्यहरू बिर्सनुहुँदैन । कला साहित्यमा पनि यही विषय लागू हुन्छ । सिद्धान्त बुझेकाले प्रयोग गर्ने क्रममा प्रविधाहरू विकास हुन्छन् । कथाको लघुकथा र उपन्यास, उपन्यासको लघुउपन्यास र बृहत्‌उपन्यास, काव्यको लघुकाव्य र महाकाव्य वा नव्यकाव्य वा बृहत्‌काव्य त्यसरी नै विकास हुने हो, भएको हो । समले महानाटक लेखे, पछिल्लो चरणमा महानाटक भनेर लेख्ने देखिएनन् । यसरी हेर्दा साहित्यको परिभाषा आफैँमा जटिल कुरा हो । जटिल भए पनि संस्कृत आचार्यहरूको 'हितेन सहितं तस्य भावः साहित्यम्' अर्थात् 'हितले युक्त भाव नै साहित्य हो' भन्ने भनाइ मलाई प्रिय लाग्छ । उता अङ्ग्रेजी भाषामा 'साहित्य'लाई बुझाउन 'लिटरेचर' शब्दको प्रयोग गरिन्छ । 'लिटरेचर' शब्द ल्याटिन भाषाको 'लिटेरा'बाट निर्माण भएको भन्छन् । यसको सामान्य अर्थ समग्र लिखित बाङ्मय, विज्ञान, राजनीति, अर्थशास्त्र, समाजशास्त्र आदिलाई बुझाउँछ । फेरि आजको सन्दर्भमा यो अर्थ लाग्नेगरी 'साहित्य' शब्दको प्रयोग हुन लगभग छाडिसकेको छ । यद्यपि 'लिटरेचर रिभ्यु' अर्थात् 'पूर्वकार्यको समीक्षा' भनेर अनुसन्धान प्रतिवेदन तथा शोधपत्रहरूमा यस अर्थमा भने 'साहित्य' शब्दको प्रयोग हुने गरेको पाइन्छ । त्यो अङ्ग्रेजीको लिटरेचर पनि

अब विशेष अर्थ र पारिभाषिक अर्थमा प्रयोग हुनथालेको छ । पश्चिमा जगत्मा 'साहित्य' भन्नाले कल्पनाको प्रयोग गरी विशिष्ट शैलीमा लेखिएका कृति वा रचनालाई बुझ्ने गरिन्छ । यही कुरा पूर्वीय संस्कृत साहित्यमा हित हुने लेखनका रूपमा स्थापित छ । यो हित हुने लेखनको अर्थ लोककल्याण हो । भानुभक्तको लोक्को गरूँ हित् भनी पनि यही हो ।

***सुमी: यहाँले यसो भन्नुको अर्थ यहाँका विचारमा साहित्य चिन्तन पश्चिममा भन्दा पूर्वमा बलियो छ भन्नखोज्नुभएको हो ?***

***डा. रमेश:*** म अघिल्लै प्रश्नका सन्दर्भमा केही भन्दै थिएँ । मैले पूर्वमा बलियो छ भनेको पनि होइन । चिन्तन त दुबैतिर भएको छ । यस्ता चिन्तनहरू युगसापेक्ष पनि हुन्छन् । विधा वा विषयको विकाससापेक्ष पनि हुन्छन् । समाजसापेक्ष पनि हुन्छन् । हिजोको साहित्यको अर्थ आज सङ्कुचन भएर आज मूलतः काव्य, आख्यान, नाटक र निबन्धजस्ता मुख्य चार विधा तथा तिनका उपविधामा थन्किएको छ भन्न खोजेको । इतिहास हेऱ्यो आदिकालमा संस्कृत आचार्यहरूले यी चारै विधाका साहित्यरचनालाई 'काव्य' भन्थे । काव्यलाई दृश्य र श्रव्यभेदमा विभाजन गरेर चर्चा गरेका थिए । आज 'कविता' र यसअन्तर्गत पर्ने लयात्मक गेयात्मक रचनालाई मात्र 'काव्य' भन्न थालिएको छ । चारै विधाका रचनासिर्जनालाई चाहिँ 'साहित्य' भन्न थालिएको छ । भामहले साहित्यको अर्थ नजनिँदै साहित्यलाई पनि बुझाउने गरी काव्य शब्दमै भनेका थिए 'शब्दार्थौ सहितौ काव्यम्' अर्थात् शब्द र अर्थको सहभाव नै काव्य अथवा साहित्य हो । उनले शब्द र अर्थको संयोजनले काव्य वा साहित्य सिर्जना हुने विचार राखेका थिए । 'काव्यादर्श' नामक ग्रन्थमा दण्डीले पनि उही शब्द र अर्थलाई महत्त्व दिए 'शरीरं तावदिष्टार्थ व्यवच्छिन्ना पदावलि' अर्थात् अभीष्टभावपूर्ण शब्दसमूह नै काव्य या साहित्यको शरीर हो । दण्डीले पनि शब्दचयनलई महत्त्व दिए । 'काव्यालङ्कारसूत्र' नामक ग्रन्थमा वामनले भनेका छन्, 'काव्यशब्दो ऽयं गुणालङ्कार संस्कृतयोः शब्दार्थयोर्वर्तते' अर्थात् गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थ नै साहित्य हो । आजसम्म भेटिएको पूर्वीय साहित्यको परिभाषामा यो परिभाषालाई महत्त्व साथ हेरिन्छ । यो चिन्तनपछि साहित्य शब्द र अर्थ मात्र होइन गुण र अलङ्कार भएको कला पनि हो भनियो । आजसम्मको विवाद यही हो । साहित्य विचार वा ज्ञान विस्तार मात्रै हो कि कला पनि हो भन्ने । वास्तवमा साहित्य कला र विचारको संयोजन हो । यो ज्ञान विस्तारको माध्यम पनि हो । आज पश्चिमाहरूले भनेको सिम्बोलिक स्टेटमेन्टको अर्थ 'वक्रोक्तिजीवितम्' नामक ग्रन्थमा कुन्तकले हजारौँ वर्षपहिले नै भनेका थिए । उनले 'शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनीः बन्धे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणि' भने । यसको अर्थ अप्रत्यक्षात्मक अभिव्यक्ति र कौशलले युक्त भएर सहृदयका हृदयलाई आल्हादित पार्ने सुव्यवस्थित वा पद्यबद्ध शब्द र अर्थ नै साहित्य हो । यहीँबाट शब्द र

अर्थमा अनि कलामा थप गुढार्थहरूको, शब्द चमत्कारको खोजीको आरम्भ भयो। पूर्वकै कुरा गर्दा मम्मटले गुण र रसमध्ये एउटा महत्त्वपूर्ण छ भने । 'तद्दोषौः शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापी' अर्थात् यसको अर्थ कथंकदाचित अलङ्कारले रहित भैहाले तापनि गुणले सहित भएका निर्दोष शब्दार्थ भयो भने साहित्य हुन्छ भन्ने हो । 'साहित्यदर्पण'कार विश्वनाथले 'वाक्यं रसात्मक काव्यम्' भनेर रसलाई महत्त्व दिए अर्थात् रसात्मक वाक्य नै काव्य अथवा साहित्य हो । आज मनोविज्ञानको प्रयोग साहित्यमा भइरहेको छ। यसको आधार हामी पूर्वीय रस सिद्धान्तसँग जोडेर बुझ्नसक्छौँ । यसरी हेर्‍यो भने तुलना, प्रतितुलना र मूल्याङ्कन गरेर हेर्‍यो भने पूर्वीय साहित्य चिन्तन पनि प्रबल छ। पूर्वीय ज्ञान, चिन्तन र परम्परा पनि प्रबल छ।

***सुमीः यहाँका विचारमा पाश्चात्य साहित्य चिन्तन चाहिँ कस्तो छ ?***

***डा. रमेशः*** मैले अघि नै भनेँ कुनै पनि चिन्तन पूर्ण हुँदैन । उता पश्चिमी साहित्य चिन्तन अरस्तु (एरिस्टोटल)बाट सुरु हुन्छ । उनले पोइतिकामा 'साहित्य भनेको भाषाद्वारा अभिव्यक्त हुने अनुकरणात्मक कला हो' भने। यो नाट्यविधातिर ढल्किएको चिन्तन हो तर समाजकै विषय र समस्याको अनुकरण साहित्य हो भन्ने उनको चिन्तन उल्लेख्य छ। अर्का चिन्तक हड्सन 'भाषाको माध्यमद्वारा प्रस्तुत जीवनको अभिव्यक्ति नै साहित्य हो' भन्छन् । यसरी अनेक चिन्तक हुँदै हुँदै कलरिजमा आइपुग्दा र वर्डस्वर्थमा आइपुग्दा पश्चिमको परिभाषा बढी व्यवहारिक भयो किनभने उनीहरू स्रष्टा र द्रष्टा दुबै थिए। यहाँले कुनै प्रश्न गर्दै हुनुहुन्थ्यो नि समीक्षक हुन सर्जक हुनुपर्छ ? भनेर कलरिजले 'चेतनावस्थामा पुऱ्याउँदै सौन्दर्यको प्रत्यक्षीकरण र सत्यको बोध गराउने प्रमुख साधन साहित्य हो' भने। हो त नि होइन। त्यस्तै वर्डस्वर्थले 'प्रबल भावहरूको सहज उच्छलन नै साहित्य हो' भने। उनको परिभाषा कविता विधातिर केन्द्रित छ। इलियटपछि साहित्यलाई समीक्षात्मक र सिर्जनात्मक आँखाले समन्वय गरेको पश्चिमको इतिहास छ । यता पूर्वमा पनि 'रसगङ्गाधर' ग्रन्थकार जगन्नाथले 'रमणीयार्थप्रतिपादकः शब्दः काव्यम्' भनिसकेका थिए । उनको भनाइको आशय थियो सुन्दर भाव या रमणीय अर्थ व्यक्त गर्ने शब्द नै काव्य वा साहित्य हो। अब यहाँले मलाई बोल्न बाध्य पार्न लागेको विषय बोलूँ। साहित्य विचार वा ज्ञान विस्तार मात्रै होइन, यो विशेष कला पनि हो। विचार वा ज्ञानविस्तारले थिच्यो भने त्यो वाङ्मय इतिहास, समाजशास्त्र, मनोविज्ञान, विज्ञान, राजनीतिशास्त्र, भूगोल, संस्कृति, ज्ञान आदि बन्छ त्यही ज्ञान कलासहित रसात्मक रूपमा, चमत्कृत रूपमा आयो भने साहित्य बन्छ। आजका सन्दर्भमा विचार र कलाको संयोजन नै साहित्य हो। साहित्य भाषिक कला मात्र नभएर व्यापक संस्कृतिको वाहक पनि हो।

***सुमीः यहाँ जीवन र जगत्प्रति कस्तो धारणा राख्नुहुन्छ ?***

***डा. रमेशः*** यो बडो जटिल प्रश्न। यही बसेर र बाँचिरहेर पनि बुझिनसकिने कुरा भनेकै जीवन

र जगत् हो । हामी हाम्रा सीमित ज्ञान, अनुभव र चेतनाका आधारमा जीवन र जगत्लाई परिभाषित गरिदिन्छौँ । कहिलेकाहीँ घरव्यवहार नसमालेर सन्तान हुनुको कर्तव्य पनि पूरा नगरेर सन्त बनेका मानिसले लोग्नेस्वास्नी र सन्तानका सम्बन्धबारे प्रवचन दिन्छन् । यसरी मिलेर बस्नुपर्छ, उसरी मिलेर बस्नुपर्छ भन्छन् । पत्नीका र पतिका कर्तव्य बताउँछन् । म आफू चिन्तन गर्दा तिनलाई र तिनका ती कुरालाई पनि सम्भन्छु । परिवारमै बस्नेले परिवारका रहस्य बुझिसाध्य छैन । छोरी भोलि बिहान उज्यालो नभई कोसँग भाग्छे भन्ने कुरा बाबुआमालाई पत्तो हुँदैन । सँगै सुतेको श्रीमान् वा श्रीमतीसँगको सम्बन्ध कहिलेसम्म हो भन्ने पत्तो हुँदैन । व्यवहार छोडेर भागेर कुटीमा बस्नेले थाहा पाइसक्योझैँ लाग्छ ! बाआमाप्रतिको अझ अभिभावकप्रतिको कर्तव्य कति के हामी निर्वाह गरिरहेकालाई थाहा छैन, उनीहरू थाहा पाएको कुरा गर्छन् बा ! कुन एकजना धर्मगुरु विज्ञानलाई चुनौती दिँदै हुन्छन् । जीवन जगत्बारे आफ्नो बोधभन्दा पर गएर पण्डित पल्टनु भुल हो, अझ अज्ञानको सुरुङतिर जानु होजस्तो लाग्छ ।

सोझो अर्थमा भनौँ । यहाँले मलाई राम्ररी चिन्नुहुन्छ । चिनेरै अन्तर्वार्ता दिनलायक देख्नुभयो तर मेरा सबै पक्ष चिन्छु भन्नुभयो भने तपाईँ फेल हुनुहुन्छ । म यहाँलाई चिन्छु । चिन्छु भन्दैमा सम्पूर्ण चिन्छु भनेँ भने म फेल हुन्छु । म दर्शन पढ्दा पनि ज्ञान र विज्ञानका संगम दर्शनहरू रुचाउँछु । पूर्वमा चार्वाक रुचाउँछु । अद्बैतवाद द्बैतवाद दुबै रुचाउँछु । पश्चिमी दर्शनहरू विज्ञानसापेक्ष पनि छन्, कति हामीले शङ्काका दृष्टिले हेर्नुपर्ने छन् । दर्शनहरू पनि त पूर्ण हुँदैनन् । मैले खप्तडबाबालाई पढेँ । उनी चिकित्सा छोडेर विज्ञानको अपूर्णता खोज्न ज्ञान वा प्राचीन ज्ञान आर्जनको तपको बाटो हिँडेका थिए । उनको विचार विज्ञान पढिहेर्नुहोस् तपाईँको मथिङ्गल परिवर्तन हुन्छ । जुन ज्ञान हाम्रो पश्चिमको खप्तड लेकमा जन्मियो । पाइलट बाबाका जीवन दर्शन त्यस्तै लाग्छन् । राहुल साङ्कृत्यायन वा हाम्रा मोदनाथ प्रश्रितको जीवनजगत्को धारणा विज्ञान र लोकमिश्रित छ । ज्ञानका आँखाले पनि विज्ञानका आँखाले पनि प्रकृतिका आँखाले पनि र भौतिक विकासका आँखाले पनि नहेरी न जीवन बुझ्नु न जगत् बुझ्नु । सबै भ्रम हुन्छ । भ्रममुक्त जीवन बाँच्नलाई ज्ञान चाहिन्छ । त्यो ज्ञान प्राचीन विद्यामा पनि छ, आधुनिक विद्यामा पनि छ । जो रजहाँस बन्यो ऊ जीवनजगत् बुझ्ने भयो जो हाँस मात्रै बन्यो ऊ हिलामा वा दलदलमै रमायो । औषधि विज्ञान र अन्य विज्ञानका सारा चमत्कारका अगाडि पनि जीवजन्तु र मानवलाई प्रकृतिभन्दा ठुलो रक्षक अर्को देखिएको छैन । जीवनजगत्लाई प्रकृतिसँगै जोडेर हाम्रा अग्रजहरूले पहिल्याएको पञ्चतत्त्वसापेक्ष नै हेर्नु सान्दर्भिक होलाजस्तो लाग्छ । विज्ञानको विकासलाई पनि प्रकृतिका काखमा राख्नसके मानव अस्तित्व कालजयी हुन्छजस्तो लाग्छ । यो वातावरण विज्ञानको, विज्ञानको, वनस्पति र जीवविज्ञानको विषय होला तर जीवनजगत्मा एउटा शक्तिशाली प्राकृतिक चक्र चाहिँ छ । त्यसलाई अलौकिक शक्ति मान्नुभन्दा प्राकृतिक शक्ति नै मान्नु वैज्ञानिक

हुन्छ। हरेक धर्म पनि प्रकृतिपूजक नै छन्। हरेक विज्ञानका आविष्कार पनि प्रकृतिबाटै सम्भव छ । सोलारऊर्जा, बिजुलीऊर्जा, वायुऊर्जा जे भने पनि पञ्चतत्वकै ऊर्जा त हुन् । यस विषयमा मेरो ज्ञान पुगेको छैन कि ? हामी हाम्रो रैथाने ज्ञानलाई ज्ञान नदेखेर भिरको चिन्डो पो बनेका छौँ कि ?

***सुमी: कति गहिरो कुरा ! यहाँसँग लामो साहित्यिक पत्रकारिता एवम् पत्रकारिताको पनि अनुभव छ। त्यो अनुभव छापादेखि डिजिटलसम्म छ। यहाँले साहित्यिक पत्रकारितालाई कसरी बुझिरहनुभएको छ ?***

***डा. रमेश:*** साहित्यिक पत्रकारिता विधागत पत्रकारिता हो । अबको डिजिटल पत्रकारिता विधागत रूपमा विकास हुने मेरो अनुमान छ । मैले मोफसलदेखि साहित्यिक पत्रकारिता गरेँ । हवाइपत्रिकादेखि मासिक, द्वैमासिक, एक भाषिक, द्वैभाषिक (नेपाली र अङ्ग्रेजी) पत्रकारिता पनि गरेँ। मेरो बुझाइमा नेपाली साहित्यिक पत्रकारिता फस्टाएको पनि छ खुम्चिएको पनि छ। मैले फित्कौली मासिक, भानु मासिकमा जिम्मेवारीसाथ काम गरेँ । भवानी घिमिरेका जीवनकालमा भन्दा बढी अङ्क उहाँको जीवनकालपछि निस्किए भानुका । म भानुमा असी अङ्कमा जोडिएको अढाइ सय अङ्क आए । उता साहित्यसागरका साप्ताहिक डेढ सय जति अङ्क आइसके। विधापरक पत्रिका वैजयन्तीमा पनि म जिम्मेवारीसाथ लागिरहेको छु । मेरो एउटा अभिन्न पाटो साहित्यिक पत्रकारिता बनिरहेको छ । यो व्यवसायिक भन्दा पनि सेवामूलक बनिरहेको छ । यसमा रचना सङ्कलन र प्रकाशनको मात्र जिम्मेवारी हुँदैन सम्पादनको गहन जिम्मेवारीका साथै उत्कृष्ट रचना खोजको जिम्मेवारी पनि हुन्छ। आज जोसुकैलाई रचना पठाउन प्रविधिले सजिलो बनाएको छ तर रचना छनोट गरेर छाप्ने सामर्थ्य सम्पादकमा हुनुपर्छ। यो सम्पादकका लागि सबैभन्दा जटिल काम हो। मलाई आफूले दुःख गरेको क्षेत्र भएर होला ऋद्धिबहादुर मल्ल, उत्तम कुँवरदेखि भवानी घिमिरे, रोचक घिमिरे, नगेन्द्र शर्मा आदिको समर्पणप्रति आदरभाव छ। यहाँ सबैको नाम लिन सकिँदैन तर समकालीन पत्रपत्रिकालाई कुनै व्यक्तिविशेषले निकै मिहिनेत गरेर अगाडि बढाइरहेको देख्छु । मोफसलमा पनि केही पत्रपत्रिका बाँचेका छन्। अहिले डिजिटलमा पनि साहित्य विधाकेन्द्रित पत्रिका चलेका छन् । तिनमा व्यवसायिकताभन्दा कुनै व्यक्ति विशेषको देन छ। यसलाई व्यवसायिक पनि बनाउनु आजको चुनौती हो । त्यस्तै युगीन चेतनाका रचना प्रकाशनको माध्यम बनाउनु आवश्यक छ। आज पत्रिका त बढेका छन्, साहित्यकार त बढेका छन् तर कालजयी रचनासहित पत्रिका जीवित छैनन्। त्यो अङ्क किन पढ्ने भन्ने प्रश्न प्रश्नमै सीमित छ। त्यहाँ मोदनाथ प्रश्रितको लेख छ, वासुदेव त्रिपाठीको अन्तर्वार्ता छ, त्यहाँ फलानु प्राज्ञको लेख छ वा विचार छ, त्यहाँ फलानु कृतिको फलानाले गरेको अनुवाद छ भनेजस्ता मूल्यवान् सामग्री कम भावनात्मक सामग्री बढी देखिएका छन् । यो नै आजको मूल चुनौती हो । यहाँ

स्वयम् *शब्द संयोजन*मा लामो समयदेखि संलग्न हुनुहुन्छ। यी सबै समस्या त यहाँले पनि बुझ्नुभएकै छ नि। नारी साहित्यिक पत्रकारमध्ये सुमी लोहनी एक विशेष नाम हो नि होइन र ?

***सुमीः यहाँलाई धन्यवाद। यहाँसँग कुरा गरिरहँदा केही छुटेको छ वा आफ्ना पाठकलाई केही भन्न चाहनुहुन्छ ?***

***डा. रमेशः*** छुटपुट त भइहाल्छ। व्यक्तिगत कुरा गर्दा कृतिगत कुरा छुट्छन्। कृतिगत कुरा गर्दा व्यक्तिगत कुरा छुट्छन्। सैद्धान्तिक कुराले इतिहास छुटाउँछ। इतिहासले सिद्धान्त र प्रयोगका पक्ष छुटाउँछ। त्यसैले छुट भइहाल्छ। अर्को पुच्छ्रे प्रश्न पाठकलाई केही भन्नु छ कि भन्ने छ। पाठकलाई भन्ने कुरा मैले यहाँलाई सुनाएँ। यहाँले धेरै छाँटकाँट नगरी प्रस्तुत गरिदिनुहोला। आज यसरी वार्ताकारका रूपमा विज्ञ पल्टिन पनि गारो छ। कि कोही पनि पढ्दैनन् कि गम्भीर पाठकले मात्र पढ्छन्। त्यसमा पनि विचार, वार्ता, दर्शन पढ्ने पाठक ज्यादै थोरै हुन्छन्। ती थोरै पाठकका नजरमा परेँछु र केही प्रतिक्रिया आएछ भने त्यस वेला म पनि केही भनौँला। यहाँले मसँग लगातार तीन दिन भेटेर यति लामो कुरा गर्नुभयो। यसका लागि म यहाँ र यहाँको सञ्चारमाध्यम शब्द संयोजन परिवारलाई पनि विशेष धन्यवाद भन्न चाहन्छु।

❑ कविता



❖ डा. बमबहादुर थापा 'जिताली'


# अपराध सुधार

(लोक-छन्द)

अपराध सुधार गर्न कर्तव्य र हक
बराबरी हुनुपर्छ मान्छे बाँचेतक।
बुढाबुढी लालन-पालन गरेपछि मात्र
सम्पत्तिको हकदार हुन्छन् योग्य पात्र॥
बुहारी र छोराहरू स्वार्थी हुन थाले
बुढाबुढी पन्छाएर छुट्टै बस्न थाले।
कर्तव्यको ख्याल छैन अधिकार खोज्छन्
अरूलाई सास्ती दिई मोजमस्ती रोज्छन्॥
अपराधी मनस्थिति हुने मान्छेहरू
अपराध गर्न पाए रमाउँछन् अरू।
अपराधी समातेर जेल हालेपछि
सुविधाको अधिकार लिन्छन् खरी घसी॥
छोड्न हुन्न अपराधी बलात्कारीहरू
जेलबाट फुत्किएर तिनै बन्छन् गोरु।
गोरु मात्र भए हुने साँढे बन्न थाल्छन्
बाँकी इज्जत पनि सबै कोपारामा हाल्छन्॥
अपराध सुधार गर्न कानुन कडा छैनन्
भए पनि लागू गर्ने नेता बडा छैनन्।
जनताको करलाई दुरुपयोग गर्छन्
त्यसैबाट मोजमस्ती घ्याम्पे भुँडी भर्छन्॥
मोज गर्न पाए नेता भोज पनि गर्छन्
भोज खान पाएपछि के-के गर्छन् गर्छन्।
चाल्नुपर्छ माथिबाट सुधारको गति
गतिमति सुध्रिएमा हुन्छ समुन्नति॥

**अपराधी बढेर आए**
**मनलागदी गरेर सताए !**

*नागार्जुन न.पा.-१, रानीवन, काठमाडौं, मो. ९८४१४९१०८१*



❖ प्रा. जगत् उपाध्याय 'प्रेक्षित'

# कता जाँदै छ देश यो ?

भन सगरमाथा ए ! भन सूर्य र चन्द्रमा !
भन कोसी र कर्णाली ! भन विश्वम्भरा धरा !!
भन अनन्त आकाश ! भन ए तारकादल !
किन सत्ता यहाँ बन्छ हर्दम् अन्धो र दुर्बल ? ॥ (१)

सत्ता बारुद बर्साई भविष्य ढाल्छ साँझमा ।
पराई झोस्छ आगो त्यो घर, बस्ती, समाजमा ॥
हाम्रा गौरवका गाथा, इतिहास धरोहर ।
जलाएर कोही अट्टहास गर्छ निरन्तर ! (२)


ढल्दा युवा अनेकौं ती आशा ढल्दै छ झैँ यहाँ ।
रक्तका भेलमा लाखौं स्वप्न बग्दै छ झैँ यहाँ ॥
सिंहदर्बार त्यो जल्दा मुटु जल्दै छ यो अझै ।
लाग्दा सर्वोच्चमा आगो आत्मा बल्दै छ यो अझै ॥ (३)

छ आतङ्क सबैतर्फ, छन् शान्तिगीत बन्दझैँ ।
परस्पर भयाक्रान्त मान्छे छन् प्रीत बन्दझैँ ॥
पत्तो छैन विजेताको देखिन्छन् हरुवा सबै ।
मानौं कातर भाग्ने ती लाग्दछन् चरुवा सबै ॥ (४)

आँतमा छैन झैँ केही, हाँसो केवल दाँतमा ।
टोकेर सपना सारा सत्य पिट्दछ मातमा ॥
बुद्ध मौनी भई हेर्छ बुद्धुलाई र सोध्छ यो -
'नहारेको सधैँ मेरो कता जाँदै छ देश यो ?' ॥ (५)

बुद्धप्रश्नसँगै मानौं धर्तीमा जून पोखियो ।
घुम्टो च्यातेर औंसीको उज्यालो दिन रोपियो ॥
जुर्मुराए नयाँ आशा अनन्त यी मनोहर ।
फेरि स्वाधीन, समृद्ध देश बन्नु छ सुन्दर ॥ (६)

# सिङ्गापुर यात्रा : केही सहज, केही असहज



❖ प्रा. डा. यादवप्रकाश लामिछाने

२०८२ असार ११ गते बुधवार (तदनुसार २५ जुन २०२५) सिङ्गापुर र मलेसियाको यात्राका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा । ११.३० को उडानका लागि ८.३० मा एयरपोर्टमा । थाइ एयरको जहाज । बैङ्ककको स्वर्णभूमि अन्तर र्राष्ट्रिय एयरपोर्ट, हाम्रो ट्रान्जिट मात्र । खोई के कारण हो १२ बजे मात्र उड्यो । बिहान ४ बजे अवतरण । हाम्रो ट्रान्जिट समय ४ घण्टा । नेपाल र थाइल्यान्डको समयमा अन्तराल । सिङ्गापुरका लागि बिहानको ८ बजे फ्लाइट भयो, २६ जुनका दिन । तीन घण्टामा सिङ्गापुर चाङ्गी अन्तर्राष्ट्रिय एयरपोर्टमा ल्यान्डिङ । होटलबाट हाम्रालागि गाडी लिन आइपुग्यो । एयरपोर्टबाट निस्केदेखि नै सडकको दुबैतर्फ प्रशंसायोग्य हराभरा । हाम्रो बासस्थान IBIS होटलमा । केही समय आराम गरेपछि बेलुकीपख सिङ्गापुरको मुख्य बजारको अवलोकन । आधुनिक संरचना । अमेरिकाकै मोडलमा बनेका । अग्ला अग्ला बिल्डिङ । सफा सडक । सडकका किनारमा प्रायः बोटबिरुवाले हरियाली देखिने । निकै समय बितायौँ । आखिर बेलुका बास बस्न मात्र पुग्नुथियो होटलमा । हामी बसेको होटलकै बिल्डिङ तर भारतीय नेपाली सञ्चालक भएको मालिङ्गो रेस्टुरेन्टमा नेपाली खाना खाइयो ।

२७ जुन बिहान होटलमा नै ब्रेकफास्ट । स्वस्थ्य र गुणस्तरीय । यसको अलग्गै पैसा तिर्ननपर्ने । हामी सातौँ तलामा, रेस्टुरेन्ट चौथोमा । त्यहीँ नै स्विमिङ पुल । पानीको व्यवस्था रेस्टुरेन्टबाटै भयो । दिउँसो सिटी भिजिट । दुईतले इभी गाडी । ठाकुर लालबहादुर सिंह बताउने हाम्रा गाइड । गफाडीको राजा । बहिर्मुखी स्वभावका । भारतीय मूलका तर सिङ्गापुरका नागरिक । गाइड गर्ने कला राम्रो । फरासिला । टुरिस्ट वसमा २०-२५ को सङ्ख्यामा हामी । विभिन्न भाषा र संस्कृति वरण गर्ने ।

हामीलाई क्लार्की स्ट्रिट (clarky street) पुऱ्याइयो । वारिपट्टि डुङ्गा पार्किङस्थल । सफा र सुन्दर व्यावसायिक भवनहरू । पारिपट्टि अग्ला र आकर्षक भवनहरू । सिङ्गापुर रिभरको यात्रा गऱ्यौँ एक्स्ट्रा पैसा तिरेर । पानी धमिलो धमिलो । छानो भएको डुङ्गा । डुङ्गाभरि हामीजस्तै घुमन्तेहरू । त्यही रिभरको पानी शुद्धीकरण गरेर खानका लागि वितरण गरिन्छ रे । भन्दै थिए सहचालक । अगाडि एन्डरसन ब्रिज आयो फलामले बनेको सन १९१० मा । दायाँबायाँ अग्ला अग्ला घर गगनचुम्बी ।

हेर्नलायकका । अर्को आर्क आकारको पुल । फूल नै फूलले सजाइएको । अन्यतिरको भन्दा फरक किसिमले बनाइएको ।

यहाँ मेरिना पार्क सुन्दर रहेछ । रिभरका बिचमा गोलो आकारको इटालियन रेस्टुरेन्ट । पानीमाथि तैरिरहेकोजस्तो देखिन्छ । नदीलाई चेप्ट्याइएकोजस्तो । यो नदी १० मिटर गहिरो रहेछ । नदीकिनारमा अग्ला अग्ला भवन, टावर । त्यहीँ होटल, सपिङ मल, बैङ्क र पर्यटक आकर्षण गर्ने केन्द्र । डुल्दै जाँदा एउटा बिजुली रोटेपिङ देखियो । टाढाबाट देखिँदा त्यति महत्त्वको होलाजस्तो थिएन । त्यसलाई सिङ्गापुर फ्लाएर (Ferris wheel) भनिदो रहेछ । नजिकबाट हेर्‍यौँ । धेरै तारहरूले गोलो रिङलाई परस्परमा आबद्ध गराएको । साइकलको चक्कामा रिङ हालेजस्तो । ढोलक भनौँ कि मादल ? त्यस्तै त्यस्तै खाले सिसाले बेरेका बट्टामा मानिसहरूलाई राख्ने । त्यहँबाट पूरै सिङ्गापुर देखिने । पैसा तान्न जानेकै हुन् । नेपालका पहाड, मधेस र काठमाडौँ उपत्यकामा मेला लगाउँदा त्यस किसिमका चक्केपिङ हालिन्छ । यस्ता पिङ त नेपालका गाउँ गाउँमा हालिन्छन् दसैँका वेलामा । त्यस्तै फ्लाएर तर धेरै अग्लो । गगनचुम्बी भवन, टावर, होटल, नदी, जङ्गल र समुद्र देख्न सकिने । पर्यटकहरूको आकर्षणको मुख्य केन्द्रस्थल मानिने मनोरम स्थान ।

यो नदी कहीँ कहीँ ठिक्क ठिक्कको साँगुरिएको र कुनै कुनै ठाउँमा फैलिएको आकारमा देखिन्छ । मेरिना बेको नजिक गोलाकारमा फैलिएकोजस्तो देखियो तर त्यसपछि आफ्नै स्वरूपमा बग्ने । पुलमुनिबाट एकतले डुङ्गा सजिलै वारपार गर्नसक्ने बनाइएको । मेरिना बेका किनारमा सिंहका आकृति आकारको खम्बाजस्तो उठाएर मुखबाट फोर्सले पानी फ्यालेको कम्ता रमाइलो देखिदैन । सिङ्गापुरको पहिचान र गौरव हो रे यो । यसको वरिपरि जम्मा भएर फोटो खिच्नेको होडबाजी । भिडियो बनाउने मानिसहरूको खचाखच भिड । पर्यटकलाई आकर्षित गराउने कला जानेको । आफ्नो पहिचान पनि कायम गर्न सिपालु । ठुला सडकदेखि ससाना कुनाकुनीमा पनि सफाइमा ध्यान पुगेको । मानिस जम्मा हुने ठाउँमा पानी र वासरुमको व्यवस्था । घुमन्तेहरूलाई हुने समस्या भनेकै पहुँचभित्र ट्वाइलेट नपाउनु हो । त्यसबारेमा चाहिँ कस्तो तरिका अपनाउनुपर्छ भन्ने कुरा सिङ्गापुरको व्यवस्थापन पक्षलाई राम्रै हेक्का रहेको प्रस्ट हुन्छ । पर्यटकले असहज महसुस गर्नै पर्दैन । यहाँ चोरी हुँदैन । कडा सुरक्षा दिएको रहेछ सरकारले ।

डुल्दै जाँदा पुरानो संरचनाको पार्लियामेन्ट भवन पनि अति सुन्दर देखियो । यो ब्रिटिसकालीन रहेछ । यसको निर्माण १८७० मा भएको रहेछ । अर्को कोलेमन पुल, अनि रिभर वाक बजार रहेछ । ज्यादै सुन्दर हेर्नलायकको । फोहोर कतै पनि देखिदैन । घुम्दै जाँदा सन १९३४ मा पुलिस स्टेसन राखेको ठाउँमा पुगियो । ठाउँ सुन्दर । त्यति वेला चाइनिजहरूले लुटपाट, हुलहुजज्जत र दादागिरी गर्ने गर्थे रे, गाइडले भनेको । त्यसैले सुरक्षाका लागि व्यवस्था गरिएको रे । सहरका बिचमा एउटा सुन्दर टुँडिखेल रहेछ, प्याराफिटसहितको । त्यहाँ सुभाषचन्द्र बोसले पहिलो भाषण गरेका थिए रे । त्यसलाई ऐतिहासिक स्थल मान्दा रहेछन् ।

गाइडका अभिव्यक्तिमा आफ्नो पैत्रिक भूमिको स्मरण प्रतिबिम्बित भएको अनुभूति भयो। ऊ हौसियो आफ्नोपनले। सुभाष भनेपछि छातीमा हात पुऱ्यायो र निधार छोयो। गाडी अगाडि बढिसकेको थियो तर ऊ भने टुँडिखेलकै भाषणमा।

अब हामी प्यासिफिक होटल (राफेल) हुँदै अगाडि बढ्दै छौँ। मेरिना स्क्वायर होटलको प्रवेश शुल्क मात्र १५० सिङ्गापुर डलर लाग्ने रहेछ। फिल्म सुटिङ गर्ने सुन्दर ठाउँ। त्यहाँका भवनहरू पनि देखियो। यहाँ ब्रिटिसहरू सन १८१९ मा आएका रे। सिङ्गापुरको विकासमा ब्रिटिसको आगमनपछि सहयोग पुग्यो, भन्थे लालबहादुर। मैले त्यही वेला सोधेथेँ। लि कुवान युको आगमनले होइन ? ओ! तपाईँलाई त थाहा छ। ऊ राम्रो मान्छे हो, विदेश पढेको। म चुप लागेँ। मैले त यहाँको अवलोकन गर्नु थियो। यहाँको भूमि ७१९ वर्ग कि.मि रहेछ। जनसङ्ख्या करिब ६०,२८,४५९ मात्र २०२३ को तथ्याङ्कअनुसार। यहाँ सबैभन्दा बढी चिनियाँ मूलका बासिन्दा रहेछन्। तिनीहरू ७४ प्रतिशत छन् रे। त्यस्तै मलय १३ प्रतिशत, भारतीयहरू ८ प्रतिशत र अन्य ३ प्रतिशत रहेछन्। तीमध्ये अङ्ग्रेजी, चिनियाँ, मलय र तमिल गरी चारवटा भाषा आधिकारिक रूपमा प्रयोगमा ल्याइने। तर घरमा मन्दारिन, मलय, तमिल र अङ्ग्रेजी साधारण रूपमा बोलचालमा आउने।

हिन्दु ३, बौद्ध ३१, इस्लाम १५.६, इसाइ १८.९ र बाँकी प्रतिशतले ताओ धर्म मान्ने रहेछन्। आयस्रोत इलोक्ट्रोनिक, रसायन उद्योगहरू, पर्यटन आदि क्षेत्र मानिन्छन्। प्रतिव्यक्ति आय १,२७,५०० र साक्षरता प्रतिशत ९७.९८ रहेको। छ वर्षको प्राथमिक तह हुने तर अनिवार्य। माध्यमिक तहमा विभिन्न समूहमा बाँडिने। उच्चशिक्षा प्राविधिक संस्थाबाट पोलिटेक्निक तथा जुनियर कलेज र विश्वविद्यालयमा उच्चस्तरीय पठनपाठन र अनुसन्धान हुने रहेछ। खासगरी बन्दरगाह, सिङ्गापुर बोटानिकल गार्डेन, चांगी अन्तर्राष्ट्रिय एयरपोर्ट, सेन्तोसा आइल्यान्ड, मनोरञ्जन पार्कहरू, समुद्री किनार, सिङ्गापुर फ्लायर (ठुलो अवलोकन चक्र)बाट सिङ्गापुरको दृश्य देख्न सकिन्छ।

हामीलाई एक फन्का सिङ्गापुरको चक्कर लगायो। अर्को लिटिल इन्डिया भन्ने ठाउँ रहेछ। हेर्नलायकको। सायद त्यहाँ बढी भारतीयहरूको जनघनत्व भएकाले त्यो नाम जुराइएको हुनसक्छ। ठुला ठुला व्यवसायीहरू। फलफूलका थोक विक्रेतादेखि खुद्रे पसलहरू पनि यत्रतत्र। त्यस्तो दृश्य अन्य ठाउँमा देखिएको थिएन। त्यहीँको होटल कालाममा दिउँसोको सामान्य चियानास्ता गरियो। पर्यकहरूको जम्बो टोलीमा हामी दुईजना बुढाबुढी मात्र नेपाली। होटल कालामबाट घुमन्ते टोली तितरबितर भयो भन्दा हुन्छ। हामी दुई र अन्य दुईतीनजनालाई एउटा गाडीमा राखेर सेन्तोसा आइल्यान्ड लैजाने भनेर हुँइक्याइयो। बाटाको दाहिनेतर्फ मेरिना गार्डेन लेखिएको खुला चौरी देखा पऱ्यो। सिङ्गापुर सिटीबाहिर त्यति ठुलो र फराकिलो जमिन त्यहीँ मात्र देखेका थियौँ। अन्यत्र कहीँ कतै देखिएको थिएन। तात्कलीन सरकारको सहरी विकास योजना तर्जुमा गरिरहँदा भविष्यसम्म खुला

जग्गा सुरक्षित राख्नुपर्छ भन्ने उद्देश्य राखिएको। हामीसँग साथमा रहेका गाडीचालकसँग कमै मात्र संवाद हुन्थ्यो। सोध्यो भने पनि जबाफै दिँदैनन्। जुनसुकै सडकका किनारमा पनि बोटबिरुवा फूलहरूले सुन्दर बनाएको देखिन्छ। सडकको सुन्दरता र हरियाली कायम गराउन सक्दो कोसिस गरिएको देखिन्छ। उनीहरू धेरै कुरा गर्न चाहँदैनन्। सडककिनारका बडेबडे अपार्टमेन्टका बारेमा प्रश्न गर्दा कुनै जबाफ पाइएन। हामीले भ्रमणलिस्ट हेर्‍यौं। केबुलकारको स्टेसनमा पुर्‍याएर छाड्यो अनि भन्यो, 'राति ८.३० मा लिन आउँछौं।' हामीलाई गाइड दिइएन। अब एक्ला भयौं।

टिकट देखायौं। केबुलकार चढ्यौं। अग्लोठाउँबाट चढेका हामी एकपटक होचो भागमा पुग्यौं। अनि फेरि उचाइ लिँदै गयो। बिचको एउटा खम्बा जमिनको सतहदेखि करिब सय मिटरको उचाइमा हुनुपर्छ पुर्‍याउँदा शरीर सिरिङ्ङ भयो। माथिबाट हेर्दा तल सेन्तोसा जङ्गलभित्र कतै हराइरहेकोजस्तो देखिन्छ। जङ्गलभित्र विभिन्न संरचना। निर्माण भएका सुन्दर भवनहरू। समुद्रमाथि छौं हामी। तुरुन्तै जङ्गल अनि बस्ती देखिन्छ। केबुलकारबाट देखिने कतिपय संरचना नौला थिए। भिन्न। अड्कल गर्न नसकिने। माथिबाट हेर्दा पावरहाउस हो कि ? जस्तो, तर यकिन कसरी गर्नु र हामी त धेरै उचाइमा छौं। बस्ती आउँछ अनि तुरुन्तै बाक्लो जङ्गल। फेरि समुद्र। सानो टापुका यी विविधतायुक्त संरचना, प्राकृतिक सौन्दर्य, मानवनिर्मित भवनहरू दायाँबायाँ दुबैतर्फ। हेरिरहुँ लाग्ने तर ती संरचना केबुलका बट्टा चिप्लिएजस्तै गरी बिलाउँछन्।

हामीलाई एउटा सुन्दर टापुमा पुर्‍याएर रोकियो। ओर्लियौं। त्यहाँ पनि सुन्दर संरचना। कुनै होचा कुनै अग्ला। मानिसको भिडभाड देख्दा मधेसको हाटबजार लागेजस्तो कल्याङमल्याङ। कुनै खाजाघर। कुनै सोभनियर किन्ने पसल। पहिलो स्टेपसम्म त्यस्तै बिस-पच्चिस मिनेट लागेको हुनुपर्छ। त्यहाँ व्यापारिक प्रयोजनका लागि राखिएका विभिन्न स्टलहरू। कसैलाई कसैको बारेमा जानकारी लिन दिन फुर्सद नै छैन। त्यहाँ एउटा जाँतोजस्तो चक्का परेको वस्तुमा चढेर घुम्दै घुम्दै पच्चिस-तिस फुटसम्म उकालिन टिकट लिन र त्यही चक्कामा चढ्न हतारिएका देखिन्थे मानिसहरू। केही क्षण त अल्मलमा पर्‍यौं। गाइड गर्ने मानिसको अभाव खड्कियो। सुरुमा त त्यही एउटा मात्र केबुलकार चढ्ने होला भन्ने ठान्याँ। पछि आफैँले अन्दाज लगायौं। उत्तर-दक्षिण जाने केबुलकारको स्टेसनको खोजीमा लाग्यौं। केही तल झरेपछि स्टेसन पुगियो। पुरानै लिङ्क देखायौं। सदर भयो। चढ्यौं। जहाँ पुग्छ, त्यहीं उत्रौंला। आपसी कुराकानी भए। नयाँ ठाउँ। कतिपय त भाषाको समस्या। त्यसमा पनि सहयोगको भावना भनेको एक प्रतिशत पनि देखिएन ! के आर्थिक विकास मात्र सम्पन्नताको सूचक हो ? आफूले आफैँलाई प्रश्न गर्‍यौं।

अब हामी पनि दृढ भयौं। जे होला होला भन्दै समुद्रको किनार खोज्दै हिड्यौं। केही थकान मेटाउनु पनि थियो। आफूसँग भएका खानेकुरा किनारमै बसेर खायौं। हामी म्याडम तुसौडा टापु जानु थियो तर उपयुक्त डिरेक्सन दिने कोही

भएनन् । वाइफाइविनाको जङ्गलसफारी कस्तो होला ? एकजना सज्जनले मूल सडक निक्लनू भने । त्यसै गर्‍यौं । सटल भेटियो । निःशुल्क । चढ्यौं । घुम्यौं । फन्को मार्‍यौं । हाम्रो गन्तव्य फेला परेन । यता जानुहोस्, उता जानुहोस् भन्ने कोही देखिएनन् । बोल्न पनि पैसा तिर्नुपर्छ भनेजस्तो । हामी नेपाली त पाहुनालाई अतिथिदेवो भवः भन्छौं । हाम्रो संस्कार संस्कृति हाम्रो पहिचान । त्यसैमा गर्बबोध गर्‍यौं ।

जहाँबाट सटल चढ्यौं पुनः त्यही ठाउँमा ल्याएर छाड्यो । पर्‍यौं रनभुल्लमा ! ड्राइभर एस वा नो केही बोल्दैन । धेरै सोध्यो भने पनि रिसाउने । आँखा तरेर हेर्ने । हामी त नेपाली संस्कार बोकेका । कसैले केही सोध्यो भने सम्पूर्ण नालीबेली लगाउँछौं । एक मनले लाग्यो संस्कार सिक्न यिनीहरू एकपटक नेपाल आउनै पर्छ अनि थाहा पाउँथे होलान् । व्यवहार सुधार गर्थे कि ! यस्तो रोबोटिक जिन्दगी पनि जिन्दगी हो र ? बरु रोबोटले त सोधेको प्रश्नको उत्तर दिन्छ आजभोलि ।

हामी हराभरा जङ्गलभित्र छौं । न त ह्वाट्सअप चल्ने, न मेसेञ्जर, न फोनको पहुँच । परेन के फसाद ! घाम लागिरहे पनि अन्धकारले छोप्यो हामीलाई । कालो रातजस्तो । 'चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी' भनेजस्तो भयो हामीलाई । समयले हामीलाई पर्खँदैन । 'कुहिराको काग' भनेजस्तै भयौं । भित्रभित्रै ट्राभल एजेन्सीसँग कम्ती रिस उठेको होइन । आफू आफूमा रिसाएर के गर्नु ? सिरकभित्र गुटुमुटु भएर रिस उठेको मान्छेलाई लात्तीले हानेजस्तो, के अर्थ हुन्थ्यो र ? कहिले यता, कहिले उता गर्दै एक घण्टा त्यसै बित्यो ।

कहिले भर्‍याङका खुड्किला, कहिले लिफ्ट । कति हो कति तल माथि गरेको । सबै जोड्यो भने नौबिसे पुग्न सकिने यात्रा भयो । त्यही समयमा एउटी विद्यार्थी भेटिइन् । सबै दुःख पोख्यौं । उनैले गाइड गरेर मेट्रो स्टेसनसम्म पुर्‍याइन् । लोकेसन बताइन् । पढेलेखेको मान्छे भनेपछि व्यवहार नै फरक । उनीप्रति कृतज्ञता ज्ञापन गर्‍यौं । सोहीअनुसार हिँड्यौं । ओर्लियौं । अब कता जाने ? कुनै सङ्केत चिह्न पनि देखिदैन । ओहोरदोहोर गर्ने मानिसहरू दोहोरीलत्त भए पनि कसैलाई कसैका लागि समय नै छैन । बालबच्चा, वृद्धवृद्धासहित पारिवारिक भ्रमणमा निक्लिएका युवायुवतीहरू लठ्ठारिएर अङ्गालो मार्दै हिँड्ने युवायुवतीहरू आआफ्नै धुनमा मस्त देखिन्थे ।

हामी जसोतसो गरेर म्याडम तुसौडा पुग्यौं । त्यो त एउटा महत्त्वपूर्ण सङ्ग्रहालय रहेछ । त्यहाँ जानुअगाडि गुगल नक्सा सर्च गर्नुपर्थ्यो तर समयाभावले नभ्याउँदाको कहर काट्नुपर्‍यो । अँध्यारामा ढुङ्गा हानेझैँ हानियौं तर कहाँ पुगिने हो भन्ने त्रास पनि छँदै छ मनमा । मेरोभन्दा बढी गीताको सक्रियता उल्लेख्य रह्यो । नभन्दै फाँटिलो सुन्दर ठाउँ भेटियो । सेभेन इलेभेन मार्ट आयो । फेरि नजिकै फूलैफूलले सुसज्जित हरियाली । टक्क रोकियौं । सेन्ट्रल बिच बजार लेखेको फराकिलो ठाउँ आइपुग्यो । बल्ल लामो सास फेरेँ मैले । सेन्तोसा म्युजिकल फाउनटेन र विङ्स टाइम लेखेको साइनबोर्ड भेट्टायौं । युद्ध जितेजत्तिकै भयो ।

यात्राको पूर्वतयारी थिएन । दुई दिनमै

उडेका थियौँ । सिङ्गापुरका लागि भिसा नचाहिने र मलेसियाको भिसा सिङ्गापुरको यात्राकै क्रममा आइपुग्छ भनियो । भिसाका लागि हाम्रा फोटाहरू मेल गरेर बैङ्ककतिर उडेका थियौँ । हामी यात्रा गर्ने ठाउँ कस्तो छ ? कुन कुन ठाउँ हो ? त्यसको महत्त्व के रहेको छ ? त्यो प्राकृतिक वा कृत्रिम हो, पहिल्याउन भ्याएकै थिएनौँ । तत् तत् ठाउँमा गाइडको व्यवस्था हुन्छ, भनियो मात्र ।

म्याडम तुसौडा (Madame Tussauds) प्राकृतिक नभएर केवल पर्यटक आकर्षणका लागि बनाइएको कृत्रिम रहेछ । हिन्दी चलचित्रका कलाकार, निर्माता, विश्वका नाम चलेका राजनेता, खेलाडी आदिका मैनचित्र राखिएका सजाएर । दुरुस्तै । यिनीहरूकै मैनचित्र हेर्न यत्रो हण्डर खाएर जानुपर्ने नै थिएन । कसैलाई दोष थोपरेर पन्छिन पाइने कुरा पनि होइन । 'दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले' भन्ने उखान आफैँलाई लागू भएको अनुभूति भयो । बिच बजार भनिएकै स्थाननजिकमै चारपाटे बक्स आकारको आकर्षक संरचना देखिन्छ तर त्यसले के भन्नखोजेको भन्ने बुझ्न सकिएन । त्यहाँ मैनचित्रका अतिरिक्त एनिमेसन गरेर देखाइने दृश्य र दृश्यावलीहरू धेरै मनमोहक । तर हाम्रो समयले सुइँकुच्चा ठोकिसकेको छ । हामी प्रशान्त महासागर र एटलान्टिक महासागरको किनारा (बिच) हेरिसकेकालाई सेन्तोसा आइल्यान्डको सिलोसो किनार हेर्दा नेपालीमा भन्ने गरेको ' आच्छ्यौँ खायौँ बाछ्यौँ खायौँ नाथे पाटे बारुलो' भनेजस्तै भयो ।

हामी हतारमा थियौँ । कलाकारसँग फोटो खिच्ने क्रममा गीताले ब्याग कहाँ छाडिन् छाडिन् पत्तै भएन । बाहिर निस्किएपछि मात्र थाहा भयो । अब परेन आपत ! आफूखुसी भित्र पस्नै नपाइँने । समस्या बतायौँ तर कहाँ छुट्यो भन्नै सकेनौँ । उनीहरूले आफ्नो सञ्जालमा सम्पर्क गरे । चिट्चिट् पसिना छुट्यो । भएभरका सबै डकुमेन्ट त्यही ब्यागमा । कसैले खराब नियत राखेको भए ? मनमा कुरा खेले । तर फेला परेछ । ल्याइदिए । धन्यवादको पोको बाँड्यौँ ।


कृत्रिम बनावट जहाँ मान्छेलाई सोझै मूर्ख बनाइँदो रहेछ, त्यसको नाम हो 'विङ्स अफ टाइम' । यो खेल एउटा आतेसबाजी रहेछ । त्यहाँ जान पनि टिकटको लिङ्क देखाउनै पर्ने । लाइनमा बस्यौँ । यो लाइन पनि कति हो ? पैसा तिरेर सिङ्गापुर पुगेर पनि लाइन ! 'घरै पिँडालु वनै पिँडालु ससुराली जाँदा बार हातको पिँडालु' भनेजस्तै । लाइनै लाइन । पुर्पुरोमा लेखेको पनि के के हो के के । नेपालमा वर्षमा एक दुईपटक त्यो पनि आक्कलझुक्कल राम्रो फिल्म हुँदा, हेरिन्थ्यो नेपाली सिनेमा । यहाँ आएर भाषा नबुझिने । मले हो वा मन्दारिन ! पखेटा आकारको कुनै पंक्षीको आकृति बनाएर त्यसलाई चारपाँचतिरबाट रङ्गीन बिजुलीबत्ती झिल्केमिल्के बनाएर आश्चर्यजनक ढङ्गले ज्योति छरेर मान्छेका आँखा छल्ने काम मात्र भएको ठान्यौँ । यो आइटमको सट्टा अर्को कुनै प्राकृतिक दृश्य देखाएको भए हुन्थ्यो भन्ने लाग्यो, त्यो आतेसबाजी हेर्दा हेर्दै । तर यो त मनमा लागेको मात्र न हो । विभिन्न रङको संयोजन । कुनै कुनै दृश्यले मन नै सिरिङ्ङ हुने पनि । आगोको

ज्वाला । पानीको फोहोरा । पटाका पट्केको आबाजले कानको जाली फुट्लाजस्तो । पानीमा डुबेको । खोई ? कुन पंक्षी हो उद्धार गरेको काल्पनिक कला जोडजाड । नाटकीकरण र सोहीअनुसारको मिलाइएको भाषा । प्यारािफिटमा बसेका मानिसहरू आत्तिएजस्तो पनि लाग्ने । मूर्ख भइयो बुढी मूर्ख ! भनैं तर त्यहाँ भनेर के गर्नु ? पछुतो लाग्यो, भनैं । सानो हुँदा सिनेमा हेर्दा यी मान्छेहरू कहाँबाट आउँछन् र तमासा देखाउँछन् होला भन्ने जिज्ञासा आइरहन्थ्यो तर विङ्स अफ टाइम त्यतिकैमा बित्यो । एक छिनलाई के....को न्यानो भनेजस्तो । ठेलमठेल गर्दै निस्क्यौं बाहिर । गाडी भेट्नु थियो ।

ड्राइभरले लोकेसन बताउँछ, हामी त्यो लोकेसनमा जाँदा भेटिँदैन ! हैरान भयौं । भेटिएनन् भनेर छाड्यो भने ?... मनमा कुरा खेले । हामी दुई तलामुनि छौं । ऊ माथि । तल आऊ भन्दा नआउने । आधा घण्टा बित्यो । त्यहाँ बस्नुपऱ्यो भने ? फेरि कहाँ ? प्रश्न माथि प्रश्न तेर्सिन थाले आफैंमा । एक थोकको मात्र टेन्सन भए पो ! त्यहाँ मानवता भनेको कुन चराको नाम हो, थाहा नै छैनजस्तो व्यवहार ! तलमाथि तलमाथि गर्दा पनि भेटिएन । ठाउँको सङ्केत पठाऊ भन्यो टेर्दैन । खुट्टा दुखेर हैरान । तीन-चारपटक घुमेको ठाउँ रहेछ । गाडीभित्र छ ऊ । हामी बाहिर । खोज्छौं । निस्कँदैन । फेरि फोन लाग्दैन । बल्ल भेट भयो । बिसौं वर्ष हराएको आफन्तसँग भेट हुँदाको खुसीजस्तो । टाढा त होइन रहेछ नि ! आधा घण्टामै पुग्यौं होटल ।

*सूर्यविनायक २, बालकोट भक्तपुर ।*





❖ **अरूणबहादुर खत्री 'नदी'**

# एउटा सेल्फी

१
मेरी सानी नानी
कति राम्रो बानी ।

२
मेरी सानी साथी
खेल्छिन् तलमाथि ।


३
पढ्छु म शिक्षकको प्रेरणालाई सँगाल्दै
बढ्दै छु म देशप्रेम राष्ट्रभक्ति अँगाल्दै ।

४
कति धेरै राम्रा भिरपाखा लालीगुराँस फुलेको
जडीबुटीको सुगन्धले वातावरण नै खुलेको ।

५
लालीगुराँस फुल्दाखेरि रमाइलो वन
चरीसँगै जङ्गलमा उड्दछ मेरो मन

*बुढानीलकण्ठ-४, पासिकोट,*
*उज्यालोवस्ती, काठमाडौं*

# उमेरबोध/मृत्युबोध



❖ माधव चौलागाईं

मान्छे तनले, उमेरको कारणले बुढो भए पनि मनैदेखि बुढो नहुने रहेछ । साठी वर्षको मान्छेसँग दाँजेर पनि आफूलाई तरुनो ठान्दो रहेछ । मनले हरेस खाएपछि जुनसुकै उमेरमा पनि मान्छे बुढो हुने रहेछ। यदि तपाईंलाई यो कुराको अनुभव गर्नु छ भने काठमाडौंका सार्वजनिक बसको या काठमाडौंदेखि धुलिखेल या पनौतीसम्मको यात्रा गर्नु पनि एउटा माध्यम हुनसक्छ। त्यो यात्रामा सार्वजनिक यातयातको क्षेत्रमा एकाधिकार जमाएर बसेका बस कम्पनीका चालक, सहचालकले तपाईंले याद नगरेको तपाईंको आफ्नै उमेर र शारीरिक अवस्थाको सम्झना गराउने छन् । म काठमाडौं सहरमै बस्ने एउटा निम्न मध्यम वर्गको नागरिक भएकोले यी बस रुटहरूको बारेमा म तपाईंहरूलाई यकिनसाथ बताउन सक्छु किनभने म सधैंजसो यिनै रुटमा यात्रा गरिरहेको हुन्छु।

मलाई थाहा छ, हामीमध्ये धेरैजना उमेर लुकाउन मन गर्छौं, कम्तीमा पनि तीनचार वर्ष । उमेर ढाँटेर भन्दा भन्दा हाम्रो मनले पनि ढाँटेकै उमेर स्वीकार गरिसकेको हुनसक्छ। त्यसैले हामी तीनचार वर्ष त तरुनो महसुस गर्ने नै भयौं तर यी सार्वजनिक बसका सहचालकहरूले हामीलाई हाम्रो उमेरका बारेमा झकझकाउने छन् ।

म त सार्वजनिक बसयात्राको भुक्तभोगी हुँ। मसँग आफ्नै सवारी साधन छैन त्यसैले मैले कामको सिलसिलामा काठमाडौंबाट धुलिखेल पनौती सार्वजनिक बसमा यात्रा गरिरहनुपर्छ । मलाई यी यात्राका दौरान यी अनुभवहरू प्राप्त हुन्छन् जुन निजी सवारी साधन प्रयोग गर्नेले पाइरहेको हुँदैन । म अप्ठ्यारो गरी कोचिएर गाडीमा उभिएर यात्रा गरिरहेको हुन्छु, सहचालक, 'ए दाइ ! पछाडि जानू न, त्यत्रो ठाउँ छ पछाडि' भनेर चिच्याउँछ। कहिले, 'ए काका ! तपाईंले अटेर गरेको हो ?' भनेर धम्काउँछ । कहिले 'ए बा ! पछाडि सर्ने मन छैन भने ओर्लनुहोस्, अरू जान्छन्' भनेर रिसाउँछ। यहाँको यात्रामा म एकै दिन दाइ, काका, बा बनेको हुन्छु । म कहिलेकाहीं, 'ए भाइ ! म तिमीले भनेको ठाउँमा ओर्लने हैन नि, मेरो ओर्लने ठाउँ आएपछि ओर्लिन्छु। यस्तै जुहारी चल्दै यात्रा चलिरहन्छ मेरो।

सार्वजनिक यात्राको सास्ती र बस कर्मचारीसँगको जुहारीको समयमा पनि म दार्शनिक बन्छु। म रिसलाई दबाउँछु। मलाई हाँस्न मन लाग्छ, फिस्स हाँस्छु । मलाई यो सास्तीमा जीवनबोध भएझैं लाग्छ । मलाई लाग्छ अब त बुढो भइएछ । उनीहरू मलाई यात्राभर मेरो उमेरअनुसार बदलिँदै गएको शारीरिक अवस्थाको बोध गराइरहेछन्जस्तो लाग्छ। म प्रायः दारी खौरेर सफाचट भएर हिंड्न अल्छी गर्छु । मेरा दारी पाल्ने खालका पनि छैनन् । खेतबारीमा राम्रोसँग बिउ नछरेर या उम्रन प्राकृतिक कुराहरू नपुगेर राँटो रहेको बारीजस्तो देखिन्छ मेरो दारी। यस्तै दारी पनि फुल्न थालेका छन् र म दारी नबनाई कैयौं दिन हिंडिदिन्छु। तैतै

उनीहरूले मेरो हुलिया देखेर हजुरबा नै चाहिँ भनिहालेका छैनन् ।

यति हुँदाहुँदै पनि यात्राकै दौरान एकजना महिलाको कारण मलाई अहिले भर्खरको महसुस पनि भएको छ । हालसालै एकजना महिला जो मेरो पुरानो परिचिता रहिछन्, मैले त बिर्सिसकेको थिएँ, एउटा समुदायमा हाम्रो पुनः परिचय भएको थियो । उनले भनेको सम्झना भयो । उनले चाहिँ मलाई युवाजस्तो भनेर ऊर्जा थपिदिएकी थिइन् । बिर्सिसकेको युवा अवस्थाको ऊर्जा उनकै कारणले सम्झनामा आयो । विशेष घटना सम्झाइदियो ।

यस्तै उमेरबोधको अनुभव सँगालिरहेको अवस्थामा एकजना मैले अकस्मात भेटेको प्रौढ मान्छेको अवस्था चाहिँ मृत्युबोधको थियो । उनी अनावश्यक कुरा मनमा खेलाएर मृत्युबोध गरिरहेका थिए । एकजना प्रौढ पत्रिकामा छापिएका समवेदना सन्देश हेरेर सम्भावित मृत्युको कल्पना गरिरहेको घटना थियो त्यो । म आफन्तकोमा पाहुना लाग्न गएको थिएँ । म त्यो घरमा पुगेपछि जुन कोठामा मलाई बस्न भनेर लगियो त्यहाँ एकजोडी अरू पाहुना पनि रहेछन् । उनीहरू सत्तरीको आसपासका भएको मैले अनुमान लगाएँ । औसत उमेर लगभग सत्तरीको हाराहारीमा भएको हाम्रो समाजमा उनी औसत आयुकै सेरोफेरोमा थिए । हामी बिच चिनजान नभए पनि पहिले उपस्थित भएका र ज्येष्ठ नागरिकको हैसियतमा पनि मैले नमस्कार गरेँ । पछि कुरा गर्दै जाँदा उनीहरू मेरो आफन्तका आमाकी दिदी र भिनाजु रहेछन् भन्ने थाहा भयो । उनीहरू आफैँले मलाई बताएका थिए । उनीहरू बसेको टेबुलनजिक केही दैनिक समाचारपत्रहरू थिए । वृद्ध कान्तिपुर दैनिक पढिरहेका थिए । कुरो अगाडि बढाउने किसिमको मान्छे म होइन, उनले पनि पत्रिका पढिरहेकाले होला तत्काल केही कुरा गरेनन् त्यसैले स्थितिलाई सहज बनाउन पनि मैले गोरखापत्र हातमा लिएँ र पढ्न लागेँ । केही क्षण त्यस्तै बित्यो । पछि उनले मलाई कान्तिपुर पत्रिकामा कसैको मृत्युमा छापिएका समवेदना विज्ञापनहरू देखाए । आज भित्री एक पेजमा पूरै यस्तै समवेदना सन्देशहरू छापिएका थिए । म प्रायः पत्रिकाको यो पेज हेरेर समय खेर फाल्दिन । त्यो पेजमा सधैँ हुने हालसालै मरेका मानिसहरूको विवरणसहितको फोटो, समवेदना दिने मानिसहरूको लामो विवरण र कसै कसैले गीताका मृत्युलाई शास्वत सत्य ठहराउने श्लोकहरू र पुराना नेपाली कविको एक कविताको अंश नै हुने हो । मलाई यस्तो कुरा बेकार लाग्छ । मलाई अप्रत्यासित यही पेज देखाउँदा म अबुझ बालकजस्तै भएर ट्वाल्ल परेँ । त्यहाँ साना उमेरकादेखि बुढासम्मका तस्बिरहरू थिए । मैले माथि नै उल्लेख गरेझैँ कवि लेखनाथ पौड्यालको 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो'जस्ता मृत्युलाई अन्तिम शाश्वत सत्य मानेर लेखिएका वाक्यहरू थिए । जसरी सृष्टिमा सिर्जना हुन्छ त्यसरी नै मृत्युमा पनि सिर्जना हुने रहेछ भन्ने मैले महसुस गरेँ । मिठा, सुन्दर साहित्यिक शब्दहरूसहित लेखिएका समवेदनाका काव्यात्मक वाक्यहरू पनि थिए त्यहाँ । मृतकको यस धरामा बास गरेका वर्ष खुल्ने मिति पनि उल्लेख थियो । समवेदना प्रकट गर्नेहरूका लामा नामहरू पनि देखिन्थ्यो । मैले उनले देखाएको ठाउँमा सरसरती यिनै कुराहरू देखेँ, यो हुने नै हो । मैले अरू केही देखिन । उनले यो देखाइरहँदा मलाई उनका कोही आफन्तको समवेदना हो किजस्तो पनि लागेको थियो तर पछि थाहा पाएँ त्यहाँ मैले सोचेभन्दा

र त्यहाँ लेखिएका, देखिएका कुराभन्दा अन्य कुराहरू उनले देखिरहेका रहेछन् । मानिस चर्मचक्षुभन्दा बढी मस्तिष्कले देख्छ । उसको दिमागमा जे चलिरहेको हुन्छ उसले त्यही देख्छ । उनले पनि यहाँ मृतकहरू र उनका बारेमा लेखिएका कुराहरूभन्दा विशेष अरू नै कुरा देखिरहेका थिए । ती समवेदना सन्देश पढिरहँदा त्यहाँ उनले देखेको मृत्युबोध थियो ।

म उनीभन्दा उमेरमा धेरै सानो भए पनि अपरिचित भएकोले होला 'हेर्नुस् त बाबु तपाईँले यहाँ के अनुभव गर्नुभयो ?' यस्तै शब्द प्रयोग गर्नुभयो । म आफ्नो विषयमा गहिरो अध्ययन गर्ने भए पनि वाकपटु चाहिँ छैन । अरूका मनका कुरा फ्याट्ट बुझ्न सक्दिन, मलाई समय लाग्छ त्यसैले म ढिलो आफ्नो कुरा राख्छु । म चुपचाप तिनै कुराहरू दोहोराउँदै हेर्नलागेँ । म धेरै समयसम्म के ेबोलिन । मैले उनको कुरामा प्रतिक्रिया नदिएपछि उनी आफैँ बोल्नलागे धाराप्रवाह ! म सुनिरहेँ । यो उमेरको पनि दोष होला । उमेर बढ्दै गएपछि यदि सुन्ने मानिस छ भने मानिस बोलिरहन्छ । उनको लागि म त्यहाँ सुन्ने व्यक्ति थिएँ । मैले उनलाई कुनै हस्तक्षेप गरिन । उनको कुरा सुनि मात्र रहेँ ।

उनी पहाडे ब्राह्मण परिवारको भए पनि पुस्तौँ तराईमा बसेकाले उनको बोलाइमा स्थानीय मैथिली भाषाको लबज आउँथ्यो । म पहाडमै जन्मे हुर्केकोलाई उनको बोलीको लबज मलाई हाँसउठ्दो थियो । नेपाली भाषाको बान्की नमिलेको लबज थियो त्यो । 'यो केटो त कालगतिले मरेको हैन, भर्खरको छ । असाध्य बिरामी थियो होला, छिटै मऱ्यो, बिचरा ! अरू मृतकको उमेर ख्याल गर्नुस् त ! उनीहरू पनि पचासदेखि सत्तरी हाराहारीका छन् । शास्त्रमा पनि सत्ययुग र त्रेतायुगको कुरो अर्कै हो, बाँकी युगमा मान्छेको आयु सय वर्ष भनिएको छ तर हामीकोमा यति उमेरमा मान्छे मरिरहेका छन् । यी पनि कालगतिले मरेका भन्न त मिलेन नि हैन त ?' उनी बिच बिचमा मलाई प्रश्न पनि सोध्दै हुन्थे । म कुनै शङ्का नदेखाई टाउको हल्लाएर समर्थन गरिदिन्थेँ । बुढा पुरानो जमानाका भए पनि पढालेखा रहेछन् । पहाडे ब्राह्मण परिवारका पछि तराई झरेर जमिनदार भएका, अरूलाई जागिर दिने हैसियतका उनले जागिर गरेनछन् । आफ्नै सम्पतिको रेखदेख गर्न नभ्याउने रहेछन् । उनले अरू कुरा गर्दा बिच बिचमा आफ्ना कुरा पनि भन्न भ्याएका थिए । उनले थपे, 'यो सबै सरकारको स्वास्थ्य नीति राम्रो नभएर हो । लोककल्याणकारी सरकारले कम्तीमा स्वास्थ्य र शिक्षा सर्वसुलभ गराउनुपर्छ । अन्धकारबाट उज्यालो मार्गतिर जान ज्ञान पाउनुपऱ्यो नि हैन त ?' उनले फेरि सोधे मैले फेरि पनि हो भन्ने भावमा टाउको हल्लाएँ । पूर्व पश्चिम राजमार्गदेखि सुदूर दक्षिणको यो सानो बजार वैशाख-जेठको प्रचण्ड गर्मीमा तातेको थियो । सिलिङमा घुमिरहेको बिजुलीपङ्खाले पनि तातोहावा फालिरहेको थियो । ती बुढामान्छेको शरीर पसिनाले लतपत थियो । उनी गर्मीकै कारणले पसिना पसिना भएका थिए कि सम्भावित मृत्युबोधले मैले ठम्याउन सकिन । म त्यति वेला अल्लारे उमेर भर्खर पार गर्दै थिएँ त्यसैले पनि मैले ती बुढामान्छेको कुरामा ध्यान दिइन । आज आफैँ त्यो उमेरमा पुग्दै गर्दा भने मैले ती बुढामान्छेको चिन्ता सम्झेँ ।

कामको सिलसिलामा हालसालै काभ्रेपलञ्चोकको एक गाउँमा गएको थिएँ । पहिला पहिलाजस्तो स्फूर्ति छैनजस्तो लाग्थ्यो म आफैँलाई । आफूलाई गाउँमा हिँड्ने काम गर्न उमेरको कारणले असहज भएको महसुस भइरहेको वेला एकजना महिलाको कारणले मनमस्तिष्कमा ऊर्जा थपिएको महसुस भयो ।

मैले ती महिलाको माइती गाउँमा छब्बिस वर्ष पहिले उनी प्राथमिक स्कुलमा पढ्दै गर्दा काम गरेको रहेछु, उनले मलाई ठ्याक्कै चिनेकी थिइन् । कपाल फुल्यो होला, कपाल पातलो भयो होला तर तपाईँ पहिलेकोजस्तै हुनुहुन्छ, काम गर्ने शैली पनि त्यस्तै उनले भनेकी थिइन् तर मेरो यस अबधिमा पक्कै पनि शरीर चाउरियो होला, कमजोर पनि भयो होला तर ती महिलाले मलाई पहिलाकै जस्तो भन्दा कम्ता खुसी लागेन।

साँच्चै मान्छे बुढो चाहिँ शरीरले हुन्छ कि मनले ? त्यस दिन मेरो दिमागमा यस्तै प्रश्न आयो र वर्षौं पहिलाका दिनहरू स्मरण गरायो। लाग्यो, यदि कुनै रोग लागेन भने मान्छे धेरै वर्ष पनि त बाँच्नसक्छ। पुराण कथाहरूमा कलियुगमा मान्छेको परमायु सय वर्ष भनेकै छ। मान्छे जुन कुरासँग नडराउनुपर्ने हो त्यहीसँग डराइरहेको छ। मृत्युका बारेमा कविता लेख्नु, साहित्य रचना गर्नु या पुराण कथा सुनाउनु, मृत्यु शाश्वत सत्य हो भनेर बताउन हैन कि डरले हो । मृत्युलाई बुझ्ने भएपछि मान्छे मृत्युदेखि डराउँछ, मृत्युका बारेमा किन खोजी पस्छ ? युवा अवस्थामा सत्तरी वर्ष बाँचेर पनि मान्छे जीवनदेखि वाक्क किन नभएको होलाजस्तो लाग्थ्यो तर आज उमेर बढ्दै जाँदा त जीवन केही नगरी बितेकोजस्तो लाग्ने रहेछ । भोग, लोभ, तृष्णा थकित नहुने रहेछन्। पुराणका कथाअनुसार सयौँ आइमाईलाई भोग गरेका, दरबारको सुखसयल भोगेका चक्रवर्ती राजा ययातिको जब मर्ने वेला आयो तब उनलाई कुनै पनि सुखसुविधा राम्रोसँग भोग गर्न नपाई जीवन बितेको महसुस भयो । उनी आफ्ना छोराको आयु लिएर फेरि बाँचे, फेरि पनि चित्त बुझेन। तब उनले बुझे जीवन जति बाँच्यो त्यति बाँच्ने रहर हुने रहेछ। त्यसपछि उनले जीवन त्याग गरे। जीवन त यस्तै हो।

ती मेरा आफन्तका आफन्त नेपालमा मान्छे मर्ने औसत उमेर पत्रिकामा खोजेर बसेका छन् । जीवन र मृत्यु त आफैँले आफ्नै शरीरमा खोज्नुपर्ने होइन र ? म कति सक्रिय छु, कति स्वस्थ छु त्यो मलाई थाहा हुन्छ अरूलाई भन्दा बढी। मन शरीर जति सक्रिय राख्नसक्यो त्यति हामी स्वस्थ हुन्छौँ नि !

*नयाँ बानेश्वर ।*

## ❑ गजल

### ❖ राम केसी

भगवान अनि धर्मको व्यापार हुन थालेपछि
मन्दिरभित्रै भक्तको बलात्कार हुन थालेपछि।

कहाँ गई, कोसँग गुहार माग्ने अब महोदय ?
न्यायालय नै पीडितको कारागार हुनथालेपछि।

धर्म बिक्दो रहेछ ! न्याय बिक्दो रहेछ महोदय
पुजारी पापीको पाउमा लम्पसार हुनथालेपछि।

आज भिड त्यहाँ छ, झुटको खेती हुन्छ जहाँ
सबैतिर चोर, फटाहाको नै बजार हुनथालेपछि।

महाभारतको रणभूमिभन्दा कम छैन जिन्दगी
चक्रव्यूहको अभिमन्यु बनाई प्रहार हुनथालेपछि।

साच्चै ! कली व्याप्त भएको नै हो त महोदय ?
पापै पापले नै भरिभराउ संसार हुनथालेपछि।

यो आँसु तिम्रो पाउमा झारौँ कि नझारौँ प्रभु ?
चारैतिर अपराधीकै जयजयकार हुनथालेपछि।

❑ लघुकथा

# सुखी मान्छे



**❖ ध्रुवकुमार सापकोटा**

हिउँदको एक रात भारी हिउँ परिरहेको छ, रातको १२ नाघ्यो । सबै सडक बन्द, चढेको रेल आधा बाटोमा रोकियो । घोषणा भयो- यो रेल अगाडि जान सक्दैन, यात्रुलाई रेल खालि गर्न अनुरोध, क्षमायाचना !

सोचेँ स्टेसनभित्रै न्यानो हुन्छ, केही घण्टा बिताउनुपर्ला ! सुरक्षाको लागि भित्र बस्न पाइँदैन भनियो । बाहिरतिर लागेँ । रेस्टुरेन्ट, चियाचमेनाका पसल सबै बन्द थिए । ट्याक्सीहरू भने यात्रु पाउने आशामा थिए । २-४ घण्टालाई रातबिच कहाँ होटेल खोज्दै हिँडूँ ! पैसाको काल ! एउटा बिल्डिङतिर आँखा गयो । ओत लाग्न मिल्ने रहेछ । ज्याकेट पनि निकै न्यानो थियो मेरो, भुल्ले टोपी र मफलर पनि लगाएको थिएँ, हातमा पञ्जा अनि न्यानो खालको बुट । उभिएर, सोचेर नै ३ घण्टा बितेछ ।

बिहानको ३ बज्दै थियो । बाक्लो हिउँ जमेको थियो । यस्तैमा एकजना मान्छे आयो, स्टेसनसँगै टाँसिएको ठुलो पत्रिकादानीमा फटाफट पत्रिका राख्दै गयो । उसको डिउटी यति छिट्टै सुरु ? ओहो ! बिहान ३ बजे, यो हिउँ परेको वेला ! सोचमग्न भएँ । ३-४ मिनेटमा अर्को मान्छे आयो । मिनीट्रकबाट कोकाकोला आदिका क्यानहरू झिक्दै भेन्डिङ मेसिनमा हाल्नथाल्यो । हिउँ अझै परिरहेको थियो । उसको फुलेको दारी झन् सेतो देखिन थाल्यो । करिब ४ मिनेटपछि अर्को मान्छे आयो । ऊ सडकमा जमेको हिउँ फ्याँक्ने मेसिन चलाउन थाल्यो । घडी हेरेँ भर्खर ३ बजेर ११ मिनेट जाँदै थियो । केही बेरमा अर्को मानिस आयो र स्टेसन छिर्ने सिकुवामा भुइँ सफा गर्ने मेसिन चलाउन थाल्यो ।

म अवाक भएँ ! सोच्न थालेँ, 'म जतिखेर मन लाग्यो सुत्छु, जतिखेर मन लाग्यो उठ्छु । मेरी श्रीमती भने बिहान सात बजे उठ्छिन् अनि ८ बजे कामतिर लाग्छिन् । यी मान्छेहरू बिहान ३ बजेदेखि नै काममा जोतिँदा रहेछन् !'

चार बज्यो हिउँ पर्न थामियो । म रेल चढी घरतिर लागेँ । सोचिरहेको थिएँ, 'मजस्तो सुखी मानिस को होला !'

*निदरल्यान्ड्स ।*

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

# आफैँलाई लाग्ने आश्चर्य



❖ पद्मप्रसाद शर्मा

दिलमान मेरा अति मिल्ने साथी हुन् । उनले समय समयमा मलाई आफ्नो हितको साथी भनेर सल्लाह र सुझाव दिन्छन् तर कुन्नि किन हो मलाई उनको सल्लाह सुझाव एकरत्ति मन पर्दैन । मेरा बुबा सरकारी सेवामा रहनुभएकाले हो कि किन हो मेरो अलिक जिद्दी गर्ने बानी र अरूलाई कम टेर्ने बानी बसेको छ । कहिले आफ्नै बाबुको रबाफ देखाउन मन लाग्छ ।


हाम्रा बुबा सरकारी सेवामा रहेर काम गरेकाले बुबालाई धेरैले सम्मान दिने गर्थे । त्यही हुनाले बुबाले नमस्कार गर्नेहरू निकै कम भेटिन्थे । बुबालाई सम्मान गर्नेहरूले हामीलाई पनि निकै फुर्काएर बोलाउँथे । यसैले होला हामीमा मात चढेको ।

अरू कसैले मेरोसामुमा तर्क गऱ्यो भने मलाई मेरै कुरा माथि पार्न मन लाग्छ । मेरो अन्तरमनमा कताबाट तर्क आउँछ, आउँछ । अरूको कुरा काटेर आफ्नै कुरा थप्न मन लाग्छ । पहिले सानो छँदा बुबालाई भेट्न आउनेहरूले फुर्काएकाले उनीहरूलाई होच्याएर बोल्दा पनि केही भन्न सक्दैनथे । त्यही गफ गरेको बानी अहिलेसम्म पनि छोड्नसकेको छैन । बुबाले कमाइ गरेको सम्पत्ति लामो समय टिकेन तर त्यति वेलाको बानी भने मेरो मनमा अहिलेसम्म पनि टिकेको छ ! यो छुटेर जालाजस्तो पनि लाग्दैन । यसैमा म आफैँलाई आश्चर्य लाग्ने गर्छ ।

एक दिन दिलमानले सरल ढङ्गबाट केही कुरा भन्दै थिए । मेरो मनमा उल्टो पर्न आएर उनलाई प्वाक्क केही अपशब्द भनिहालेँ । ठुलै चोट पऱ्यो होला भनेको त उनी मेरो कुरा सुनेर मुसुक्क हाँसे तर उनले मलाई त्यसैगरी भनेको भए म झनक्क रिसाउने थिएँ । दिलमानबाट यस्तै कुरा धेरै सिकेको छु तर पालना नगर्नाले सबै मनबाट हराएर गएका छन् ! यो सम्झँदा पनि आफैँमा आश्चर्य लागेर आउँछ ।

*विदुर ५, नुवाकोट ।*


हार्दिक श्रद्धाञ्जली




**गणेशप्रसाद नेपाल**

निधनः १९ कात्तिक २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# 'अजीजा चच्ची' आञ्चलिक कथामा समाजको सौन्दर्यीकरण



❖ प्रा. डा. कृष्णप्रसाद घिमिरे

**परिचयः**

सनत रेग्मी नेपाली साहित्यका स्थापित प्रतिभाशाली स्रष्ट्रा हुन् । उनको जन्म २२ सेप्टेम्बर १९४७ तदनुसार वि.सं.२००४ साल असोज ६ गते सोमवार भएको हो । उनी भेरी अञ्चल बाँके जिल्लाको नेपालगन्जस्थित गगनगन्जमा जन्मेर अनवरत साहित्यसेवा गर्ने साहित्यसेवी हुन् । पिता गोपालप्रसाद शर्मा रेग्मी र माता लीलादेवीका सन्तान सनतकुमार रेग्मीको नेपालगन्ज नगरपालिका वडा नं.८ गगनगन्जमा स्थायी बसोवास रहेको छ । उनले आई.ए. र साहित्य रत्न शिक्षा प्राप्त गरी समाजसेवा र राजनीतिमा लागेर साहित्यको सिर्जना गरिरहेका छन् । रेग्मीले दियालो, समय, सिर्जना, वर्तमान सेवा, महेन्द्र सौरभलगायतका पत्रिकाको सम्पादन गरेका छन् । यिनका सिर्जनाहरू राष्ट्रिय र स्थानीय स्तरका दुबै पत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । यिनका सिर्जनाहरू मधुपर्क, समकालीन साहित्य, गरिमाजस्ता राष्ट्रिय साहित्यिक पत्रिका र सुखी परिवार, दौतरी, सिर्जना, परिवेश आदि स्थानीय स्तरका पत्रिकाहरूमा छरिएका पाइन्छन् । रेग्मीको कलम कथा, कविता, निबन्ध र निःसमालोचनामा चले तापनि उनको परिचय दिने शक्तिशाली विधा भने कथा नै बनेको देखिन्छ ।

सनत रेग्मीले 'समाजकी छोरी' वि.सं.२०२४ कथाद्वारा कथायात्राको प्रारम्भ गरेका हुन् । उनका सङ्ग्रहबाहेक केही कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । उनका प्रकाशित आठ कथासङ्ग्रहहरू हुन् : १. मातृत्वको चीत्कार (२०२४), २. चन्द्रज्योत्स्नारकालोबादल(२०२५),३.दिनान्त (२०३५) , ४. बन्द कोठाको शहर (२०४५), ५. लछनियाको गौना (२०५१) ६. समय सत्य (२०५४ ), ७. सनत रेग्मीका प्रतिनिधि कथा (२०६० ) र ८. स्मृतिदंश र अन्य कथाहरू (२०६६) । कथाकार रेग्मी मध्यमाञ्चल साहित्य कला प्रतिष्ठानका संयोजक, नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वसदस्य तथा सदस्य सचिव, नेपाली लेखक सङ्घका केन्द्रीय सदस्य, 'मध्य, सुदूर र पश्चिमाञ्चल साहित्य समन्वय समितिका संयोजक तथा राष्ट्रिय स्तरका गोष्ठी, समारोहलगायत अमेरिकामा भएको एसियाली साहित्यकारहरूको सम्मेलन २०५५ सालमा समेत सम्मिलित भएका सर्जक हुन् । सनत रेग्मीले मैनाली कथा पुरस्कार २०४९ प्राप्त गरिसकेका छन् । आफ्नो परिवेशअनुसार राजनीतिमा संलग्न भएर उनी नेपाली काङ्ग्रेस बाँके जिल्लाका सभापति बनिसकेका छन् । आठवटा कथासङ्ग्रहका सर्जक रेग्मी ७९ वर्षको उमेरमा अद्यापि विभिन्न समाजसेवा र साहित्य, संस्कृतिसम्बन्धी सङ्घसंस्थाहरूसँग आबद्ध रहिरहेका छन् ।

**सनत रेग्मीको कथाकारिता :**

कथाकार रेग्मी मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । उनका कथामा पश्चिम तराईका विविध संस्कृतिको रेखाङ्कन गरिएको हुन्छ । उनले कथाबाट समाजको सौन्दर्य निर्माण गरेर 'अजीजा चच्ची'जस्तो उत्कृष्ट आञ्चलिक कथा लेखेका छन् । उनको 'लछ्मनियाको गौना' आञ्चलिक कथामा लोकजीवनलाई कथाको विषयवस्तु बनाई धर्म, संस्कृति, गौना, विवाहलगायतलाई वर्तमानको यथार्थ धरातलमा उतारेर कथामा प्रस्तुत गरिएको छ । यिनले कथाबाट स्वास्थ्य तथा नैतिक चरित्रवान् व्यक्तिको निर्माणद्वारा समाज र राष्ट्रको विकास सम्भव हुन्छ भन्ने अभिव्यक्ति दिएका छन् । उनका कथामा नेपालको पश्चिम तराई क्षेत्रमा बोलिने 'अवधी, उर्दु र हिन्दी भाषाको प्रभाव देख्नसकिन्छ । मान्छेले आँटे जस्तो क्षेत्रमा बसेर पनि साहित्यको सेवा गर्नसकिन्छ भनेर देखाउने रेग्मी मध्यपश्चिमाञ्चल क्षेत्रको कथा विधाका प्रतिनिधि व्यक्तिका रूपमा देखिएका छन् ।

कथाकार सनत रेग्मीले आफ्ना कथामा निम्नवर्गका व्यक्तिहरूको व्यथा, भोगाइ, संकट र क्षतिग्रस्त जीवन उतारेका छन् । उनका लछ्मनियाको गौना, छिनार, फुलमतीया, संस्कारलगायतका कथामा नारी चरित्रको सशक्त भूमिका देखिन्छ भने लाटो, चोकबजार, व्यापार आदि कथामा पुरुष चरित्रको विशेष भूमिका पाइन्छ । आफ्ना समकालीन कथाकारले अकथा, प्रयोगधर्मी र स्वैरकल्पनाजस्ता कथाशैलीलाई वरण गर्दा उनी आधुनिक कथातत्त्वलाई संयमित भएर प्रयोग गर्दै जीवनका जटिलतालाई सरल, सहज र संवेद्य बनाएर कथामा प्रस्तुत गर्न निपुण देखिन्छन् । तिनै कथागत तत्त्व र सौन्दर्य चित्रणसम्बन्धी प्रस्तुतिले उनका कथा सशक्त बनेका हुन् । कथाकार रेग्मीका छोटा र छरिता कविताहरू 'महेन्द्र सौरभ -१' आदि विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । 'मध्यपश्चिमाञ्चल कला-साहित्य प्रतिष्ठान'का लागि क्रियाशील रहने रेग्मीका रचनाहरू काठमाडौँबाट प्रकाशित हुने मधुपर्क, समकालीन साहित्य, गरिमा आदि पत्रिकाहरूमा पनि प्रकाशित छन् ।

कथाकार रेग्मी दुई विपरीतध्रुवका जातिको संस्कृतिलाई समेटेर अत्यन्तै सशक्त रूपमा प्रस्तुत गर्ने सर्जक हुन् । उनको 'अजीजा चच्ची' भन्ने कथा यसको सशक्त प्रमाण हो । उनले सुन्दर धेरै आञ्चलिक कथा लेखी आफ्नो प्रतिभाको परिचय गराएका छन् । 'बन्द कोठाहरूको शहर' कथामा बौद्धिक पक्ष प्रबल रूपमा रहेको देखिन्छ । प्रतीकात्मक रूपबाट आजको सहरी जीवन र त्यसमा जीवन भोग्न विवश बौद्धिक जमातप्रति कथाले प्रहार गरेको छ । विद्रोहको कविता लेख्ने विद्रोहीहरू र विद्रोही कविप्रति सहर र सत्ता सन्त्रस्त छ र उसलाई कोठामा थुनेर सबै कुरा पुऱ्याएर विद्रोहबाट विमुख गराउने प्रयास गरिन्छ । कविले खान पाउँदैमा बन्द कोठामा बस्न अस्वीकार गरे पनि पछि त्यसैमा अव्यस्त भएर नियतिप्रति सम्झौता गर्दछ । अर्थात् कथाले संवेदनाहीन हुँदै गएको, विद्रोहको ह्रास हुँदै गएको सम्झौतामा जीवन बाँच्ने, खान पाएपछि मानवीय स्वतन्त्रतालाई समेत त्याग्ने विद्रोहबाट विमुख हुनेप्रति तीव्र व्यङ्ग्य गरेको छ । स्वतन्त्रताको खोजी यस कथाको मूल उद्देश्य हो । सुदूर पश्चिमाञ्चलको साहित्य गतिविधिलाई अगाडि बढाउन सक्रिय रहेका रेग्मीले 'भेरी साहित्य विकास समिति'लाई पुनर्जीवित गराई सिर्जनाजस्तो उच्चस्तरको पत्रिका सम्पादन गरेको पाइन्छ । उनले यसै पत्रिका मार्फत 'लछ्मनियाँको गौना'जस्तो शक्तिशाली कथा प्रकाशित गरेका हुन् ।

**नेपाली समाज र सौन्दर्यीकरण**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक देश हो । यहाँ धार्मिक सद्भाव, जातीय मेलमिलाप, भाषिक समता तथा सांस्कृतिक समन्वयको अतुलनीय एकता देख्न पाइन्छ । त्यही कुराको सङ्केत करिब पाँच दशकअगाडि कथाकार सनत रेग्मीले ' अजीजा चच्ची' कथाबाट सामाजिक सौन्दर्यको उत्खनन गरेको देखिन्छ । साहित्यमा सौन्दर्यको अङ्कन सामाजिक एकता, धार्मिक सद्भाव तथा समन्वयात्मक मानवतावादी चिन्तनबाट प्रस्फुटित भइरहेको हुन्छ । पूर्वी नेपालका विभिन्न स्थानबाट बगेर मिलेका इन्द्रावती, सुनकोसी, तामाकोसी, दुधकोसी, अरुण, लिखु र तमोर यी सातवटा नदीको सामूहिक नाम सप्तकोसीमा जल मिसिएपछि पुनः पानी छुट्याउन सकिँदैन । त्यस्तै साहित्यमा अन्तर्घुलित सौन्दर्यले व्यक्तिको मनलाई विरेचन गरी सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । सफल स्रष्टाको मूल उद्देश्य साहित्यबाट दूरदर्शी दृष्टि र मानवतावादी सोचाइ व्यक्त गर्ने अभिलाषा हुन्छ । यसले समाज अग्रगामी तथा प्रगतिउन्मुख बनिरहेको पाइन्छ । त्यसैको ज्वलन्त उदाहरण हो - सनत रेग्मीको 'अजीजा चच्ची' कथा । सुन्दर साहित्य बन्नका लागि विधागत तत्त्वको सन्तुलित प्रयोग र सौन्दर्य चेतनाको सटिक अभिव्यक्ति अनिवार्य मानिन्छ ।

सनत रेग्मी कथाकार भएका हुँदा कथाका अनिवार्य तत्त्वमा कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैली पर्दछन् भने सौन्दर्य चेतनाभित्र कालचेतना, जीवनचेतना र सौन्दर्यचेतना आउँछन् । यी सबैको सन्तुलित प्रयोगबाट कथामा सौन्दर्य निर्माण भएको हुन्छ । कथाका अनिवार्य तत्त्वलाई सूत्रात्मक रूपमा यसरी अङ्कन गर्नसकिन्छ : कथानक (Plot), प्रारम्भ, उत्कर्ष (Climax) र अन्त्य हुने घटनाहरूको आख्यानात्मक शृङ्खलाको संरचनालाई कथानक भनिन्छ । यसभित्र संवाद (Dialogue) पनि समेटिन्छ, यसले पात्रहरूबिचको कुराकानीद्वारा कथालाई जीवन्त बनाउँछ । संवादले पात्रको स्वभाव र कथा अगाडि बढाउने काम गरेको हुन्छ । पात्र (Characters), कथाभित्र प्रयोग भएर कथालाई अगाडि बढाउने शक्ति वा जीवनधारी प्राणीलाई पात्रका रूपमा प्रयोग गरिन्छ । परिवेश (Setting), यसमा कथा कहाँ र कहिले घटेको छ भन्ने कुरा समय, स्थान, सामाजिक अवस्था आदिबाट समावेश गराइन्छ । कथाको चौथो तत्त्वका रूपमा उद्देश्य वा विषयवस्तु आउँछ । यसबाट कथाले के भन्न खोज्दै छ भन्ने मूल सन्देश प्रवाहित हुन्छ । यसमा प्रेम, सङ्घर्ष, आशा, बदला आदि विषयवस्तु हुनसक्छन् । दृष्टिकोण (Point of View), कथा कसको दृष्टिकोणबाट भनिएको छ, पहिलो वा तेस्रो व्यक्ति (प्रथम पुरुष वा तृतीय पुरुष) । त्यसका आधारमा दृष्टिविन्दु निर्धारित भएर कथालाई सशक्तता प्रदान गर्दछ । शैली (Style) लेखकको कथा लेख्ने तरिका, यसमा भाषा प्रयोगद्वारा संवेगात्मक अभिव्यक्ति प्रस्तुत गरिन्छ । यी सबै तत्त्वले कथालाई प्रभावशाली, रोचक, अर्थपूर्ण र सौन्दर्यीकरण गरेका हुन्छन् । कथा सौन्दर्यीकरण हुनुमा यसका तत्त्व, सार्थक शैली तथा जीवनचेतनाको विशेष भूमिका रहन्छ । रेग्मीको 'अजीजा चच्ची' कथामा यी तीन गुणको सन्तुलित प्रयोग भएको हुँदा आञ्चलिकता कथा उत्कृष्ट बनेको देखिन्छ । सार्थक शैलीका निम्न प्रकारका विशेषता रहेका हुन्छन् :

**सार्थक शैलीका विशेषताः**

क. **गहिरो भावनात्मक प्रभावः** पाठकको मन छुने र सोच्न बाध्य पारिएको हुन्छ।

ख. **स्पष्ट उद्देश्य :** लेखनको स्पष्ट लक्ष्य हुन्छ, जस्तै प्रेरणा दिनु, चेतना जगाउनु, अथवा सामाजिक सन्देश दिनु।

ग. **सजिलो तर प्रभावशाली भाषा :** जटिल शब्द होइन, सरल तर अर्थपूर्ण शब्द/भाषाको प्रयोग गरिन्छ।

घ. **जीवनका यथार्थ पक्षहरू :** यसमा प्रेम, सङ्घर्ष, आशा, परिवर्तनजस्ता विषयहरू समेटिन्छ। कथाका पात्र, परिवेश, संवाद र घटनाको सौन्दर्यपूर्ण चित्रणले पाठकलाई कथाभित्र डुबाउँछ।

ङ. **लेखकको अनुभव :** भावना र संवेदनालाई कलात्मक ढङ्गले प्रस्तुत गरिन्छ, जसले पाठकको मन छोइदिन्छ।

**चेतनाको प्रयोग :**

आधुनिक साहित्यका कथा, कविता, नाटक, निबन्धलगायतका विधाहरूमा तीन चेतनाको प्रयोग अनिवार्य मानिन्छ। ती हुन्: कालचेतना, जीवनचेतना र सौन्दर्यचेतना।

**कालचेतनाः** यस चेतनामा जुन समय, परिवेश र परिस्थितिको सर्जकका सृजनामा वर्णन गरिएको हुन्छ । त्यस कालको सही झलक देखाउने प्रयास गरिएको हुन्छ।

**जीवनचेतना :** प्रस्तुत चेतनामा राम्रा तरिकाले जीवन जिउने/बाँच्ने ज्ञान वा कलालाई जीवनचेतना भनिन्छ, जसरी जीवन बाँचिएको छ त्यसको यथार्थ र मनोहारी प्रस्तुति नै जीवनचेतना हो।

**सौन्दर्यचेतना :** यसमा स्रष्टाले सृजनाद्वारा वर्णन गरेको कथाको आख्यानात्मक जीवन आकर्षक र मनमुग्धकारी हुनुपर्दछ। यो साहित्यिक भाषाका शब्द, वाक्य, प्रतीक, विम्ब, अलङ्कार, संवाद, उखान-टुक्कालगायतको चयन र सौन्दर्य निर्माणको कला हो। कथामा प्रयुक्त यी सहायक तत्त्वहरूले कथालाई अनिवार्य रूपमा जीवनसापेक्ष र व्यवहार उपयोगी बनाउन सहयोगी हुनुपर्छ भन्ने मान्यता रहेको छ। यी सैद्धान्तिक अवधारणाले कथालाई जीवन्त बनाएका हुन्छन्।

**'अजीजा चच्ची' कथामा आञ्चलिकताको प्रस्तुतिः**

सनत रेग्मीको 'लछमनियाको गौना' (२०५१) कथासङ्ग्रहको दोस्रो संस्करण परिमार्जित रूपमा वि.सं.२०८१ सालमा प्रकाशित हुन्छ । यही कथासङ्ग्रहमा प्रकाशित 'अजीजा चच्ची' कथामा रेग्मीले धार्मिक सद्भाव र जातीय मित्रताका साथै आञ्चलिकताको राम्रो उदाहरण प्रस्तुत गरेका छन्। यसको कथानक वर्तमानबाट प्रारम्भ भई द्रुतगतिमा अगाडि बढेर विगततिर फर्केर पुनः वर्तमानमा आई कथा समाप्त भएको छ । यस कथामा मुस्लिम नारी अजीजाबाट कट्टर हिन्दु कथाको 'म' (अजीजाको मानसपुत्र अजीज) पात्रलाई व्रतबन्ध संस्कारमा भिक्षादान दिएर जातीय सद्भाव प्रकट गराइएको छ । जुन सद्भाव व्यावहारिक रूपमा आज बल्ल (वि.सं.२०८२ को तीजपर्व मनाउने क्रममा) हिन्दु-मुस्लिम नारीले नेपालगन्जमा एउटा धार्मिक जुलुस निकालेर नमुना देखाएका छन् । यस कार्यबाट सफल साहित्यकारमा हुने दूरदृष्टि कथाकार रेग्मीमा विद्यमान रहेको प्रमाण पाइन्छ। यही आञ्चलिकता र जातीय सद्भावको व्यवहारलाई उनले 'अजीजा चच्ची' कथाको सन्दर्भमा यसरी अङ्कित गरेका छन् :

"आमाले भिक्षा दिनु नै पर्छ अजीज ?" उनले फेरि सोधिन् । "हो चाची, आमाले

तीनपटक भिक्षा दिनुपर्छ", मैले भनेँ। त्यसपछि अजीजा चच्ची निक्कै घोरिनुभयो। नानाथरीका विचार उहाँको दिमागमा मडारिइरहेका थिए। निकै बेरपछि अजीजाले भन्नुभयो बढो दृढताका साथ, "म तिम्रो व्रतबन्धमा अवश्य आउँछु र तिम्री आमालेझैँ म पनि भिक्षा दिन्छु तिमीलाई। म त्यहाँ आउनुभन्दा पहिला अल्लाहसँग तिम्रालागि दुआ माग्छु।" "साँच्ची चच्ची ! तपाईँ मलाई भिक्षा दिन आउनुहुन्छ ?" मैले अलिक आश्चर्य मान्दै सोधेँ। "आउँछु अजीज, म अवश्य आउँछु", उनले भनिन्।

पछि थाहा पाएँ, मेरो व्रतबन्धमा आउनका लागि चाचीले ठुलो सङ्घर्ष गर्नुपरेको थियो। अली हसन मास्टर साहेब घरबाट बाहिर निस्कन दिन नचाहने। चच्चीले भने मेरो अजीजालाई म हिन्दु रिवाजअनुसार भिक्षादान दिन जान पाऊँ भन्ने। ठुलो सङ्घर्ष र धम्कीपछि मेरो व्रतबन्धका दिन अजीजा चच्ची, बुर्काले पूरै ढाकिएर स्कुलको एउटा हिन्दु पण्डितलाई बोलाएर भिक्षादान गर्न निस्किइन्। इद, बकरीदजस्तो चाडमा समेत घरबाट निक्लिन नसकेकी आइमाई एकैपटक एउटा हिन्दु केटाको व्रतबन्धमा निस्कँदा टोलभरि हल्लीखल्ली मच्चियो। मानिस नानाथरीका कुरा गर्नथाले तर अजीजा आइन् र एउटा कुनामा उभिएर मेरो बाटो हेरिरहिन्। मेरो बालसुलभ भावुक मनले मान्न सकेन र म सबैसँग भिक्षा लिएर अन्त्यमा कुनामा एक्लै उभिएकी अजीजा चच्चीकहाँ गएर भिक्षा थापिदिन्थेँ। अजीजाले फलफूल र चाँदीको एक रुपैयाँ भिक्षादान गरिन् तीनै पटक। अन्तिमपटक भिक्षादान गर्ने वेलामा उनका आँखामा आँसु भरिएको देखेँ मैले।" (रेग्मी, २०८१.पृ.७)

प्रस्तुत भनाइमा कति आञ्चलिकता र जातीय सद्भावको संवेदनाले भरिपूर्ण अजीजा चच्चीको व्यवहार छ। आफ्नो मानसपुत्र अजीजप्रतिको वात्सल्यभावले गर्दा मुस्लिम भएर पनि उनले श्रीमान् र समाजसँग सङ्घर्ष गरेकी छन्। उनी आमाको कर्तव्य निर्वाह गर्न चुकेकी छैनन्। आजभन्दा तिस-चालिस वर्षअगाडि आञ्चलिक कथाबाट विश्वजनीन मानवतावादी दूरदृष्टिको सन्देश दिनसक्नु रेग्मीको गरिमामय पक्ष हो। उनले मानवतावादी आञ्चलिक सद्भावलाई अजीजा पात्रद्वारा कथामा यसरी अभिव्यक्ति दिएका छन् :

"अजीजा ! तुम्हारा अजीज अब मुण्डन के बाद पक्का पण्डित हो गया है। वह तो अब सभी हिन्दूओं का छुआ भी नहीँ खाता होगा। हम तो मुसलमान हैँ।" "हसन क्या सभी कौम में एकता नहीं हो सकती ? यह आदमियत कब तक कौमों में बटी रहेगी ? क्या हम एक दुसरे के कौमों को प्यार नहीं कर सकते ?" उनले भनिन्। (रेग्मी, २०८१.पृ.८) (अर्थात् हसन! के हामी सबै जाति र समुदायका मानिसमा एकता हुनसक्दैन ? यो इन्सानियत (सत्मानवता) कहिलेसम्म विभिन्न जाति र समुदायमा विभाजित भइरहन्छ ? के एउटा जातिले अर्को जातिका मानिसलाई माया गर्नसक्दैन ?)। मानिसहरूमा भएको सङ्कीर्ण सोचाइप्रति अजीजाले यस आञ्चलिक कथाबाट कति ठुलो प्रहार गरेकी छन्! संसारका सबै मानव एउटै हुन् भन्ने उनको मूल विचार छ। मानिसलाई विभिन्न समुदाय, जाति, लिङ्ग, भाषा, धर्म आदिमा विभाजन गर्नुहुँदैन भन्ने मानवतावादी सद्भाव यहाँ साहित्यबाट स्पष्ट रूपमा मुखरित भएको छ।

कथामा स्रष्टा सनत रेग्मीले हिन्दी संवादको भावार्थ नेपालीमा दिनुपर्ने देखिन्छ तापनि पाठकले सन्दर्भअनुसार त्यसको अभिप्राय फेला पारेको पाइन्छ। प्रस्तुत कथामा अजीजा बेगमको महान् त्याग र विशिष्ट सन्देश पाइन्छ। एउटा हिन्दु युवक 'म' पात्रलाई 'तिमीले मेरो मृत्युमा

पुत्र बनेर मलाई पहिला माटो दिनू' भन्ने उनको अन्तिम इच्छाले प्रत्येक हिन्दुलाई मर्माहत बनाउँछ । एउटी मुस्लिम नारीका मनभित्रको कहर र पीडा कथाका रूपमा पस्कँदै आञ्चलिक धरातलबाट हिन्दु-मुस्लिमको एकता, मेलमिलाप तथा सहसम्बन्धको मानवीय चिन्तन प्रवाहित गर्नसक्नु रेग्मीको कथात्मक खुबी बनेको देखिन्छ।

**निष्कर्ष :**

'अजीजा चच्ची' कथा आत्मकथनात्मक शैलीमा प्रस्तुत भएको छ । हिन्दुहरूको प्रमुख संस्कार व्रतबन्धमा अन्यत्र कतै नभएको मुसलमान नारीले भिक्षादान दिने र दान लिँदा विरोध नभएको नेपालगन्जको आञ्चलिक विशिष्टता यस कथामा बाहेक अरूतिर वर्णन पाइन्न । रेग्मीका अरू आञ्चलिक कथाको तुलनामा यसको सौन्दर्यात्मक प्रस्तुति, स्थानीय दृश्यको अङ्कन, भिक्षादान दिन 'एउटा कुनामा एक्लै बुर्का ओढेर उभिएकी' भन्ने कुराको उल्लेखले तत्कालीन दृश्य प्रस्तुत गर्दछ। भाषिक प्रयोगमा कौम, आदमियत, जनाजा, गराराको खल्ती, अल्लाह, दुआ, फातिमा, हैवान, नमाज, खुटिया र नमकिनजस्ता उर्दुका शब्दहरू प्रशस्त कथामा पाइन्छन् त्यसैले यो उनको उत्कृष्ट आञ्चलिक कथा हो । नेपालगन्जको माटोको सुगन्ध र सबै मानवजातिलाई दिने अकाट्य सन्देश नै यस आञ्चलिक कथाको विशेष गुण हो । यही गुणले गर्दा आजभन्दा भोलि र भोलिभन्दा पर्सि 'अजीजा चच्ची' कथा अझ बढी विस्तारित हुने अभिलक्षण भेटिन्छ र पाठ्यक्रममा स्थान पाउने विश्वास लिनसकिन्छ। यस कथाले सबै धर्म मान्ने मानवजाति एउटै हुन् भन्ने जुन विचार दिएको छ, त्यो नै यसको शक्ति हो । यस सन्देशलाई विश्वभरका हिन्दु र मुसलमान जातिले मनन गर्ने वेला आएको छ। मास्टर हसन अलीको प्रेममा अजीजा बेगम पागल हुँदा उसले बेगमको रूपलाई मात्रै चिनेको र आत्माले माया नगरेको सन्दर्भ यस कथामा प्रस्तुत गरिन्छ। अङ्ग्रेजी र गणित पढाउने अलि मास्टर भए पनि अजीजाको इच्छाविपरीत उसले व्यवहार गर्दा अजीजाले ठुलो कष्ट भोगेकी छ । बेगमका निस्सार जीवनको कटुकथामा वात्सल्यप्रेमले आंशिक खुसी थपे पनि दिगो बन्न पाउँदैन त्यसैले पाठकको मनमा छटपटी र करुणाले उथलपुथल गराउँछ। जीवनसाथीका केही इच्छाहरू आफ्नो जीवनकालमा पूरा गर्दा जीवनयात्रा सुखद र सफल बन्छ। नत्र मास्टर अली र बेगम अजीजाको जस्तो दुःखदायी बन्छ बन्ने मूल धारणा व्यक्त गर्नु नै यस कथाको गहिरो सन्देश हो। प्रेम, भित्री मनबाट गरिनुपर्छ र चिरस्थायी हुन्छ । शारीरिक आकर्षणको प्रेम क्षणिक हुन्छ भन्ने धारणा नै यस कथाको आख्यानात्मक मूल्य बनेको देखिन्छ।

**सन्दर्भ सामग्रीसूची**


घिमिरे, कृष्णप्रसाद (२०६९).अनुसन्धानात्मक समालोचना. काठमाडौँ : कला बुक सेन्टर।

घिमिरे, कृष्णप्रसाद (२०७१).'कथाकार ललिता दोषीका कथाको शिल्पविधान'. महामण्डल. (१/२५, साउन-असोज). पृ.३-८।

घिमिरे, कृष्णप्रसाद (२०७८ ), "ध्वनिवादी चिन्तन र प्रयोग", त्रिवि ६२ औँ वार्षिक दिवस विशेषाङ्क , त्रिभुवन विश्वविद्यालय, पृ.३९-४४।

घिमिरे, कृष्णप्रसाद (२०८१).'मदन भण्डारीका सृजनामा भाषिक चयन र विचलन'. हैमप्रभा. ( विज्ञसमीक्षित. अङ्क-२३. जेठ).पृ.१-१५।


तिमिल्सिना, हरिप्रसाद (२०८२).'मृत्युसंस्कार'.यज्ञान्त. (स्मारिका). वैकुण्ठधाम सिधनियाघाट.पृ.११-१८।

पौड्याल, एकनायण (२०८०). 'नेपाली कथामा आञ्चलिकता'. ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।

प्याकुरेल, लेकप्रसाद (२०८१). बाँकेका नारी स्रष्टा र सिर्जना. कल्पना फाउन्डेसन नेपाल।

रेग्मी, सनत (२०८१ ). लछमनियाको गौना. दोस्रो संस्क.ओरिएन्टल पब्लिकेसन।

# हात्तीको बोसो



❖ गोविन्दबहादुर कुँवर

म अर्थात् पूर्णप्रसाद, चन्द्रकुमार र भीमराज मकैखोरियाको जनता आधार भूत विद्यालयका शिक्षक थियौँ। हामी तीनैजना अस्थायी भएकाले एउटा घरको धन्सारमा डेरा लिएर बसेका थियौँ। घरबेटीले हामीसित घरभाडा लिन्थेनन्। चामल, दाल, गावा, गुन्द्रुक हामी घरबाटै लान्थ्यौँ। मौसमअनुसारका तरकारी अभिभावकहरूले उपलव्ध गराउँथे। हामी पालो गरेर भात पकाउने र भाँडा माझ्ने गर्थ्यौँ। हामीबिच राम्रो एकता र समझदारी थियो। त्यसमाथि हाम्रो राजनीतिक आस्था पनि एउटै थियो।

२०४६ सालको परिवर्तनपछि जागिरको सुरक्षाका लागि पनि एउटा बलियो दलको आड लाग्नै पर्ने बाध्यता थियो हामी शिक्षकहरूलाई। अझ सेवामा विशेष अवसर पाउनका लागि त भन्नै परेन। कति शिक्षकको भित्री मनले नमाने पनि दलको पछि लाग्नै पर्ने हुन्थ्यो। कति त्यस्ता शिक्षकले पेन्सन निस्केकै भोलिपल्ट हरोहर भनी दलको बँधुवा हुनबाट आफूलाई मुक्त गर्थे।

त्यसो त पञ्चायतकालमा पनि पञ्चायतवादी कथित प्राज्ञिक शिक्षक सङ्गोष्ठीले स्वाभिमानी शिक्षकहरूलाई थिचोमिचो गरेर पञ्चायतपरस्त हुन दबाब दिने काम पनि गरेकै हो। मुलुकमा आउने राजनीतिक परिवर्तनले शिक्षकहरूलाई पनि प्रभावित नपार्ने कुरा भएन। २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनः स्थापनापछि देशमा खुकुलोपन आएको थियो। गणतन्त्रपछि त झनै देशको वातावरण फेरिएको थियो। बहुदलपछि नै देशमा वैदेशिक रोजगारीको हावा चलेको थियो। कति शिक्षकहरू आफ्नो सट्टामा शिक्षक राखेर वैदेशिक रोजगारीमा गएका थिए। कोही असाधारण वेतलबी बिदामा र अझ कति त सेवाबाटै राजिनामा दिएर पनि परदेश हान्निएका थिए। त्यस्तै कति शिक्षकहरू खुला रूपमा राजनीतिक दलको पूर्णकालीन कार्यकर्ता भएर पनि हिंडे। अझ कति त शिक्षण पेसाबाटै राजिनामा दिएर राजनीतिमा होमिए। तीमध्ये कति शिक्षक सङ्घ, सङ्गठनको भरेङ चढेर वडासदस्यदेखि सांसद, मन्त्रीसम्म पनि भए। राजनीतिक पहुँच हुने कति शिक्षकहरूले दुर्गमको नियुक्ति लिएर सदरमुकाम र सहरमा काज मिलाएर पनि बसे। विभिन्न दलका नेताहरूले आफ्ना शिक्षकपत्नी र कतिले त आफ्ना प्रेमिकाहरूलाई पनि सदरमुकाम केन्द्रित गर्नुलाई सहज रूपमा लिइयो तर हामीहरू पेसा नै छोडेर अन्त कतै लागिएन। विद्यालयमा सीमित भएर आफ्नै पेसामा समर्पित भइ बसियो। महिनामा एकपटक घर जाँदा पालो मिलाएर पाँचसात दिन घरकाजमा भने बसिन्थ्यो।

यसरी नै दिनहरू बितिरहेका थिए, विद्यालय र घरको सेरोफेरोमा। एकपटक म घर आएको वेलामा भीम र चन्द्र दुईजनाले केके सल्लाह गरेछन्। म विद्यालय पुगेको साँझ खाना खाएर सुत्नुअघि चन्द्र कुमारले भन्यो, 'हेर पूर्णप्रसाद ! हामीले त जागिर छोडेर वैदेशिक रोजगारीमा

जाने निर्णय गर्‍यौँ । तिम्रो  के विचार छ ? हामीले भनेको मान्छौ भने तिमी पनि हामीसित हिँड ।'

मैले आफूले अस्वीकार मात्र गरिन, उनीहरूलाई पनि सम्झाएँ । मैले भनेँ, 'मेरो कुरा पनि सुन साथी हो ! हाम्रो सेवा सत्र-अठार वर्ष पुगिसकेको छ । यस्तो अवस्थामा किन जागिर छोड्ने ? म त जान्न यदि तिमीहरू नगई नछोड्ने हो भने पनि दुई वर्ष धैर्य गर अनि पेन्सन पकाएर जाओ, यसैमा तिमीहरूको कल्याण छ । नत्र भोलि रोडबाट उफ्रेको भ्यागुतो तातो कराइमा भनेजस्तो भयो भने पछुतो होला ।'

तर उनीहरूले मेरो कुरा फिटिक्कै मानेनन् । बरु मलाई नै उल्लीविल्ली पारे । भीमराजले भन्यो, 'कतिले वैदेशिक रोजगारीमा गएर त कतिले राजनीतिमा लागेर हात्तीको बोसो काढेर मालामाल भएको तिमीले पनि देखेकै हौला । ल, तिमी लिखाको बोसो काढेर बस्छौ भने बस, हामी त हात्तीको बोसो काढेरै छोड्छौँ ।' यसरी अठार वर्षको सेवालाई तिलाञ्जली दिएर उनीहरू अरबतिर उडे ।

दुई वर्षपछि मेरो बिस वर्षको सेवा पूरा भयो र म पेन्सन पाउने गरी स्वेच्छिक अवकाशमा निस्किएँ । केही समयपछि एक दिन पेन्सनपट्टा सोझ्याउन म सदरमुकामस्थित शिक्षा कार्यालयमा गएको थिएँ । भीम र चन्द्र पनि उपादानको कागजपत्र मिलाउन त्यहाँ अएका रहेछन् । हामीले एक छिन सुखदुःखका कुरा गर्‍यौँ तर उनीहरूको हालत खराब थियो । उनीहरूले धेरै धोका पाएछन् । दलालले उनीहरूलाई राम्रैसँग ठगेछ । जुन कामका लागि भनेर गएका थिए त्यो काम उनीहरूले पाएनछन् । कम्पनी पनि राम्रो परेनछ । स्टोरकिपरको काम भनेर रमाउँदै गएका उनीहरूलाई उता पुगेपछि पचास डिग्रीको तातोमा लेबरको काममा जोताएछ कम्पनीले । बिचराहरूलाई अरब जाँदाको ऋण तिर्न पनि हम्मे परेछ दुई वर्षको कमाइले । अनि त कताको हात्तीको बोसो काढ्नु ? छुट्टिने वेलामा चन्द्र र भीमले एकै स्वरमा मलाई भने, 'तिमीले भनेको नमान्दा हामीले कुकुरले नपाउने दुख पायौँ ।'

❑ गीत



❖ माणिकरत्न शाक्य

## सहिदिन्छु सबै सबै

सहिदिन्छु सबै सबै
तिमीले लाएका बातजति
सहिदिन्छु सबै सबै
तिमीले दिएका घातजति
सहिदिन्छु...

भागीदार तिमी पनि छौ
मलाई चोट दिनुबिच
दिएनौ तिमीले न्याय त
मलाई घाइते पार्नुबिच
सहिदिन्छु...
भुल भयो तिमीसँग मेरो
माया मिलाएर बाँच्नखोज्नु
भुल भयो तिमीसँग मेरो
विष पिलाएर मार्नखोज्नु
सहिदिन्छु...।



❖ रामकुमार दिल्लगी

# एक साँझ

भत्किँदै गरेका कसमहरूको बस्ती
निखिँदै गरेका फूलहरूको सुन्दरता
र एक हुल चराहरूको झुण्ड...


बाटाहरूजस्तो निक्कै परसम्म पुगेर
हवाइजहाजले आकाश छिनालेजस्तै
घरको धुरीबाट खसेको
पानीको थोपाले जमिन खोतलेजस्तै
बोकेर यादका ढाकर
उक्लिनु छ अनुहारजस्तो पहाड
र फेरि कागजको पानीजहाजजस्तो
तैरिँदा तैरिँदै भिजेर
सकिनु छ बिच समुद्रमा ।

एक साँझ
बोकेर किनारजस्ता यादहरू
आँखाको बार्दलीबाट खस्ने हरजून
र तिम्रो लाल्टिनजस्तो सम्झना ।
त्यो साँझ
सुनसान गल्लीको ढोका ढक्ढक्याउँदै
पखालिएको माटोमा
छालहरूले लेख्ने कविताजस्तै
तिमी पनि आउँछौ
पातको डालीमा टल्किएको पानीको थोपा भएर ।

म भन्छु
यात्रा अझै बाँकी छ
सपनाको रेल अझै उकालो चढ्दै छ
तर तिमीविना
हरेक स्टेसन अधुरो, हरेक टिकट अधुरो !
अन्ततः
साँझको त्यो गोधूलि रङमै
मैले बुझेँ
सम्झना भनेको समयको जेल होइन
यो त कविताको अमर रूप हो ।

त्यसैले
साँझ ढल्के पनि
अन्धकारले कहिल्यै जित्दैन
किनभने तिमीलाई सम्झेर लेखिएका
हरेक शब्द
हरेक रूपक
साहित्यको आकाशमा
सधैँ उज्यालो भएर बाँकी रहन्छन् ।

**हार्दिक श्रद्धाञ्जली**



**योगी प्रकट आनन्द (पिताम्बर प्रकट)**
निधन: २२ कात्तिक २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# साहित्य सन्ध्याको ४६९ औं नियमित मासिक शृङ्खला सम्पन्न

२०८२ कार्तिक १ गते मध्याह्न १२ बजे गुगलमिटका माध्यमबाट साहित्य सन्ध्याको नियमित मासिक ४६९ औँ शृङ्खलामा 'शुभकामना कविगोष्ठी'को आयोजना गरिनुका साथै भरखरै असोज २५ गते शनिबार आयोजना गरिएको 'साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान' अर्पण समारोहको समीक्षासमेत गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहको प्रमुख अतिथि गङ्गाप्रसाद उप्रेती उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा प्रा.डा.जीवेन्द्र देव गिरी, प्रा.डा.कृष्णप्रसाद घिमिरे, प्रा.जगत् उपाध्याय 'प्रेक्षित', प्रा.डा.हेमनाथ पौडेल, वासुदेव अधिकारी, राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष नर्मदेश्वरी सत्याल, डा.कृष्ण सुवेदी, गायत्रीकुमार चापागाईँ, डम्बर पहाडी, डा. गोविन्दप्रसाद आचार्य, महेशराज खरेल, गोपाल बराल, रामदेव पाण्डेय, त्रिलोचन आचार्यलगायतको उपस्थिति रहेको थियो ।

दुई सत्रमा आयोजना गरिएको उक्त समारोहमा पहिलो सत्रमा वरिष्ठ साहित्यकार एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति गङ्गाप्रसाद उप्रेतीले साहित्य सन्ध्यासँगको सहकार्यमा स्थापना गर्नुभएको रु.पचास हजार राशिको 'साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान' पहिलोपटक यही २०८२ असोज २५ गते नेपाल प्रज्ञा-प्रतिष्ठानको लेखनाथ कक्षमा आयोजना गरी प्रा.डा.वासुदेव त्रिपाठीलाई अर्पण गरिएकोमा गङ्गाप्रसाद उप्रेती, प्रा.डा.हेमनाथ पौडेल, प्रा.जगत् उपाध्याय 'प्रेक्षित', वासुदेव अधिकारीद्वारा उक्त समारोहको समीक्षा गरियो ।



पहिलो सत्रकै निरन्तरतामा थालिएको दोस्रो सत्रको समारोहमा गङ्गाप्रसाद उप्रेती, प्रा.डा.जीवेन्द्र देव गिरी, प्रा.डा.कृष्णप्रसाद घिमिरे (नेपालगन्जबाट), प्रा.डा.हेमनाथ पौडेल, प्रा.जगत् उपाध्याय 'प्रेक्षित', राम विनय, जयन्ती स्पन्दन, प्रशान्त खरेल, गोपालकुमार मैनाली, गायत्री चापागाईँ, डम्बर पहाडी (इलामबाट), ओमप्रसाद कोइराला, डा.कृष्ण सुवेदी, कुमार नेपाल, नर्मदेश्वरी सत्याल, महेशराज खरेल, डा.गोविन्दप्रसाद आचार्य, रामदेव पाण्डेय, त्रिलोचन आचार्य, गोपाल बराल, रमेश पोखरेलले आआफ्ना कविता, गीत, गजल, एलाक वाचन गर्नुभएको थियो भने प्रा.जगत् उपाध्याय 'प्रेक्षित'ले वाचित रचनाको विशद समीक्षा गर्नुभएको थियो ।



# कवि सामान्य मान्छे मात्र नभएर द्रष्टा पनि हो

❖ **डा. लेखराज खतिवडा**

अविरल जनसाहित्य यात्राको यो सोद्देश्यमूलक अभियान १०० औँ शृङ्खलामा पुगेको छ र आजको यो समारोह विशेष समारोहका रूपमा आयोजना भएको छ। यो अभियानसँग आयोजक नै भएर सुरुदेखि नै जोडिएको आफूले आज समीक्षकका रूपमा उभिने जिम्मेवारी पाएको र यो अभियानअन्तर्गतको आजको यो भव्य समारोहमा उपस्थित भएर अहिलेको समयकी प्रखर प्रगतिवादी स्रष्टा भवानी पाण्डेका एक दर्जन कविता सुन्ने र ती कवितामाथि टिप्पणी गर्ने अवसर पाउँदा भने खुसी पनि लागेको छ। नेपाली कविता, बालकविता, नाटक लेखन, शिक्षण पेसा तथा समाजिक रूपान्तरण अभियानमा सक्रिय रहेकी भवानी पाण्डेको कविता सिर्जनायात्रा सरल छ, समयसापेक्ष छ। यी कविताका आधारमा भवानी पाण्डे प्रगतिवादी कवि हुन्। कवि सामान्य मान्छे मात्र नभएर द्रष्टा पनि हो।

आज वाचित बारओटा कवितामा पाण्डेले समाजमा पीडकहरू खुसी छन्, छाती फुलाएर हिँडिरहेका छन् तर पीडित दुःखी र प्रताडित छन् भन्ने यथार्थलाई कवितामा उतारेकी छिन्। पसिना बेच्नेहरू उपेक्षित रहेका, नारी उत्पीडन जस्ताको तस्तैरहेकोप्रतिकवितामाचिन्ताभावव्यक्तगरिएको छ। सबै कवितामा देशभक्तिलाई सशक्त रूपमा उजागर गरिएको छ। सामाजिक विकृतिको अन्त्यका प्रयत्न नगरेका कारण शासकलाई खबरदारी गरिएको छ। मुलुक बनाउनका लागि विदेशीको दान होइन स्वदेशीले नै योगदान गर्नुपर्ने विचारका साथ दान अस्वीकार गर्न आग्रह गरिएको छ। गणतन्त्रका कमजोरीको फाइदा उठाएर व्यवस्थाकै विरुद्धमा विषवमन गर्नेहरूको विरुद्धमा आक्रोश व्यक्त गरिएको छ। यो मुलुकलाई समृद्ध पार्न सबै सबैले आआफ्ना ठाउँमा जिम्मेवार भएर काम गर्नुपर्ने आह्वान गरिएको छ। पारिवारिक विखण्डन र अभिभावक वा आमाबुबाको अपहेलना अहिलेको डरलाग्दो समस्या हो भन्ने देखाउँदै संयम र जिम्मेवारीबोधको आह्वान गरिएको छ।

कवि पाण्डे मूलतः गद्यकवि भए पनि शास्त्रीय छन्द तथा झ्याउरे छन्दमा प्रयास गरे सफलता मिल्ने देखिन्छ। सचेत र बौद्धिक कवि भएका नाताले नेपाली समाजको जीवन्त चित्रण गर्दै सुधार तथा रूपान्तरणको अपेक्षा सबै कवितामा गरिएको छ। वर्तमानमा विश्व साँघुरिएको र युद्धको त्रासदी मडारिएको प्रति पनि सिर्जना गर्न र विश्वदृष्टिकोणसहित अझ परिष्कार गर्दै सिर्जनायात्रा अघि बढाउन स्रष्टालाई अनुरोध पनि गर्दछु। आजको यो विशेष समारोहमा कविता सुन्ने र आफ्ना धारणा राख्नेसमेतको अवसरले मलाई गौरवानुभूति भएको छ।

*-रमेश पोखरेल (डा.लेखराज खतिवडाले अविरल जनसाहित्य यात्राको १०० औँ विशेष समारोहमा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*